जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

सफा सुग्घर घर आँगन सफा स्वच्छ बाटो
पूर्ण सरसफाइ उन्मुख बन्दैछ चाँगुनारायणको माटो ।

सफा रहौं, स्वस्थ बनौं
Steering Committee for National Sanitation Action, Nepal

# पूर्ण सरसफाइ रणनीतिक योजना-२०७५

# Total Sanitation Strategic Plan- 2018




## नगर स्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति

## Municipality Water Sanitation and Hygiene Coordination Committee

चाँगुनारायण नगरपालिका, भक्तपुर

**सर्वाधिकार**:
**नगर स्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति,**
**चाँगुनारायण नगरपालिका, भक्तपुर**

**प्रकाशक**:
**नगर स्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति,**
**चाँगुनारायण नगरपालिका, भक्तपुर**

**प्रकाशन सहयोगी**:
**GSF/UN HABITAT,**
झम्सिखेल, ललितपुर

**युवा कृयाकलाप समाज (SOYA)**
सल्लाघारी, भक्तपुर

**प्रकाशन प्रति**: ५०० प्रति

**प्रकाशन मिति**: २०७५ भाद्र

**डेक्सटप**: मिडिया प्लस
भक्तपुर, मिवाछें
९८४१६२०६९१

**मुद्रण**: इन्द्रेनी छापाखाना
भक्तपुर, मिवाछें
९८५१०९०१४०

मा. बीना मगर
मन्त्री
खानेपानी मन्त्रालय
Hon. Bina Magar
Minister
Ministry of Water Supply

नेपाल सरकार
Government of Nepal

सिंहदरबार, काठमाडौं, नेपाल
Singha Durbar, Kathmandu, Nepal

मिति: २०७५/०४/२२
Date:

नेपाल सरकार खानेपानी तथा सरसफाइ मन्त्रालय सिंहदरबार

प.सं.:
च.नं.:

विषयः- शुभकामना

स्वच्छ पिउनेपानी मा पहुंच भएको पूर्ण सरफाइयुक्त समाजनै समृद्ध मुलुकको प्रमुख आधारशिला हो । यस आधार तयार गर्नका लागि नेपाल सरकारले सन् २०३० सम्म देशलाई दिगो सरसफाई उन्नमुख राष्ट्र बनाउने लक्ष्य लिएकोछ । यस लक्ष्यलाई साकार पार्न सरसफाई गुरु योजना, २०६८ अन्तर्गत सम्बन्धित सरोकारवाला निकायहरुबाट सरसफाई प्रवर्द्धनका कार्यक्रमहरु सञ्चालन भईरहेको व्यहोरा विदितै छ ।

चाँगुनारायण नगरपालिका स्तरीय खानेपानी तथा सरसफाई स्वच्छता समन्वय समितिले **"सफा सुग्गर घर आँगन सफा स्वच्छ बाटो, पूर्ण सरसफाई उन्मुख बन्दैछ चाँगुनारयणको माटो"** भन्ने नाराका साथ सफा तथा स्वच्छ नगरक्षेत्र विकास गर्ने र वि.सं. २०७८ सम्म पूर्ण सरसफाई उन्मुख नगरपालिका घोषणा गर्ने उद्देश्यका साथ नगरपालिका पूर्ण सरसफाई रणनीतिक कार्ययोजना प्रकाशन गर्न लागेकोमा असाध्यै खुशी लागेको छ । यो अभियानमा मेरो पूर्ण सहयोग रहने प्रतिवद्दता व्यक्त गर्दछु ।

नगरपालिकास्तरमा सरसफाइ प्रवर्धन सम्बन्धी क्रियाकलापको समग्र योजना तर्जुमा, अनुगमन तथा सुपरीवेक्षण गर्ने कार्यको दायित्व नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समितिको रहेता पनि दिगो सरसफाइ उन्मुख राष्ट्र बनाउने संकल्पमा समग्र सरोकारवालाहरुको सामुहिक प्रयत्नबाट मात्र संभव छ । यहि प्रयासमा प्रकाशोन्मुख रणनीतिक कार्ययोजनाले आफ्ना घोषित लक्ष्य हासिल गर्न यस कार्यमा संलग्न निकायहरुको भुमिका र जिम्मेवारी तथा कर्तव्य प्रष्ट पार्नुका साथै सरोकारवालाहरुलाई ठोस मार्गदर्शन प्रदान गर्ने विश्वास लिएकी छु ।

स्वच्छता हासिल गर्ने यस नगरपालिकाको वृहद अभियानले यस विषयका समस्या र चुनौतिका पहाड छिचोल्दै सरोकारवालाहरुको सामूहिक प्रयत्नवाट यसका लागि तयार गरिएका रणनीतिक योजना र कार्यक्रमको सफल कार्यान्वय मार्फत स्वच्छता कायम गर्न सफलता प्राप्त होस भन्ने छुभेच्छा सहित चाँगुनारायण नगरपालिकाले वि.सं. २०७६ चैत्र मसान्तभित्र स्वच्छ नगर क्षेत्र विकास गर्ने र २०७८ सम्म पूर्ण सरसफाई उन्मुख नगरपालिका घोषणा गर्ने उद्देश्यले पूर्ण सरसफाई रणनीतिक कार्ययोजना तयार गरी प्रकाशन गर्न लागेकोमा सो कार्यको पूर्ण सफलताको लागि शुभकामना समेत व्यक्त गर्दछु ।

धन्यवाद

२०७५/०४/२२
..................
विना मगर
खानेपानी मन्त्री

मा. बीना मगर मन्त्री

प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

**मुख्यमन्त्री**

**विषय :-** **शुभकामना**

चाँगुनारायण नगरपालिका स्तरीय खानेपानी तथा सरसफाई स्वच्छता समन्वय समितिले ***"सफा सुग्गर घर आँगन सफा स्वच्छ बाटो, पूर्ण सरसफाई उन्मुख बन्दैछ चाँगुनारायणको माटो"*** भन्ने नाराका साथ सफा तथा स्वच्छ नगरक्षेत्र र वि.सं २०७८ सम्म पूर्ण सरसफाई उन्मुख नगरपालिका घोषणा गर्ने उद्देश्यका साथ **नगरपालिका पूर्ण सरसफाई रणनीतिक कार्ययोजना** प्रकाशन गर्न लागेकोमा खुशी लागेको छ ।

नेपाल सरकारले सन् २०३० सम्म देशलाई दिगो सरसफाई उन्मुख राष्ट्र बनाउने लक्ष्य राखेको छ । यस लक्ष्यलाई साकार पार्न सरसफाई गुरु योजना, २०६८ अन्तर्गत सम्बन्धित सरोकारवाला निकायहरुबाट सरसफाई प्रवर्द्धनका कार्यक्रमहरु सञ्चालन भईरहेका छन् । नगरपालिकास्तरमा सरसफाइ प्रवर्धन सम्बन्धी क्रियाकलापको समग्र योजना तर्जुमा, अनुगमन तथा सुपरीवेक्षण गर्ने कार्यको दायित्व नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समितिको रहेता पनि दिगो सरसफाई उन्मुख राष्ट्र बनाउने संकल्प नगरपालिकाको एकल प्रयासबाट मात्र संभव हुँदैन । प्रकाशोन्मुख रणनीतिक कार्ययोजनाले घोषित लक्ष्य हासिल गर्न नगरपालिका, गैरसरकारी संघसंस्था, टोल विकास संस्था, नागरिक लगायत सरसफाईमा संलग्न निकायहरुको भुमिका र जिम्मेवारी प्रष्ट पार्नुका साथै सरोकारवालाहरुलाई ठोस मार्गदर्शन प्रदान गर्ने विश्वास लिएको छु ।

साथै, चाँगुनारायण नगरपालिकाले वि.सं २०७६ चैत्र मसान्तभित्र स्वच्छ नगर क्षेत्र र २०७८ सम्म पूर्ण सरसफाई उन्मुख नगरपालिका घोषणा गर्ने उद्देश्यले पूर्ण सरसफाई रणनीतिक कार्ययोजना तयार गरी प्रकाशन गर्न लागेकोमा प्रकाशन सफलताको शुभकामना व्यक्त गर्दछु । धन्यबाद

**मिति : २०७५ श्रावण १७ गते**

**डोरमणि पौडेल**

जिल्ला समन्वय समितिको कार्यालय, भक्तपुर
३ नं. प्रदेश, नेपाल

मितिः २०७५।४।१४

प.सं.: २०७५।७६

च.नं.: ५८

विषयः **शुभ कामना**

चाँगुनारायण नगरपालिका स्तरिय खानेपानी तथा सरसफाई स्वच्छता समन्वय समितिले आफ्नो नगरपालिकालाई आगामी २०७६ चैत्र मसान्तभित्र "सफा सुग्घर घर आँगन सफा स्वच्छ बाटो, पूर्ण सरसफाई उन्मुख बन्दैछ चाँगुनारायणका माटो" भन्ने नारा सहितको सफा तथा स्वच्छ नगरक्षेत्र र २०७८ सम्ममा पूर्ण सरसफाई उन्मुख नगरपालिका घोषणा गर्ने उद्देश्यका साथ नगरपालिकाको "पूर्ण सरसफाई कार्ययोजना" प्रकाशन गर्न लागेकोमा खुशी लागेको छ ।

चाँगुनारायण नगरपालिकाले भक्तपुर जिल्लामा पहिलो पूर्ण सरसफाई उन्मूख नगरपालिका घोषणा गर्ने पवित्र उद्देश्य लिएर दीगो वातावरण संरक्षणको लागि खानेपानी, सरसफाई तथा स्वच्छता योजना सञ्चालन गर्न महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ । सो कार्यलाई पूर्णता दिनका लागि प्रस्तुत कार्ययोजना सहयोगी हुने अपेक्षा गर्दछु ।

अन्तमा, त्यस नगरपालिकाले सरसफाई उन्मूख नगर घोषणा गरी दीगो वातावरण संरक्षणलाई निरन्तरता सकोस् भन्ने कामना गर्दछु । अन्त्यमा, त्यस वडाको उत्तरोत्तर प्रगतिको समेत कामना गर्दछु ।

(नवराज गेलाल)
प्रमुख

नवराज गेलाल
प्रमुख

नेपाल सरकार
खानेपानी मन्त्रालय
खानेपानी तथा ढल निकास विभाग
# खानेपानी तथा सरसफाई डिभिजन कार्यालय
भक्तपुर

फोनः ५०९२३४८
५०९२३२३

प.सं. ०७५/०७६
च.नं. ४२

मितिः २०७५/०४/२६

**विषयः** शुभकामना

मानव स्वास्थसंग प्रत्यक्ष सरोकार राख्ने सरसफाइ कार्यक्रम, अभियानको रुपमा सञ्चालन गर्न **"सफा सुग्घर घर आँगन सफा स्वच्छ बाटो पूर्ण सरसफाइ बन्दैछ उन्मुख चाँगुनारायणको माटो"** भन्ने मुल नाराका साथ चाँगुनारायण नगरपालिकाको पूर्ण सरसफाइ रणनीतिक योजना-२०७५ प्रकाशनका लागि अगाडी बढेकोमा ज्यादै खुसी लागेको छ । यस रणनीतिक योजनालाई वास्तविक धरातलमा उतारी परिणाममुखी बनाउन तथा सम्पूर्ण चाँगुनारायणवासी कै आत्म सम्मान, इज्जत, मान प्रतिष्ठा र गौरबको विषयवस्तुको रुपमा अनुसरण गर्न विगतमा खुला दिसा मुक्त अभियानझैं कोसेढुङ्गा साबित हुन सकोस ।

प्रस्तुत रणनीतिक योजनाले लक्षित उद्देश्यहरु पूरा गर्ने तर्फ विश्वस्त हुन सकिने आधार तयार रहेको नै देखिन्छ । यद्यपी, पूर्ण सरसफाइको कार्य व्यवहाररत परिवर्तनसंग निर्भर रहने विषय पनि हो । रणनीतिक योजनाले धेरै विषय वस्तुहरु समेटेको छ । यो योजना तयार गर्न अहोरात्र खट्नु हुने एमवाससिसीका पदाधिकारी ज्यूहरु, कार्यदलका पदाधिकारी ज्यूहरु, विकास साझेदार निकायहरु लगाएत यस कार्यमा संलग्न सबै प्रति धन्यबाद ज्ञापन गर्न चाहन्छु । यो योजनाले वि.स. २०७८ सम्ममा पूर्ण सरसफाइ उन्मुख चाँगुनारायण नगरपालिका बनाउने लक्ष्य पुरा गर्नमा सबै सरोकारवालाहरुवाट सहयोग पुगी कार्यान्वयनमा पूर्ण सफल्ता प्राप्त होस् भनी शुभकामना व्यक्त गर्न चाहन्छु । धन्यबाद ।

शिवेन्द्र झा
डिभिजन प्रमुख
खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, भक्तपुर

☎: ६६१४८०९

# चाँगुनारायण नगरपालिका

नगरकार्यपालिकाको कार्यालय
खरिपाटी, भक्तपुर
३ नं. प्रदेश, नेपाल

## प्रतिवद्धता

सम्पूर्ण चाँगुनारायण नगरपालिका क्षेत्रलाई पूर्ण सरसफाईयुक्त बनाउने उद्देश्य कार्यान्वयन गर्न नगरस्तरीय सरसफाई तथा स्वछच्ता समन्वय समितिले तयार गरेको पूर्ण सरसफाई रर्णनितिक योजनालाई पुस्तिकाको रुपमा प्रकाशन गर्न लागेको कुरा सम्पूर्ण नगरबासीमा सूचित गराउन चाहन्छु। यस रर्णनितिले अभिलम्बन गरेको उद्देश्य र नितिको प्राप्तीको लागि नगरवासी, वातावरण सरसफाई तथा स्वच्छता सँग सरोकार राख्ने सम्पूर्ण निकायहरुबाट सहयोगको लागि अनुरोध गर्न चाहन्छु। साथै यस रर्णनितिक योजना समग्र नगरपालिकाको सरसफाइ र स्वच्छताको क्षेत्रमा पहिलो पाइला बन्न सकोस भन्ने शुभेच्छा व्यक्त गर्दछु ।

आज मुलुक एक विकासशील राष्ट्रको रुपमा अगि बढी रहेको अवस्थामा नवनिर्माण एवं पुननिर्माणले अभियानको रुप लिदै गएको कुरामा दुईमत रहदैन । संयुक्त राष्ट्र संघले सन् २०१६ मा २०३० सम्मको लागि अभिलम्बन गरेको दिगो विकासको १७ वटा लक्ष्य मध्ये करिव ६ वटा लक्ष्य सरसफाई र स्वच्छताको प्रत्यक्ष सरोकार रहेको देखिन्छ । यस परिपेक्षमा सरसफाई एवं वातावरण स्वच्छतालाई पनि सँगसँगै हातेमालो गरेर अघिबढे मात्र दिगो विकासको लक्ष्य प्राप्त हुनेछ ।

सन् २०३० सम्म नेपाललाई पूर्ण सरसफाई युक्त मुलुक बनाउने लक्ष्य प्राप्तीको अभियानको रुपमा यस नगरलाई पनि सफा र स्वच्छ बनाउन मन, वचन र कर्मले यस रणनितिलाई कर्तव्य र जिम्मेवारी पूर्वक पूर्णरुपमा पालना गर्न गराउन प्रतिवद्धता जाहेर गर्दछु र सबै क्षेत्रबाट सोही अपेक्षा गर्दछु ।

सोम प्रसाद मिश्र
नगर प्रमुख

UN-HABITAT
FOR A BETTER URBAN FUTURE
United Nations Human Settlements Programme
Jhamsikhel, Lalitpur
P.O. Box 107, Kathmandu, NEPAL
Tel: +977-1 5551091, Fax: +977-1 5013677
unhabitat.nepal@unhabitat.org.np,
www.unhabitat.org | www.unhabitat.org.np

# शुभकामना

मानव स्वास्थसँग प्रत्यक्ष सरोकार राख्ने सरसफाइ प्रवर्द्धन कार्यक्रम अन्तर्गत खुला दिसामुक्त अभियान सफलतापूर्वक सन्चालन गरी दशौं खुला दिसामुक्त जिल्लाको रुपमा घोषणा हुन सफल यस भक्तपुर जिल्ला पूर्ण सरसफाइको अभियानमा समाहित भई क्रियाशील रहेको छ । यसै सन्दर्भमा सो अभियानलाई सफल बनाउन "सफा सुग्घर घर आँगन सफा स्वच्छ बाटो, पूर्ण सरसफाइ उन्मुख बन्दैछ चाँगुनारायणको माटो" भन्ने मुल नाराका साथ चाँगुनारायण नगरपालिकाको पूर्ण सरसफाइ रणनीतिक योजना-२०७५ निर्माण भएकोमा हामीलाई ज्यादै खुसी लागेको छ । यस रणनीतिक योजनालाई वास्तविक धरातलमा उतारी परिणाममुखी बनाउने कार्यमा चाँगुनारायणसँग सम्बन्धित सम्पूर्ण सरोकारवालाहरु सफल हुनेछन् भन्ने दृढ विश्वास लिएको छु । सम्पूर्ण चाँगुनारायणबासीकै आत्मसम्मान, इज्जत, मान प्रतिष्ठा र गौरवको बिषयवस्तुको रुपमा रहेको यो अभियान खुला दिसामुक्त चाँगुनारायणको दिगो व्यवस्थापनको लागि कोसेढुङ्गा साबित हुन सक्ने देखिन्छ ।

प्रस्तुत रणनीतिक योजनाले लक्षित उद्देश्यहरु पूरागर्ने तर्फ विश्वस्त हुन सकिने थुप्रै आधारहरु देखिन्छन् । तथापि पूर्ण सरसफाइको कार्य खुलादिसा मुक्त अभियान भन्दा बढि जटिल र सदियौं देखिको मानव बानी व्यवहार परिवर्तनसँग सम्बन्धित कुरा भएकोले यस अभियान सफल बनाउन थुप्रै चुनौतीहरु नभएका पनि होईनन् । यी सम्पूर्ण चुनौतीहरुलाई चिर्दै बि.सं. २०७८ सम्ममा पूर्ण सरसफाइ उन्मुख चाँगुनारायण नगरपालिका बनाउने लक्ष्य पुरा गर्नमा यो रणनीतिक योजना पूर्ण रुपमा सफल होस् भनी शुभकामना व्यक्त गर्न चाहन्छु ।

धन्यबाद ।

**मिति २०७५/०४/२३**

Sudha

(सुधा श्रेष्ठ)
कार्यक्रम प्रवन्धक
ग्लोवल स्यानिटेसन फण्ड कार्यक्रम
यु.एन.ह्याविटाट, पुल्चोक लालितपुर
UN-HABITAT
FOR A BETTER URBAN FUTURE

# युवा कृयाकलाप समाज
# Society for Youth Activity

Bhaktapur
2051

D.A.O.Reg No.127
S.W.C. Reg No. 2625

President
RadhyaShyam Duwal

Past President
Pahalman Shrestha

Vice President
Pashupatiman Thaku

Secretary
Bijaya Lohala

Treasurer
Daya Prasad Nyaichyai

Members

Ganesh Bhakta Shilpakar
Gokul KC
Bhuban Shilpakar
Samjhana Wagle
Rekha Pariyar

## हार्दिक शुभकामना

चाँगुनारायण नगरपालिका स्तरिय खानेपानी सरसफाई तथा स्वच्छता समन्व समितिले पूर्ण सरसफाई सम्बन्धि रणनितीक कार्ययोजना तयार गरी प्रकाशन गर्न लागेको जानकारी पाउँदा हामीलाई खुशी लागेको छ ।

मानवीय जिवनको हरेक समयमा अत्यन्त महत्व रहेको सरसफाईले हाम्रो दैनिक जिवनमा प्रत्यक्ष असर गरिरहेको हुन्छ । व्यक्तिगत सरसफाईको साथै वातावरणीय सरसफाई सहित पूर्ण सरसफाई युक्त समाजको परिकल्पनालाई साकार रुप दिन हामी सबै सामूहिक अवधारण सहित लाग्नु जरुरी छ ।

खुल्ला दिसा मुक्त जिल्ला घोषणा पछि पूर्ण सरसफाई युक्त जिल्ला बनाउने अभियान अन्तर्गत त्यस चाँगुनारायण नगरपालिका स्तरिय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समितिवाट प्रकाशन गर्न लागेको रणनीतिक कार्ययोजना पूर्ण कार्यान्वयनको हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।
धन्यवाद ।

मिति २०७५।०४।२६

राध्यश्याम दुवाल
अध्यक्ष

contact : email:soya_bkt@yahoo.com, soya.bkt@gmail.com, 6616971,9751007507

# xfdf] egf0{

भक्तपुर जिल्लाको चाँगुनारायण नगरपालिका खुल्ला दिशा मुक्त अवस्थाको पहिलो चरणको सफलता हासिल गर्दै संस्थागत विकासका साथै पूर्ण सरसफाइमा नेपालको राष्ट्रिय अभियानमा सहभागी भई यस नगरभित्र रहेका नौ वटै वडा, आफ्नो परिवार, समाजको गौरवको अनुभूति, इज्जत, प्रतिष्ठालाई आत्मसात् गरी, सम्मानजनक स्थान हासिल गर्न सरसफाइ सम्बन्धी बानी व्यवहारलाई आफ्नो नैतिक आचरण र संस्कारको रुपमा परिणाममुखी बनाउन यस महान अभियानमा नगर भित्र बसोबास गर्ने तपाईं हामी नगरवासी सचेत नागरिकहरुको हैसियत उजागर गर्ने अबको समय महत्वपूर्ण देखिन्छ । नेपाल सरकारको पूर्ण सरसफाइ मार्गदर्शन वि.सं.२०७३ ले सन् २०३० सम्म नेपाललाई पूर्ण सरसफाइ उन्मुख राष्ट्र बनाउने लक्ष्य अनुरुप यस चाँगुनारायण नगरपालिकालाई पूर्ण सरसफाइ क्षेत्र घोषणा गर्न नेपाल सरकारले तय गरेको योजना तर्जुमा तथा व्यवस्थापन, चर्पीको समुचित प्रयोग, व्यक्तिगत सरसफाइ, सुरक्षित खानाको प्रयोग, घरायसी एवं संस्थागत सरसफाइ र वातावरणीय सरसफाइलाई उद्देश्य सहित कार्ययोजना निर्माण गरी अघि बढ्नु पर्नेमा दुईमत हुँदैन ।

विश्व सम्पदा सूचीमा सूचीकृत चाँगुनारायण क्षेत्र ऐतिहासिक सम्पदा, धार्मिक क्षेत्र, नगरकोट पर्यटकीय क्षेत्र लगायत हाम्रो नगरपालिका क्षेत्र “सफा सुग्घर घर आँगन सफा स्वच्छ बाटो, पूर्ण सरसफाइ उन्मुख बन्दैछ चाँगुनारायणको माटो” भन्ने नारालाई पूर्णता दिन तपाईं हामी नगरवासीले मन बचन र कर्मले सहयोग गरी नौ वटै वडामा विविध कार्यक्रमहरु जनचेतना, जनसक्रियता, शिक्षालय, स्वास्थ्य केन्द्र, नगर भित्र रहेका विभिन्न कार्यालय, संस्था, कलकारखाना, उद्योगको अगुवाइमा पूर्ण सरसफाइ कायम राख्न यस रणनीतिक योजनाले विशेष भूमिका निर्वाह गर्ने अपेक्षा यस कार्यदलको रहेको छ । यस रणनीतिक योजना तयार पार्न UN-HABITAT, युवा कृयाकलाप समाज (SOYA) लगाएत अन्य संघसंस्थाको आर्थिक, भौतिक, नैतिक र प्राविधिक सहयोग उल्लेखनीय रहेको छ । यस रणनीतिक योजना तयार पार्न यस नगरपालिकाका नगर प्रमुख श्री सोम प्रसाद मिश्र, उप प्रमुख विना बास्तोला, नौ वटै वडाका वडाअध्यक्षहरु, नगर स्तरीय खाने पानी सरसफाइ तथा स्वच्छता समन्वय समितिका पदाधिकारी, सदस्य, कार्यदलमा रहनु भएका सदस्यहरुबाट यस रणनीतिक योजना तयार पार्न महत्वपूर्ण सल्लाह, सुझाव, सहयोगका साथै नगरपालिका क्षेत्र भित्रका सम्पूर्ण सरोकारवालाहरुबाट यस अभियानलाई पूर्णता दिन सहयोगको सदैव अपेक्षा गर्दछौं ।

यस रणनीतिक योजना तयार गरी यस नगरपालिकालाई पूर्ण सरसफाइ उन्मुख नगरपालिका बनाउन आर्थिक, भौतिक, प्राविधिक र विज्ञको रुपमा सल्लाह सुझाव दिनु हुने तपाईंहरु सम्पूर्ण आदरणीय व्यक्तित्वहरु तथा संघ संस्थाहरुलाई धन्यवाद व्यक्त गर्दछौ ।

रामेश्वर थापा
संयोजक
पूर्ण सरसफाइ रणनीतिक योजना तयारी कार्यदल

## परिभाषित शब्दावलीः

**सरसफाइः** मानव मलमूत्रको सुरक्षित विर्सजनका लागि सेवा र सुविधाहरुको व्यवस्थालाई सरसफाइ भनिन्छ। सरसफाइले फोहोरमैला संकलन र फोहोर पानीको विर्सजन मार्फत स्वच्छता कायमगर्नुलाई बुझाउँछ। जनस्वास्थ्य प्रवर्द्धनका लागि गरिएका विभिन्न स्वस्थकर क्रियाकलापहरुको समग्र कार्य सफाइ हो ।

**स्वच्छताः** स्वच्छता भन्नाले आफू र वरिपरिको वातावरण सफा गरी रोगको विस्तार रोक्नु र बिरामी हुनबाट बच्न अपनाइने सम्पूर्ण व्यवहारहरु हुन् । स्वच्छताले व्यक्ति र समुदायको आनीबानीलाई जनाउँछ ।

**सफा र स्वच्छ अवस्थाः** सफा र स्वच्छ चरणका सूचकहरु पुरा गरेपछि सम्बन्धित समन्वय समितिबाट अनुमोदन एवं प्रमाणीकरण भएको अवस्था ।

**पूर्ण सरसफाइ उन्मुख अवस्थाः** यस मार्गदर्शनमा उल्लिखित सफा र स्वच्छ , पूर्ण सरसफाइ उन्मुख दुबै चरणका सूचकहरु पूरा गरेपछि सम्बन्धित समन्वय समितिबाट अनुमोदन एवं प्रमाणीकरण भएको अवस्था।

**सार्वजनिक शौचालयः** सार्वजनिक स्थानमा हिंडडुल गर्ने जो कोही व्यक्तिले प्रयोग गर्न सक्ने प्रयोगकर्ता-मैत्री शौचालय हो ।

**संस्थागत शौचालयः** विद्यालय, कार्यालय, स्वास्थ्य संस्था जस्ता निकायहरुमा निमार्ण गरिएको प्रयोगकर्ता-मैत्री शौचालय हो ।

**सामाजिक समावेशीकरणः** समुदायका सबै लिंङ्ग, जात, जाति, वर्ग, धर्म, व्यवसाय र क्षेत्रका व्यक्तिको योजना तर्जुमा, निर्णय प्रक्रिया र सेवा सुविधामा पहुँच रहेको अवस्था बुझाउँछ ।

**विपद् व्यवस्थापनः** बाढी–पहिरो, आगलागि, भूकम्प, भूक्षय र रोगव्याधिजन्य महामारी जस्ता प्राकृतिक एवं मानव सृजित बिपद् सम्बन्धी पूर्व तैयारी, उद्धार, पुनर्लाभ, पुनर्स्थापना र पुनःनिर्माण व्यवस्थापनको समष्टिगत व्यवस्था हो ।

**प्रयोगकर्ता-मैत्री खानेपानी, सरसफाइ र स्वच्छता (वास)का सुविधाहरूः** शारीरिक रुपले असक्षम र अपाङ्गता भएका तथा बालबालिका,वातावरण, लैङ्गिक,जेष्ठ नागरीक आदि सबैलाई प्रयोग गर्न सजिलो हुने प्रयोगकर्ता-मैत्री (भन्नाले वातावरण, बाल, लैगिंक, अपाङ्गता र वृद्ध-प्रयोगकर्ता-मैत्री)वास सुविधाहरु ।

**बानी व्यवहार विकासः** शौचालयको प्रयोग, साबुन पानीले हात धुने, महिलाको महिनावारी (मासिक धर्म) व्यवस्थापन लगायत र अन्य सरसफाइ र स्वच्छता सम्बन्धी आनीबानीको निरन्तर प्रक्रिया हो ।

**दिगो सरसफाइः** स्वचालित र नियमित रुपमा सञ्चालित सरसफाइ हो ।

**सुरक्षित पानीः** मानव स्वास्थ्यलाई हानी गर्ने भौतिक,जैवीक र रासायनिक पदार्थहरु नरहेको पानी बुझिन्छ ।

**सरोकारवालाः** सरकारी, गैर सरकारी कार्यालय तथा निकाय, राजनीतिक दल, विद्यालय, सहकारी, निजी क्षेत्र, नागरीक समाज, आम संचार, उपभोक्ता समितिहरु लगायतका सरोकारवालाहरुलाई बुझाउने छ ।

**सरसफाइ सुरक्षा योजनाः** भान्सा कोठा र बाथ रुमबाट निस्केको फोहोरपानी (Gray Water), चर्पी/शौचालयबाट निस्केको फोहोरपानी (Black Water)र वर्षात्को फोहोरपानी (Storm Water)लगायत मानव मलमूत्रीय फोहोरलाई प्रशोधन गरी पुनःप्रयोग गर्ने व्यवस्थित पद्धति ।

# प्राक्कथन

भनिन्छ मानव सभ्यता समुन्द्रको किनारबाट शुरु भएको हो र समुन्द्र कै बाटो भएर यत्र तत्र फैलिन्छ। पानी तल बग्छ तर सभ्यता माथि माथि फैलिदै जान्छ। तर एकाइसौं शताब्दीमा आइ पुग्दा यो भनाइ खण्डित भएको पाइन्छ । सिल्क रोड जस्ता भू-मार्ग, हवाई मार्ग वा पछिल्लो समयमा बिद्युतीय मार्ग (इन्टरनेट)को माध्यमबाट मानव सभ्यता र सँस्कृतिको आवागमन तीब्र रुपमा हुदै गएको छ। अबको दुनियामा पूर्ण सरसफाइ युक्त समाज नै उन्नत सँस्कृति र सभ्यताको पर्यायवाचि हो ।

विकास निरन्तर प्रक्रिया हो । मानव सभ्यताको शुरुवात देखि आजको दिनसम्म आइपुग्दा समाजमा धेरै परिवर्तन आइसकेको छ । आफ्नै क्रियाशीलता बिना विकास संभव छैन भन्ने यथार्थलाई आत्मसात् गर्दै सम्पूर्ण समुदायहरु सकारात्मक परिवर्तनका लागि एक्येबद्धताका साथ अघि बढेका छन् । विगतमा बिशेष गरेर शिक्षा, स्वास्थ्य, खानेपानी, यातायात, सञ्चार जस्ता भौतिक पूर्वाधारको विकासको लागि मात्र प्रयत्नशील समाज सरसफाइका क्षेत्रमा भने आफ्नो तर्फबाट गर्न सकिनेसम्मको पनि पहल नगर्दा न्यून सरसफाइका कारणले लाग्ने झाडापखाला लगायतका पानीजन्य रोगबाट मानवीय क्षती ब्यहोर्दै आइरहेको कुरा हाम्रो सामु छर्लङ्ग छ ।

विगतमा भएका यस्ता कमी कमजोरीहरुलाई मनन गर्दै आजको समाज सरसफाइप्रति बढी सचेत हुँदै गइरहेको पाइन्छ । स्वस्थ तन र स्वच्छ जीवन बिना व्यक्तिगत र सामाजिक बिकास असम्भवप्रायः छ र त्यसका लागि आफूले गर्न सकिने क्रियाकलाप स्वतः स्फूर्त रुपमा आफै गर्नुपर्दछ भन्ने सन्देश अब प्रत्येक समुदायमा पुऱ्याउन जरुरी छ। यहि यथार्थलाई आत्मसात गर्दै अहिले नेपालमा सरसफाइको राष्ट्रिय अभियान चलिरहेको छ ।

सरसफाइ प्रत्यक्ष रुपमा हाम्रो स्वास्थ्य, प्रतिष्ठा र विकाससँग गाँसिएको छ। यसै हुनाले समुदायस्तर बाट जिल्ला र क्षेत्र हुदै राष्ट्रलाई नै स्वच्छ बनाउने अभियानमा हाम्रो यस चाँगुनारायण नगरपालिका पनि समाहित छ। स्वस्थ जीवन, सामाजिक प्रतिष्ठा र विकासका लागि समितिको पुनर्गठन र समितिको सक्रियता, घरघरमा चर्पी निर्माण र प्रयोग, साबुन पानीले हात धुने अभ्यास, पिउने पानीको सुरक्षित व्यवस्थापन र शुद्धिकरण, व्यक्तिगत, घरायसी र वातावरणीय सरसफाइ/स्वच्छता, ठोस तथा तरल फोहोर मैलाको उचित व्यवस्थापन, बाल, लैङ्गिक र अपाङ्ग मैत्री सुविधा सहितको पूर्ण सरसफाइयुक्त चाँगुनारायण नगरपालिका नै अबको हाम्रो चिनारी हुनेछ ।

खुला दिसामुक्त अवस्था पूर्ण सरसफाइको पहिलो चरण भएकोले समुदायमा दीगो सरसफाइ र स्वच्छता हासिल गर्नका लागि पूर्ण सरसफाइयुक्त अवस्थाको विकास गर्न अपरिहार्य हुन्छ । यस लाई पूर्ण सरसफाइयुक्त नगरपालिका घोषणा गरी उपलब्धी हाँसिल गर्ने सन्दर्भमा रहेका बाधा तथा चुनौतीहरुलाई मध्यनजर गर्दै विभिन्न तहका सरोकारवालाहरुले गरेका प्रयासहरुलाई मूलप्रवाहीकरण गर्न पूर्ण सरसफाइ रणनीतिक योजना बनाई लागू गर्नु अति आवश्यक देखिन आएको छ ।

अतः नगरपालिकास्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समितिले सरसफाइ प्रवर्द्धनको गतिलाई तीव्र पार्न तथा पूर्ण सरसफाइ सम्बन्धी प्रयासहरुमा चाँगुनारायण न.पा आफ्नो प्रतिवद्धतालाई मूर्तरुप दिन यो पूर्ण सरसफाइ रणनीतिक योजना तयार पारिएको हो ।

यस पूर्ण सरसफाइ रणनीतिक योजनाले सबै सरोकारवालाहरुलाई एकीकृत रुपमा सरसफाइ सम्बन्धी प्रभावकारी योजना तर्जुमा गर्न, बजेट व्यवस्था गर्न, मानव-स्रोत तथा साधन परिचालन गर्न, कार्यान्वयन, अनुगमन ,मूल्याङ्कन र त्यसको निरन्तरतामा मार्गदर्शन गर्ने विश्वास हामीले लिएका छौं । यस पूर्ण सरसफाइ रणनीतिक योजना मार्फत नगरमा सरसफाइको क्षेत्रमा अवलम्वन गरिदै आएका विभिन्न किसिमका पद्धति तथा कार्यप्रणालीहरुमा एकरुपता र गुणस्तरता कायम गर्दै खुला दिसामुक्तको अवस्थालाई दिगो बनाउदै सरसफाइ विकासको गतिलाई तीव्र पारी पूर्ण सरसफाइउन्मुख नगरपालिका बनाउने लक्ष्य हासिल गर्न सकिने विश्वास लिईएको छ ।

यस क्षेत्रमा विभिन्न सरकारी तथा गैर सरकारी क्षेत्र तथा निकायहरु आ-आफ्नै तरिकाबाट सरसफ( इको क्षेत्रमा क्रियाशिल रहदै आएका छन् । ती सबैलाई मूलप्रवाहमा ल्याई एकीकृत रुपमा व्यवस्थित रुपमा पूर्ण सरसफाइ रणनीतिक योजना बनाई एकीकृत रुपमै लागु गरी पूर्ण सरसफाइ उन्मुख नगरपालिका घोषणा गर्नु आजको सभ्य समाजको परिचय बन्न गएको छ ।

# बिषय सूची:

**बिषय** **पाना नं.**


**खण्ड १ : पृष्ठभूमि, चाँगुनारायण नगरपालिकाको परिचय र अवस्था :**

१.१ पृष्ठभूमि

१.२ चाँगुनारायण नगरपालिकाको परिचय

१.३ भौगोलिक अवस्थिति

१.४ जनसंख्या तथा शैक्षिक स्थिति

१.५ वडागत जनसंख्या तथा घरधुरी विवरण

१.६ स्वास्थ्यको अवस्था

१.७ स्वास्थ्य केन्द्रसम्म पुग्न लाग्ने समय र दुरी

१.८ वडामा देखिएको रोगहरुको प्रकार

१.९ फरक क्षमता भएको जनसङ्ख्याको अवस्था

१.१० वर्तमान अवस्थामा नगरपालिकाको खानेपानीमा पहुँच

१.१०.१ खानेपानीको स्रोतको अवस्था

१.१०.२ पानीको स्रोतमा पुग्न लाग्ने दुरी र समय

१.११ वर्तमान अवस्थामा नगरपालिकाको शौचालयको अवस्था

१.१२ नगरपालिका भित्रको घरधुरीहरुमा शौचालयको प्रयोगको अवस्था

१.१३ नगरपालिकामा जोखिम पूर्ण अवस्थामा साबुन पानीले हात धुने बानी

१.१४ वर्तमान अवस्थामा नगरपालिकाको ठोस फोहोर मैला व्यवस्थापनको अवस्था

१.१५ नगरपालिका भित्र घरायसी तहमा खानेपानी शुद्धीकरण गर्ने घरधुरीहरुको अवस्था

१.१६ खानाको स्वच्छताको अवस्था

१.१७ भाडा सुकाउने चाङ्गको अवस्था

१.१८ महिनावारी स्वच्छता सम्बन्धी ज्ञान

१.१९ घर आँगन सरसफाइको अवस्था

१.२० फोहोर मैला बर्गीकरणको अवस्था

१.२१ शौचालय सफा भएको घरधुरीको अवस्था

**खण्ड २ : पूर्ण सरसफाइ रणनीतिक योजना**

२.१ पूर्ण सरसफाइ रणनीतिक योजनाको पृष्ठभूमि

२.२ पूर्ण सरसफाइका सूचकहरु

२.३ शैक्षिक संस्थाहरुमा सरसफाइ र खानेपानीको अवस्था

२.४ नगर भित्र अवस्थित प्रमुख कार्यालयहरुमा सरसफाइ र खानेपानीको अवस्था

२.५ नगर तथा वडाक्षेत्रका प्रमुख बजार तथा व्यापारिक स्थलहरुको सरसफाइको अवस्था

२.६ नगरमा पूर्ण सरसफाइ अभियान सम्बन्धमा : सबल पक्ष, सुधार गर्नु पर्ने, अवसर र चुनौती पक्षको विश्लेषण

२.६.१ सबल पक्षहरु

२.६.२ सुधार गर्नु पर्ने पक्ष

२.६.३ अवसरहरु

२.६.४ चुनौतीहरु

२.७ नगरको सरसफाइ रणनीतिक योजना

**खण्ड ३ : पूर्ण सरसफाइ विकास रणनीतिक योजनाको परिकल्पना, नारा, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीतिहरू**

३.१ परिकल्पना

३.२ नारा

३.३ लक्ष्य

३.४ उद्देश्य

३.५ विशिष्ठ उद्देश्यहरु

३.६ रणनीति

३.७ कार्यनीतिहरु

**खण्ड ४: खानेपानी, सरसफाइ र स्वच्छता प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि पहिचान गरिएका क्षेत्रहरुको विश्लेषण तथा कार्य योजनाको तयारी**

४.१ खानेपानी,सरसफाइ तथा स्वच्छता समन्वय समितिहरुको संस्थागत सुदृढीकरण तथा क्षमता विकास

४.१.१ वर्तमान अबस्था

४.१.२ समस्या तथा चुनौतीहरु

४.१.३ संभावना तथा अवसरहरु

४.१.४ रणनीतिहरु

४.१.५ क्षेत्रगत उद्देश्य, नतिजा, सूचक तथा लक्ष्य तालिका

४.१.६ कार्य योजना

**४.२ बानी व्यवहार प्रवर्द्धनका लागि प्रवर्द्धनात्मक क्रियाकलाप सञ्चालन गर्ने**

४.२.१ वर्तमान अवस्था

४.२.२ समस्या तथा चुनौतीहरु

४.२.३ सम्भावना तथा अवसरहरु

४.२.४ क्षेत्र विकासका उद्देश्यहरु

४.२.५ रणनीतिहरु

४.२.६ क्षेत्रगत उद्देश्य, नतिजा, सूचक तथा लक्ष्य तालिका

४.२.७ कार्य योजना

**४.३ पानी र सरसफाइ जन्य रोगहरुमा वर्तमान अवस्थालाई कम गर्न आवश्यक क्रियाकलाप सञ्चालन गर्ने**

४.३.१ वर्तमान अवस्था

४.३.२ समस्या तथा चुनौतीहरु

४.३.३ सम्भावना तथा अवसर

४.३.४ रणनीतिहरु

४.३.५ उद्देश्य, नतिजा, लक्ष्य तालिका

४.३.६ : कार्ययोजना

**४.४ पूर्ण सरसफाइ उन्मुख नमुना समुदाय विकास**

४.४.१ वर्तमान अवस्था

४.४.२ समस्या तथा चुनौतीहरु

४.४.३ सम्भावना तथा अवसरहरु

४.४.४ रणनीतिहरु

४.४.५ क्षेत्र विकासको उद्देश्य, नतिजा र लक्ष्य तालिका

४.४.६ कार्य योजना

**४.५ शैक्षिक संस्थाहरुमा खानेपानी तथा सरसफाइ स्वच्छता प्रवर्द्धन**

४.५.१ वर्तमान अवस्था

४.५.२ समस्या तथा चुनौतीहरु

४.५.३ सम्भावना तथा अवसरहरु

४.५.४ रणनीतिहरु

४.५.५ क्षेत्र विकासको उद्देश्य, नतिजा र लक्ष्य तालिका

४.५.६ कार्य योजना

**४.६ कार्यालयहरुमा खानेपानी, सरसफाइ र स्वच्छता प्रवर्द्धन**

४.६.१ वर्तमान अवस्था

४.६.२ समस्या तथा चुनौती

४.६.३ सम्भावना तथा अवसर

४.६.४ रणनीतिहरु

४.६.५ उद्देश्य, नतिजा, लक्ष्य तालिका

४.६.६ : कार्य योजना

**४.७ सुरक्षित खानेपानीमा पहुँच वृद्धि र खानेपानी आयोजनाहरुको समुचित व्यवस्थापन तथा आयोजनाहरुमा खानेपानी सुरक्षा योजनाको कार्यान्वयन**

४.७.१ वर्तमान अवस्था

४.७.२ समस्या तथा चुनौतीहरु

४.७.३ सम्भावना तथा अवसरहरु

४.७.४ क्षेत्र विकासका उद्देश्यहरु

४.७.५ रणनीतिहरु

४.७.६ क्षेत्रगत सूचक तथा लक्ष्य तालिका

४.७.७ कार्य योजना

**४.८ बजार क्षेत्र तथा सार्वजनिक स्थलहरुमा पूर्ण सरसफाइ प्रवर्द्धन र सरसफाइ बजारीकरण**

४.८.१ वर्तमान अवस्था

४.८.२ समस्या तथा चुनौतीहरु

४.८.३ सम्भावना तथा अवसर

४.८.४ रणनीतिहरु

४.८.५ उद्देश्य, नतिजा, लक्ष्य तालिका

४.८.६ कार्य योजना

**४.९ जलवायु परिवर्तन तथा विपद् जोखिम न्युनीकरण**

४.९.१ वर्तमान अवस्था

४.९.२ समस्या तथा चुनौतीहरु

४.९.३ सम्भावना तथा अवसर

४.९.४ रणनीतिहरु

४.९.५ उद्देश्य, नतिजा, लक्ष्य तालिका

४.९.६ कार्ययोजना

**४.१० लैंगिक तथा सामाजिक समावेशीकरण र व्यवहार परिवर्तन**

४.१०.१ वर्तमान अवस्था

४.१०.२ समस्या तथा चुनौतीहरु

४.१०.३ सम्भावना तथा अवसर

४.१०.४ रणनीतिहरु

४.१०.५ उद्देश्य, नतिजा, लक्ष्य तालिका

४.१०.६ कार्य योजना

**४.११ ठोस तथा तरल फोहोर मैलाको समुचित व्यवस्थापन**
४.११.१ वर्तमान अवस्था
४.११.२ समस्या तथा चुनौतीहरु
४.११.३ सम्भावना तथा अवसर
४.११.४ रणनीतिहरु
४.११.५ उद्देश्य, नतिजा, लक्ष्य तालिका
४.११.६ कार्य योजना
**४.१२ मानवीय स्रोत साधन परिचालनको अवस्था**
**४.१३ आर्थिक स्रोत परिचालन**
**४.१४ समन्वय तथा सहकार्य**
**४.१५ अनुगमन तथा मुल्यांँकन, प्रमाणीकरण र घोषणा**
४.१५.१ वडा तथा वस्ती तहमा अनुगमन
४.१५.२ वडा तथा नगरपालिका तहमा
४.१५.३ विद्यालय, स्वास्थ्य संस्था, कार्यालय तहमा
४.१५.४ पूर्ण सरसफाइ प्रमाणीकरण एवं घोषणा
४.१५.५ घोषणा प्रक्रिया
**४.१६ अनुसूचीहरु :**
अनुसूची १ : सरोकारवालाहरुको भूमिका र जिम्मेवारी
अनुसूची २ : अन्तर्सम्बन्धीत बिषयहरु
अनुसूची ३ : सँस्थागत संरचना
अनुसूची ४ : नगरपालिका स्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समितिको कार्यहरु
अनुसूचि ५ : अनुगमनका सूचकहरु र प्रमाणीकरण गर्ने आधारहरु
अनुसूची ६ : अनुगमन फारामहरु :
६.१ : घरायसी तहमा प्रयोग गरिने अनुगमन फाराम
६.२ विद्यालय अनुगमन फाराम
अनुसूची ७ : सफा र स्वच्छ क्षेत्र घोषणा र पूर्ण सरसफाइ उन्मुख क्षेत्र घोषणा पश्चात (घर, स्थानीय तहका कार्यालय, सस्था वा न.पा. मा) टाँसिने स्टिकरको नमुना
अनुसूची ८ : वडागत रुपमा शौचालयको उपलब्धता
अनुसूची ९ : वडागत रुपमा शौचालयको प्रकार
अनुसूची १० : वडागत जातजातिहरुको विवरण

अनुसूची ११ : वडामा बोलचाल गर्ने भाषा सम्बन्धी विवरण

अनुसूची १२ : वडागत धर्मालम्बीहरुको विवरण

अनुसूची १३ : नगर स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति (M-WASH-CC) का पदाधिकारीहरुको विवरण

अनुसूची १४ : पूर्ण सरसफाइ रणनीतिक कार्ययोजना निर्माण समिति (कार्यदल)को विवरण

अनुसूची १५ : वडा स्तरिय खानेपानी, सरसफाइ तथा स्वच्छता अनुगमन समितिको विवरण

अनुसूची १६ : नगरमा खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा कार्यरत प्रमुख स्थानिय सङ्घ संस्थाहरुको विवरण

अनुसूची १७ : नगरमा अवस्थित प्रमुख कार्यालय र सम्पर्क व्यक्तिहरुको विवरण

अनुसूची १८ : चाँगुनारायण नगरपालिकामा अवस्थित सामुदायिक विद्यालयहरुको विवरण

अनुसूची १९ : पूर्ण सरसफाइ उन्मुख नगर घोषणाका लागि प्रतिवद्धता पत्र

अनुसूची २० : चाँगुनारायण नगरपालिकाको सरसफाइ आँचारसंहिता

अनुसूची २१ : नगरपालिकाको पूर्ण सरसफाइ रणनीतिक योजना निर्माणमा प्राबिधिक सहयोग गर्नु हुने व्यक्तिहरुको विवरण

अनुसुची २२ : चाँगुनारायण नगरपालिकाको जननिर्वाचित प्रतिनिधीहरुको विवरण

अनुसुची २३ : चाँगुनारायण नगर कार्यपालिका सदस्यहरुको विवरण

अनुसुची २५ : चाँगुनारायण नगरपालिकाको वडामा कार्यरत वडा सचिबहरुको विवरण

# खण्ड १ पृष्ठभूमि, चाँगुनारायण नगरपालिकाको परिचय र अवस्था

## १.१ पृष्ठभूमि :

नेपालमा सरसफाइ प्रवर्द्धन कार्यक्रम संयुक्त राष्ट्रसंघले सन् १९८० को दशकलाई खानेपानी तथा सरसफाइ दशकको रुपमा कार्य गर्न आह्वान गरे पश्चात् औपचारिक रुपमा सुरुवात भएको हो । विगतका दिनहरुमा यस क्षेत्रमा संलग्न संस्थाहरुले आ-आफ्नो संस्थाको सीमित स्रोत साधन र कार्य प्रक्रियामा आधारित सरसफाइका टुक्रे (Fragmented) कार्यक्रमहरु सञ्चालन गर्दै आएका थिए। सरसफाइ गुरु योजना, २०६८ को कार्यान्वयन पश्चात  हालका दिनसम्म आईपुग्दा स्थानीय निकायको नेतृत्वमा सामाजिक अभियानको रुपमा सरसफाइ प्रवर्द्धन कार्यक्रम सरोकारवालाहरुको समन्वय, सहकार्य र आवद्धतामा सञ्चालन भइरहेको छ । सरसफाइ र स्वच्छता प्रवर्द्धन गर्ने कार्य बहुआयामिक र बहुक्षेत्रगत सरोकारको विषयको रुपमा संस्थागत भई हाल (मिति २०७५ आषाढ मसान्त सम्म) ४०१ गाँउपालिका, २१५ नगरपालिका, ६० जिल्ला, प्रदेश ४, ६ र ७ तथा धवलागिरी, राप्ती र गण्डकी अञ्चल खुला दिसामुक्त क्षेत्र घोषणा भइसकेको अवस्था छ ।

सरसफाइ गुरुयोजनाको मूल मन्त्रलाई आत्मसात् गदै भक्तपुर जिल्लालाई पनि पाँचौ दक्षिण एसियाली सरसफाइ सम्मेलनको अवसरमा २०७० साल कार्तिक ४ गते तत्कालिन राष्ट्रपति डा. रामवरण यादवको प्रमुख आतिथ्यतामा नेपालको १०औं एवम् उपत्यकाको पहिलो खुलादिसा मुक्त जिल्ला घोषण गरिएको थियो । पूर्ण सरसफाइको पहिलो खुड्किलोको रुपमा रहेको खुलादिसा मुक्त अभियान सफल भए पश्चात उक्त अवस्थाको दिगोपनाको लागि तत्कालिन ताथली गा.वि.स.बाट पूर्ण सरसफाइ अभियानको थालनी गरिएको थियो । यसै क्रममा सन् २०१७ सम्म पूर्ण सरसफाइ युक्त जिल्ला बनाउने लक्ष्यका साथ भक्तपुर जिल्लाको पूर्ण सरसफाइ रणनीतिक योजना पनि जिल्ला स्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समितिबाट अनुमोदन गराउने क्रममा रहेको थियो ।  तर २०७२ सालको विनाशकारी भूकम्पको कारण जिल्ला स्तरमा पूर्ण सरसफाइ अभियानमा अवरोध पुगेको थियो । तत्कालिन समयमा सरसफाइको दिगोपना तर्फ भन्दा पनि खानेपानी सरसफाइ तथा स्वच्छता प्रतिकार्य (WASH Response) तर्फ लाग्नु पर्ने बाध्यता थियो र सोही प्रतिकार्यको लागि बि.स. २०७२ साल बैशाख २३ गतेका दिन खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयको अगुवाई र UN HABITATको सह अगुवाई तथा अन्य जिल्ला स्थित सरोकारवाला निकायहरुको संलग्नतामा वास क्लस्टरको गठन भई खानेपानी सरसफाइ तथा स्वच्छताको क्षेत्रमा विभिन्न कार्य गरेको अवस्था थियो ।

नेपालको संबिधान २०७२ ले खानेपानी तथा सरसफाइलाई मौलिक अधिकारको रुपमा प्रत्याभूत गरेको छ । बिगतको तुलनामा हालको दिनमा सरसफाइको दायरा फराकिलो भएको छ । अहिले सरसफाइ बहुआयामिक बिषयको रुपमा स्थापित भएको छ । सरसफाइलाई मान, इज्जत, प्रतिष्ठा र विकास निर्माण, जनजीविका, सामाजिक सशक्तिकरण, विकास र समृद्धिको आधारको रुपमा लिन थालिएको छ । नेपाल सरकारकोसन् २०३० सम्ममा देशलाई दिगो सरसफाइ उन्मुख गर्ने लक्ष्यलाई साकार पार्न भक्तपुर जिल्लालाई पूर्ण सरसफाइको नमुना जिल्लाको रुपमा बिकास गर्ने सबै नगर, वडा, टोल स्तरीय खानेपानी तथा स्वच्छता समन्वय समितिहरुको सक्रियता र नेतृत्व अपरिहार्य रहेको छ । पूर्ण सरसफाइ कार्यक्रममा एकरुपता ल्याउन नेपाल सरकारको पूर्ण सरसफाइ मार्गदर्शन २०७३ ले सन् २०३० सम्म नेपाललाई पूर्ण सरसफाइ उन्मुख राष्ट्र बनाउने लक्ष्य लिइएको छ। पूर्ण सरसफाइ मार्गदर्शनले नगरपालिका तथा गाउँपालिकालाई पूर्ण सरसफाइ कार्यक्रम तर्जुमाको तथा कार्यान्वयनको आधारभूत इकाईको रुपमा लिनु पर्ने र प्रत्येक नगरपालिकाको खाने पानी तथा स्वच्छता योजना तयारी गर्नु पर्ने व्यवस्था गरेको छ ।

सोही अनुरुप खुला दिसा मुक्त अभियानका क्रममा हाँसिल गरेका उपलब्धीहरुलाई दिगो बनाउदै खाने पानी सरसफाइ तथा स्वच्छताका अन्य सुबिधाहरुको सञ्चालन र व्यवस्थापन गर्नको लागि नगरपालिकाको नेतृत्व, सामुदायिक अपनत्व, साझेदारहरु सँगको साझेदारिता, सार्वजनिक नीजि क्षेत्रको सुदृढता, समन्वय समितिहरुको संस्थागत क्रियाशिलता, गुणस्तरीय सेवा प्रवाह, सामुहिक सशक्तिकरण तथा स्वअनुगमन सम्बन्धीक्रियाकलापहरुको नियमित कार्यान्वयन गर्ने उद्देश्यका साथ चाँगुनारायण नगरपालिकाको पूर्ण सरसफाइ रणनीतिक योजना २०७५ तर्जुमा गरिएको छ ।

**१.२ चाँगुनारायण नगरपालिकाको परिचयः**

काठमाण्डौं उपत्यकामा मानव बसोबास र यसको सभ्यताको बारेमा अनेकौं किम्बदन्तिहरु छन् । ती यावत कथनहरु मध्ये उपत्यका पानीले भरिएको एउटा तलाउ थियो र यहाँ चीनबाट मञ्जुश्री नाम गरेका एक जना बिद्वान आएर पानी बगाइ मानव बसोबासको लागि उपयुक्त बनाए भन्ने कथनलाई अलि सर्वमान्य मानिन्छ । यो करीब तीन हजार वर्ष पहिलाको कुरा होला । राजनीतिक तथा प्रशासनिक विभाजन त प्राकृतिक र मानवीय स्रोतको व्यवस्थापन कार्य सजिलो बनाउन हामीले आफ्ना लागि गदै आएका हौं । यसरी संरचित उपत्यकाका ३ जिल्ला मध्ये भक्तपुर एक हो ।

ऐतिहासिक एंव पुरातात्विक महत्वको दृष्टिकोणले परिचित भक्तपुर जिल्ला भित्रका ४ वटा नगर पालिका मध्य चाँगुनारायण नगरपालिका नेपाल सरकारको मिति २०७३।११।२७ गतेको स्थानीय तह घोषणाबाट साबिक चाँगुनारायण नगरपालिका र नगरकोट नगरपालिकालाई समेटेर गठन भएको हो । मिति २०७१।८।१६ को मन्त्री परिषदको निर्णय अनुसार साबिक चाँगुनारायण, झौखेल, छालिङ्ग, दुवाकोट गा.वि.स. समेटेर चाँगुनारायण नगरपालिका तथा साबिक नगरकोट, वागेश्वरी, सुडाल र ताथली गा.बि.स. समेटेर महामञ्जुश्री नगरकोट नगरपालिका घोषणा भएको थियो । पछि महामञ्जुश्री नगरकोट नगरपालिकाको नाम संशोधन भई नगरकोट नगरपालिका कायम भयो । पूनः चाँगुनारायण नगरपालिका र नगरकोट नगरपालिका मिलाएर चाँगुनारायण नगरपालिका भए पछि ९ वटा वडा कायम भई नगरपालिकाको केन्द्र कार्यालय खरिपाटी, भक्तपुरमा रहेको छ ।

समुद्री सतहबाट १३७२ देखी २१९१ मिटर उचाईमा रहेको नगरपालिकाको पूर्वमा मण्डन देउपुर नगर पालिका र बनेपा नगरपालिका, पश्चिममा कागेश्वरी मनोहरा नगरपालिका र मध्यपुर ठिमी नगरपालिका, उत्तरमा शंखरापुर नगरपालिका र दक्षिणमा सूर्यबिनायक नगरपालिका र भक्तपुर नगरपालिका रहेको छ । नगर पालिकाको जम्मा घरधुरी संख्या १२१७० छ भने जनसंख्यामा महिला २८४३८ र पुरुष २६९९२ गरी जम्मा ५५४३० रहेको छ । जम्मा क्षेत्रफल ६२.९८ वर्ग कि.मी. रहेको यस नगरपालिकामा अवस्थित लिच्छवीकालीन, धार्मिक, साँस्कृतिक ऐतिहासिक एंव पर्यटकीय दृष्टिकोणले अत्यन्त महत्वपूर्ण र विश्व सम्पदा सूचीमा सूचीकृत चाँगुनारायण मन्दिर नेपाल कै पहिलो अभिलेख भएको सबभन्दा पुरानो मन्दिर हो । नेपाल कै पुरानो मन्दिर रहेकोले सो मन्दिरको नामबाट नै नगरपालिकाको नामाकरण भएको हो । चाँगुनारायणको मन्दिरको निर्माणइ.स. ३२३ मा हरिदत्त बर्माले गरेको भन्ने भनाई छ भने इ.स. ५२१ अभिलेख अनुसार राजा मानदेवले गरुड ध्वज चढाएको र गुठीका लागि खेत दान गरेको भन्ने अभिलेख रहेको पाईन्छ । बिश्व सम्पदा सूचीमा सूचीकृत चाँगुनारायण मन्दिर, विश्व भरका पर्यटक आकर्षित गर्ने मनोरम प्राकृतिक छटाले सुसज्जित सूर्योदय पर्यटकीय दृष्टिकोणले अत्यन्त महत्वपूर्ण नगरकोट यहाँको आकर्षण युक्त प्रमुख क्षेत्रको रुपमा रहेको छ । उत्तर तर्फ रहेको सालीनदीबाट शुरु भै पश्चिम तर्फको सिमाना हुदै बग्ने मनोहरा नदी छिमेकी जिल्ला र नगरपालिकाको सीमा निर्धारण गरेको छ । मञ्जुश्री नेपाल आउदा साबिकको सुडाल गा.बि.स हाल चाँगुनारायण नगरपालिका वडा न. ८ मा बास बसेको भन्ने किम्बदन्ती छ । ढुङ्गामा लेखिएको शिलालेख चट्टान अभिलेख साबिक ताथली गा.बि.स. हाल चाँगुनारायण नगरपालिका वडा नं. ९ मा रहेको छ । नगरपालिका भित्र सामुदायिक रुपमा संचालनमा

रहेका श्री कृष्ण बहुमुखी क्याम्पस, सामुदायिक नेपाल इन्जिनियरीङ्ग कलेज तथा काठमाण्डौं मेडिकल कलेज समेत गरी ३ वटा कलेजहरु रहेका छन् । नगरपालिकाको घोषण भए पश्चात एकातिर गा.वि.स.को सोचले नगरबासीको अस्तित्व बोध गर्न र नगरबासी भएको अनुभूति गर्न नपाई पर्याप्त स्रोत साधनको अभावमा समस्या भ्रेलि रहेको अवस्थामा मिति २०७२ बैशाख १२ गतेको बिनाशकारी भूकम्प र तत् पश्चात बैशाख १३ बैशाख २९ गते लगाएतका बिभिन्न पराकम्पहरुबाट नगरबासीहरुले ठूलो धन जनको क्षति व्यहोर्नबाट समेत अछुतो रहन सकेनन् । त्यस अवस्थाको क्षति र पीडाको कारणले हाल सम्म पनि व्यवस्थित बसोबासको समस्या समाधानमा नगरबासीहरुले पूर्ण रुपमा उपयुक्त सहयोग र सुबिधा प्राप्त गर्न सकिरहेका छैनन् । भूकम्प प्रभावि( वतहरुका लागि उपलब्ध हुन सक्ने राहत र कम सुबिधाहरुको सर्व सुलभ प्राप्तीको लागि नगरपालिकाले समन( वयात्मक भूमिका निर्वाह गर्नु पर्ने अवस्था छ ।

### १.३ भौगोलिक अवस्थिति

चाँगुनारायण नगरपालिकालाई २०७४ फागुन महिनामा नेपाल सरकारको स्थानीय तह निर्धारण आयोग द्वारा साबिकका चाँगुनारायण र नगरकोट नगरपालिकालाई समायोजन गरी जम्मा ९ वडा रहने गरी बनाईएको हो । यसको सदरमुकाम पुरानो छालिङ्ग गाउँ विकास समिति स्थित खरिपाटीमा अवस्थित छ । यस नगरपालिकामा साबिकका दुवाकोट, भ्रौखेल, चाँगुनारायण, छालिङ्ग, नगरकोट, बागेश्वरी, सुडाल र ताथली लगायतका गाबिसहरु रहेका छन । यस नगरपालिकाले भक्तपुर जिल्लाको आधा भन्दा बढी अर्थात ५१ प्रतिशत (६२.९ वर्ग कि.मी.) भूभाग ओगटेको छ । यहाँ २०६८ सालको जनगणना अनुसार ५५,४३० अर्थात जिल्लाको कुल जनसंख्याको १८.६ प्रतिशत जनसंख्या रहेको छ । यो नगरपालिका उत्तर र पश्चिममा काठमाण्डौ जिल्लाको कागेश्वरी मनोहरा नगरपालिका, पूर्वमा काभ्रे जिल्लाको बनेपानगरपालिका र मान्डन देउपुर नगरपालिका र दक्षिणमा भक्तपुर जिल्लाका भक्तपुर, सूर्यबिनायक र मध्यपुर ठिमी नगरपालिकाहरुले घेरिएको छ । यस नगर पालिकाको उत्तरपूर्व र पूर्वमा चाँगुनारायण देखि तेलकोट, नगरकोट, बागेश्वरी र सांगा भञ्ज्याङ्गसम्म नै पहाडी श्रृङ्खला छ। यो श्रृङ्खला चाँगुनारायणमा समुन्द्र सतहदेखि लगभग १,४०० मिटरको उचाईबाट नगरकोट र बागेश्वरीमा पुग्दा करिब २,००० मिटर भन्दा माथि रहेको छ । नगरकोटको सबभन्दा अग्लो स्थान २,१९२ मिटरमा छ । यस नगरपालिकाको पूर्व पश्चिम लम्वाई १६ कि.मि. र उत्तर दक्षिण १२.२ कि.मि. छ । यो नगरपालिका २७०३६' देखि २७०४४' उत्तरी अक्षांशसम्म र ८५०२१' पूर्वदेखि ८५०३१' पूर्वी देशान्तरसम्म फैलिएर गएको छ ।जमिनको प्रकृतिअनुसार यस नगरपालिकालाई मुख्य दुई क्षेत्रमा विभाजन गर्न सकिन्छः पहाडी र उपत्यका । प्रायः समशीतोष्ण हावापानी भएको यस नगरपालिकाको औसत तापक्रम २० देखि २५ डिग्री सेल्सियस रहेको छ । साथै यस नगरपालिकामा औसत वार्षिक वर्षा ५६ मिलिमिटर रहेको छ । चैत्र महिनादेखि असोजको प्रारम्भसम्म केही गर्मी, असोजदेखि फागुनसम्म धेरै जाडो (ठण्डी) हुने गर्दछ। यसरी यो नगरपालिकाको हावापानी मौसम अनुसार विविध किसिमको रहेको छ ।

### १.४ जनसंख्या तथा शैक्षिक स्थिति

नगर स्तरीय सर्वेक्षण, २०७४ अनुसार यस नगरपालिकाको ११६२७ घरधुरीमा २७१३७ महिला (४९.७४%) , २७३४२ पुरुष (५०.१२%) र अन्य (०.१४%)गरी जम्मा ५४५५१ जनसंख्या रहेको छ । नगरको औसत वार्षिक जनसंख्या बृद्धिदर ३.०१% रहेको छ । सामाजिक पूर्वाधारको एउटा महत्वपूर्ण विषय शिक्षा हो । नगर स्तरीय सर्वेक्षण, २०७४ अनुसार यस नगरको कुल साक्षर जनसंख्या ८१.६८ प्रतिशत मध्ये ७२.६५ प्रतिशत महिला र ९०.४८ प्रतिशत पुरुष छन् ।

यस नगरमा विभिन्न धर्मावलम्वीहरू बसोबास गर्दछन् । हिन्दू धर्मावलम्वीहरूको जनसङ्ख्या सबैभन्दा बढी ९२.० प्रतिशत, बौद्ध ६.२ प्रतिशत, क्रिश्चियन १.६ प्रतिशत र अन्य ०.२ प्रतिशत रहेका छन् र संख्यात्मक

रुपमा बढी जनसङ्ख्या भएका जातजातिहरुमा जनजाति ४०.९ प्रतिशत, क्षेत्री२९.८ प्रतिशत, ब्राम्हण २३.१ प्रतिशत, दलित३.३ प्रतिशत र अन्य २.९ प्रतिशत रहेका छन् ।

(स्रोत : नगरपालिकाको सर्वेक्षण, २०७४ कार्तिक)

### १.५ वडागत जनसंख्या तथा घरधुरी विवरण :

नगरपालिकामा जम्मा ११६२७ घरधुरीहरु रहेका छन् । वडागत रुपमा जनसंख्याको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | वडाहरू | पुरुष | महिला | अन्य | जम्मा | घरधुरी |
|---|---|---|---|---|---|---|
| १ | १ नं. वडा | ३०९५ | २९९५ | ११ | ६१०१ | १२३८ |
| २ | २ नं. वडा | ३०६९ | २९३७ | १४ | ६०२० | १२५८ |
| ३ | ३ नं. वडा | २८९० | २८०७ | ५ | ५७०२ | ११६९ |
| ४ | ४ नं. वडा | २९७६ | ३०४८ | ० | ६०२४ | १२८५ |
| ५ | ५ नं. वडा | ३१६० | ३२२९ | ९ | ६३९८ | १४२९ |
| ६ | ६ नं. वडा | १९८४ | २०४० | ० | ४०२४ | ९०४ |
| ७ | ७ नं. वडा | २८७१ | २८४१ | ११ | ५७२३ | १२२६ |
| ८ | ८ नं. वडा | ४१८९ | ४१०४ | २ | ८२९५ | १६९१ |
| ९ | ९ नं. वडा | ३१०८ | ३१३६ | २० | ६२८४ | १४२७ |
| जम्मा | | २७३४२ | २७१३७ | ७२ | ५४५५१ | ११६२७ |

(स्रोत : नगरपालिकाको सर्वेक्षण, २०७४ कार्तिक)

### १.६ स्वास्थ्यको अवस्था

यस नगरपालिकामा ३ अस्पताल (प्राइभेट), १ प्राथमिक स्वास्थ्य केन्द्र, ७ स्वास्थ्य चौकी, १ शहरी स्वास्थ्य केन्द्र, ७२ जना महिला स्वास्थ्य स्वयम सेविका, ३१EPI क्लिनिक र २१PHC/ORCs रहेको छ । नगरपालिकामा श्वास प्रश्वास सम्वन्धी रोग र झाडापखाला लगायत पानीजन्य रोगहरुको विरामी कम भएको छ । यो वर्ष निमोनिया लगायत श्वास प्रश्वास सम्वन्धी रोग का विरामी पनि १४.८७५ ले घटेको छ । कडा निमोनिया तथा कडा रोगहरु ०.१ ५ ले घटेको छ। नगरपालिकामा श्वास प्रश्वास सम्वन्धि रोग तथा झाडा पखाला जस्ता रोगबाट हुने मृत्यु भएको छैन । श्वास प्रश्वास र झाडापखालाका विरामीहरुको उपचार प्ररम्भिक चरणमा नै महिला स्वास्थ्य स्वयम सेविकाद्वारा हुने गरेको छ जसले गर्दा विरामीहरुको अवस्था जटिल हुन पाउँदैन ।

(स्रोतः जिल्ला स्वास्थ्य प्रतिवेन, भक्तपुर २०७३/७४)

### १.७ स्वास्थ्य केन्द्रसम्म पुग्न लाग्ने समय र दुरी

| स्वास्थ्य केन्द्र सम्म पुग्न लाग्ने दुरी /वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा | प्रतिशत % |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **घरमा नै बस्ने** | ५७ | ४६७ | ७७ | ३० | २९ | ४८ | ११९ | १४ | २६ | ८६७ | ७.४ |
| **१५ देखी ३० मिनेट** | ६९० | ६९९ | ७४२ | ५६९ | १०६९ | ५९० | ५७६ | ४६५ | १०५८ | ६४५८ | ५५.४ |
| **३० मिनेट देखी १ घण्टा सम्म** | ४८० | ८६ | ३३२ | ४९२ | ३५६ | २६० | ४४७ | ४९५ | २९७ | ३२४५ | २७.८ |
| **१ घण्टा भन्दा बढी** | ९ | ५ | ८ | १९४ | २५ | ५ | ७८ | ७१६ | ४५ | १०८५ | ९.३ |
| **जम्मा** | **१२३६** | **१२५७** | **११५९** | **१२८५** | **१४७९** | **९०३** | **१२२०** | **१६९०** | **१४२६** | **११६५५** | **१००** |

(स्रोतः नगरपालिकाको सर्वेक्षण, २०७४ कार्तिक)

### १.८ वडामा देखिएको रोगहरूको प्रकार

| रोगको प्रकार/वडा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा | प्रतिशत % |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मधुमेह | १५९ | १६६ | १०७ | १०९ | ६९ | ३५ | १०५ | ११४ | ७२ | ९३६ | २२.९ |
| दम | ११८ | ९४ | १०२ | १०५ | ८५ | ७९ | १३२ | १५१ | ११० | ९७६ | २३.९ |
| मुटु रोग | ११२ | १०२ | ४९ | ५५ | ३२ | १६ | १८७ | ६९ | ६१ | ६८३ | १६.७ |
| मृगौला रोग | १६ | ३३ | १५ | १३ | ७ | २ | ३२ | ७ | १० | १३५ | ३.३ |
| क्यान्सर | १४ | २२ | ८८ | ४ | १० | ५ | ११ | ७ | १२ | १७३ | ४.२ |
| कुष्ठरोग | ० | १७ | १ | १ | ० | १ | ४१ | १० | ० | ७१ | १.७ |
| एच.आई.भि/एड्स | ८ | ९ | १ | ० | ८ | ० | १६ | ८ | ० | ५० | १.२ |
| अन्य | ८१ | १३८ | १५७ | १५९ | ६० | ३४ | २०८ | १५९ | ७२ | १०६८ | २६.१ |
| जम्मा | ५०८ | ५८१ | ५२० | ४४६ | २७१ | १७२ | ७३२ | ५२५ | ३३७ | ४०९२ | १०० |
| प्रतिशत (%) | **१२.४** | **१४.२** | **१२.७** | **१०.९** | **६.६** | **४.२** | **१७.९** | **१२.८** | **८.२** | **१००** | |

(स्रोत : नगरपालिकाको सर्वेक्षण, २०७४ कार्तिक)

### १.९ फरक क्षमता भएको जनसङ्ख्याको अवस्थाः

चाँगुनारायण नगरपालिका को कुल जनसङ्ख्याको १.५१ प्रतिशत हिस्सामा कुनै एक वा बढि प्रकारको अपाङ्गता रहेको देखिएको छ । कुनै एक वा बढि अपाङ्गता भएका कुल ८ सय १३ व्यक्तिहरू मध्ये ५३ प्रतिशत पुरूष र बाँकी ४७ प्रतिशत महिला रहेका छन् ।

**तालिका १: नगरपालिका स्तरीय तथ्याङ्क २०७४ अनुसार चाँगुनारायण नगरपालिकाको जनसङ्ख्यामा भएको अपाङ्गताको अवस्थाको तालिकाः**

| लिंग | जम्मा जनसंख्या | अपाङ्गता नभएका | अपाङ्गता भएका | शारिरीक अपाङ्गता | दृष्टि सम्बन्धी अपाङ्गता | सुनाइ सम्बन्धी अपाङ्गता | श्रवण दृष्टिविहिन | बोलाइ सम्बन्धी अपाङ्गता | मानसिक अपाङ्गता | अन्य अपाङ्गता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **पुरुष** | २७४७९ | २७०४८ | ४३१ | २०८ | ३१ | ४६ | १६ | ६० | ९४ | ४० |
| **महिला** | २६२८८ | २५९०६ | ३८२ | १७५ | ४९ | ३६ | १० | ४८ | ४३ | २१ |
| **जम्मा** | **५३७६७** | **५२९५४** | **८१३** | **३८३** | **८०** | **८२** | **२६** | **१०८** | **९४** | **४०** |

(स्रोत : नगरपालिकाको सर्वेक्षण, २०७४ कार्तिक)

### १.१० वर्तमान अवस्थामा नगरपालिकाको खानेपानीमा पहुँच

#### १.१०.१ खानेपानीको स्रोतको अवस्थाः

यस नगरपालिका भित्र निजी धाराबाट खानेपानी प्रयोग गर्नेको संख्या ३६.९, सार्वजनिक धाराबाट ४२.१, कुवाँ पधेरोबाट ५.९, ईनारबाट १२.५ र अन्य स्रोतबाट २.७ प्रतिशतले पिउने गरेको पाईयो ।

## पिउने पानीको स्रोत




| पिउने पानीको स्रोत / वडा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा | % |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| निजी धारा | ५९२ | ५८८ | ५२६ | २७३ | २८५ | ३३४ | ६८९ | ८२४ | १८८ | ४२९९ | ३७ |
| सार्वजनिक धारा | ३२८ | ३५३ | २६० | ५१० | १११८ | ५०१ | ४४९ | ७८३ | ६०४ | ४९०६ | ४२ |
| कुवाँ पधेरो | २९ | ७६ | ४४ | ३६१ | ४२ | ४७ | १७ | ३२ | ३५ | ६८३ | ६ |
| ईनार | २७० | २२० | २८६ | १२५ | २८ | २१ | २६ | ४४ | ४३५ | १४५५ | १२ |
| अन्य स्रोत | १७ | २० | ४३ | १६ | ६ | ० | ३९ | ७ | १६४ | ३१२ | ३ |
| **जम्मा** | **१२३६** | **१२५७** | **११५९** | **१२८५** | **१४७९** | **९०३** | **१२२०** | **१६९०** | **१४२६** | **११६५५** | **१००** |

(स्रोत : नगरपालिकाको सर्वेक्षण, २०७४ कार्तिक)

### १.१०.२ पानीको स्रोतमा पुग्न लाग्ने दुरी र समयः

घरमै पानी उपलब्ध हुने ५८ (१५ देखी ३० मिनेट), ३९.९ (३० देखी १ घण्टा), १.९ (१ घण्टा भन्दा बढी समय लाग्ने) ०.२ प्रतिशत पाइयो ।

## पानीको स्रोत सम्म पुग्न लाग्ने दुरी



| पानीको स्रोत सम्म पुग्न लाग्ने दुरी/वडा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा | % |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| घरमै उपलब्ध हुने | ८०९ | ८७५ | ९४४ | ५२८ | ६१७ | ७०९ | ९११ | ९८० | ३८७ | ६७६० | ५८ |
| १५ देखी ३० मिनेट | ४११ | ३७३ | २१२ | ६५० | ८४६ | १७६ | २९८ | ६९१ | ९९६ | ४६५३ | ४० |
| ३० मिनेट देखी १ घण्टा | १४ | ८ | ३ | १०६ | १५ | १७ | ९ | १७ | ३२ | २२१ | २ |
| १ घण्टा भन्दा बढी | २ | १ | ० | १ | १ | १ | २ | २ | ११ | २१ | ० |
| जम्मा | १२३६ | १२५७ | ११५९ | १२८५ | १४७९ | ९०३ | १२२० | १६९० | १४२६ | ११६५५ | १००.० |

(स्रोत : नगरपालिकाकोसर्वेक्षण, २०७४ कार्तिक)

### १.११ वर्तमान अवस्थामा नगरपालिकाको शौचालयको अवस्था:

नगरपालिकाको २०७४ मा गरिएको सर्वेक्षण अनुशार जम्मा ११६२७ घरधुरी मध्ये ८६.६ प्रतिशत घरधुरीको शौचालयहरु सेप्टिक ट्याङ्कीमा जोडिएको, ९.७ प्रतिशत घरधुरीको खाल्डे चर्पी रहेको, १.१ प्रतिशत चर्पीको सेप्टिक टंयाङ्की नालीमा जोडिएको र ०.५ प्रतिशत घरधुरीको सेप्टिक टंयाङ्की बाँयो ग्याँसमा जोडिएको र २.१ प्रतिशत सेप्टिक टंयाङ्की अन्य तरिकाबाट व्यवस्थापन गरिएको पाइएको छ ।




| शौचालयको प्रकार/वडा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा | % |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नालीमा | ९ | १ | २ | १७ | ५५ | २६ | ७ | ७ | ३ | १२७ | १.१ |
| खाल्डे चर्पी | २९ | ४४ | ५३ | १६० | २१० | ११६ | २०० | ७८ | २५१ | ११४१ | ९.७ |
| सेप्टिक टंयाङ्की बाँयो ग्यासमा जोडिएको | ० | १ | ६ | ३ | ८ | १ | १३ | २२ | ३ | ५७ | ०.५ |
| सेप्टिक टंयाङ्की | ११९९ | १२०९ | १०९७ | १०३९ | ११७४ | ७७५ | ९८२ | १५५६ | ११३९ | १०१७० | ८६.६ |
| अन्य | १ | ४ | ९ | ७४ | ४२ | ३ | ४० | ३८ | ३९ | २५० | २.१ |
| जम्मा | १२३८ | १२५९ | ११६७ | १२९३ | १४८९ | ९२१ | १२४२ | १७०१ | १४३५ | ११७४५ | १००.० |

(स्रोत : नगरपालिकाकोसर्वेक्षण, २०७४ कार्तिक)

### १.१२ नगरपालिका भित्रको घरधुरीहरूमा शौचालयको प्रयोगको अवस्था




| शौचालयको उचित प्रयोग | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा घरधुरी | १२२४ | १२२४ | ११२६ | ११९४ | १३९७ | ८८२ | ११६२ | १६२० | १३४९ | १११७८ | १०० |
| शौचालयको उचित प्रयोग भएको | ११९२ | ११९१ | १०६६ | ११७७ | १२४४ | ८३५ | १०७५ | १५३४ | १२४० | १०५५४ | ९४।४२ |
| शौचालयको उचित प्रयोग नभएको | ३२ | ३३ | ६० | १७ | १५३ | ४७ | ८७ | ८६ | १०९ | ६२४ | ५।५८ |

### १.१३ नगरपालिकामा जोखिमपूर्ण अवस्थामा साबुन पानीले हात धुने बानीको अवस्थाः

नगरपालिका स्तरीय सर्वेक्षण २०७४ अनुशार ८२ प्रतिशत घरधुरीमा जोखिम पूर्ण अवस्थामा साबुन पानीले हात धुने बानीको विकास भएको पाईयो भने १८ प्रतिशत घरधुरीहरुमा सुधार गर्नु पर्ने अवस्था देखिएको छ । (सर्वेक्षणको क्रममा उत्तरदाताले ३ भन्दा बढी जोखिम पूर्ण अवस्था राम्रोसँग बताउन सक्नेलाई आधार मानिएको) जोखिम पूर्ण अवस्थामा साबुन पानीले हात धुने घरधुरीहरुको अवस्था तलको पाई चार्ट तथा तालिकामा प्रस्तुत गरिएको छ ।



| साबुन पानीले हात धुने बानी | वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा घरधुरी | १२३८ | १२५८ | ११६९ | १२८५ | १४२९ | ९०४ | १२२६ | १६९१ | १४२७ | ११६२७ |
| | साबुन पानीले हात धुने बानी विकास भएको | १०११ | ११०२ | ९४७ | १०५७ | ११२३ | ७३३ | १००० | १३७० | ११२० | ९४६३ |
| | साबुन पानीले हात धुने बानी विकास नभएको | २२७ | १५६ | २२२ | २२८ | ३०६ | १७१ | २२६ | ३२१ | ३०७ | २१६४ |

(स्रोत : नगरपालिकाको सर्वेक्षण, २०७४ कार्तिक)

## १.१४ वर्तमान अवस्थामा नगरपालिकाको ठोस फोहोर मैला व्यवस्थापनको अवस्था

हाल नगर क्षेत्र भित्र ठोस फोहोर मैलाको व्यवस्थापनको लागि नगरपालिकाले नेपाल स्वच्छ वातावरण सृजना केन्द्र नामक संस्था सँग सम्झौता गरी फोहोरको व्यवस्थापन गरीरहेको छ । नगरपालिकाको वडाहरुको ठोस फोहोर मैला व्यवस्थापनको अवस्था तलको ग्राफ तथा तालिकामा प्रस्तुत गरिएको छ ।




| फोहोर मैला व्यवस्थापन | वडा | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| | जम्मा घरधुरी | १२३८ | १२५८ | ११६९ | १२८५ | १४२९ | ९०४ | १२२६ | १६९१ | १४२७ |
| | सदस्यता लिएको घरधुरी | ५३३ | ६८७ | १३४ | १०७ | ८१ | १९ | ४३ | ५६ | ७४ |
| | सदस्यता लिन बाँकी घरधुरी | ७०५ | ५७१ | १०३५ | ११७८ | १३४८ | ८८५ | ११८३ | १६३५ | १३५३ |

(स्रोत : नगरपालिकाकोसर्वेक्षण, २०७४ कार्तिक)

### १.१५ फोहोर मैला वर्गीकरणको अवस्थाः

नगरपालिका भित्रको ६०.७४ प्रतिशत घरधुरीहरुमा फोहोर मैलाको वर्गीकरण भएको पाईयो भने ३९.२६ प्रतिशत घरधुरीहरुमा फोहोर मैलाको वर्गीकरण नभएको पाईयो ।




**फोहोरमैलाको वर्गीकरण**

| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा | % |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| छ | ८४० | ९१७ | ७४० | ७४१ | ७९२ | ५७७ | ७३२ | १०७९ | ६४८ | ७०६६ | ६०।७४ |
| छैन | ३९६ | ३१९ | ४१९ | ५४४ | ६८७ | ३२६ | ४८८ | ६११ | ७७८ | ४५६८ | ३९।२६ |
| जम्मा घरधुरी | १२३६ | १२३६ | ११५९ | १२८५ | १४७९ | ९०३ | १२२० | १६९० | १४२६ | ११६३४ | १०० |

### १.१६ नगरपालिका भित्र घरायसी तहमा खानेपानी शुद्धीकरण गर्ने घरधुरीहरूको अवस्थाः

कनगरपालिका भित्र घरायसी तहमा खानेपानी शुद्धीकरण ६५ प्रतिशत घरधुरीहरुमा भएको पाईन्छ भने ३५ प्रतिशत घरधुरीहरुमा पिउने पानीको शुद्धीकरण नभएको पाईएको छ । पिउने पानी शुद्धीकरणको अवस्था तलको पाई चार्ट तथा तालिकामा प्रस्तुत गरिएको छ ।




| पिउने पानीको शुद्धीकरण | | वडा | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| | जम्मा घरधुरी | १२३८ | १२५८ | ११६९ | १२८५ | १४२९ | ९०४ | १२२६ | १६९१ | १४२७ |
| | पिउने पानीको शुद्धीकरण भएको | ९५३ | १०७९ | ७६० | ९२३ | ११०० | ५८८ | ५५२ | ११०० | ५४२ |
| | पिउने पानीको शुद्धीकरण नभएको | २८५ | १७९ | ४०९ | ३६२ | ३२९ | ३१६ | ६७४ | ५९१ | ८८५ |

### १.१७ खानाको स्वच्छताको अवस्थाः

नगरपालिका भित्र ९१.६४ प्रतिशत घरधुरीहरुले खाना छोप्ने गरेको पाईएको छ भने ८.३६ प्रतिशत घरधुरीहरुले खाना छोप्ने गरेको छैन । उक्त अवस्थालाई तलको तालिका तथा ग्राफमा प्रस्तुत गरिएको छ ।




**खाना छोप्ने गरेको**

| खाना छोप्ने गरेको / वडा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा | % |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| छ | १०९७ | ११६२ | १०५३ | १२४३ | १२९३ | ८२० | १०९७ | १५३५ | १३६१ | १०६६१ | ९१।६४ |
| छैन | १३९ | ७४ | १०६ | ४२ | १८६ | ८३ | १२३ | १५५ | ६५ | ९७३ | ८।३६ |
| जम्मा घरधुरी | १२३६ | १२३६ | ११५९ | १२८५ | १४७९ | ९०३ | १२२० | १६९० | १४२६ | ११६३४ | १०० |

### १.१८ भाडा सुकाउने चाङ्गको अवस्थाः

नगरपालिका भित्र ६९.८६ प्रतिशत घरधुरीहरुमा भाडा सुकाउने चाङ्ग अथवा ऱ्याक रहेको छ भने ३०.१४ प्रतिशत घरधुरीहरुमा यसको प्रयोग नभएको पाईएको छ ।




**भाडा सुकाउने चाङ्ग**

| चाङ्ग | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा | % |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| छ | ८५४ | ९७७ | ८३३ | ६४६ | १०८९ | ६४९ | ८७४ | १२१४ | ९९१ | ८१२७ | ६९।८६ |
| छैन | ३८२ | २५९ | ३२६ | ६३९ | ३९० | २५४ | ३४६ | ४७६ | ४३५ | ३५०७ | ३०।१४ |
| जम्मा घरधुरी | १२३६ | १२३६ | ११५९ | १२८५ | १४७९ | ९०३ | १२२० | १६९० | १४२६ | ११६३४ | १०० |

### १.१९ महिनावारी स्वच्छता सम्बन्धी ज्ञान:

नगरपालिका भित्र ९३.२५प्रतिशत घरधुरीहरुमा महिनावारी स्वास्थ्य सम्बन्धी जानकारी भएको पाईयो भने ६.७५ प्रतिशत घरधुरीहरुमा महिनावारी स्वास्थ्य सम्बन्धी जानकारी नभएको पाईयो ।




**महिनावारी स्वास्थ्यको जानकारी**

| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा | % |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| छ | ११३७ | ११५० | १०७३ | १२५० | १३०२ | ८३६ | ११६६ | १५६५ | १३७० | १०८४९ | ९३।२५ |
| छैन | ९९ | ८६ | ८६ | ३५ | १७७ | ६७ | ५४ | १२५ | ५६ | ७८५ | ६।७५ |
| जम्मा घरधुरी | १२३६ | १२३६ | ११५९ | १२८५ | १४७९ | ९०३ | १२२० | १६९० | १४२६ | ११६३४ | १०० |

### १.२० घर आँगन सरसफाइको अवस्था:

नगरपालिकाको ७५.३५ प्रतिशत घरधुरीहरुमा घर आँगनको सरसफाइ भएको पाईयो भने २४.६५ प्रतिशत घरधुरीहरुमा सरसफाइ नभएको पाईयो ।




**घर आँगनको सरसफाइ**

| घर आँगनको सरसफाइ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा | % |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| छ | ९६५ | १०७४ | ९२१ | ११२३ | ११५२ | ७१८ | ९२५ | १३४३ | ५४६ | ८७६७ | ७५।३५ |
| छैन | २७१ | १६२ | २३८ | १६२ | ३२७ | १८५ | २९५ | ३४७ | ८८० | २८६७ | २४।६५ |
| जम्मा घरधुरी | १२३६ | १२३६ | ११५९ | १२८५ | १४७९ | ९०३ | १२२० | १६९० | १४२६ | ११६३४ | १०० |

## १.२१ शौचालय सफा भएको घरधुरीको अवस्था

नगरपालिकाको ८६.४१ प्रतिशत घरधुरीहरुमा शौचालय सफा भएको पाईयो भने १३.५९ प्रतिशत घरधुरीहरुमा शौचालय सफा नभएको पाईयो ।




**शौचालय सफा भएको**

| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा | % |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| छ | १०७७ | १११७ | १००३ | १११६ | १२०१ | ७८१ | १०४६ | १४६२ | १२५० | १००५३ | ८६।४१ |
| छैन | १५९ | ११९ | १५६ | १६९ | २७८ | १२२ | १७४ | २२८ | १७६ | १५८१ | १३।५९ |
| जम्मा घरधुरी | १२३६ | १२३६ | ११५९ | १२८५ | १४७९ | ९०३ | १२२० | १६९० | १४२६ | ११६३४ | १०० |

# खण्ड २ : पूर्ण सरसफाइ रणनीतिक योजना

## २.१ पूर्ण सरसफाइ रणनीतिक योजनाको पृष्ठभूमि

नेपालमा सरसफाइ प्रवर्द्धनको व्यवस्थित प्रयासको शुरुवात सन १९८० को दशकमा संयुक्त राष्ट्र संघले खानेपानी आपूर्ति र सरसफाइ दशक ( १९८१ देखि १०९०) घोषणा गरेपछि मात्र भएको हो । त्यसपछि खाने पानी आयोजनाको एउटा अभिन्न अंगको रुपमा सरसफाइ समावेश हुँदै आएको छ । तर सरसफाइ सम्बन्धी मुख्य प्रयासहरु भने १९९० को दशकको शुरुमा मात्र प्रारम्भ भएका हुन् । सन २००३ मा बंगलादेशमा दक्षिण एशियाली राष्ट्रहरुको सरसफाइ सम्बन्धी पहिलो शिखर सम्मेलन भएको थियो । उक्त शिखर सम्मेलनले दक्षिण एशियाली राष्ट्रहरुमा पानी र सरसफाइ जन्य रोग र गरीबी, कुपोषण जस्ता समस्याहरुबाट मुक्तिका लागि सरसफाइमा जोड दिनुपर्ने औंल्याइएको थियो । उक्त शिखर सम्मेलनसँगै नेपालमा समुदायको अगुवाईमा पूर्ण सरसफाइ पद्धतिको शुरुवात भएको थियो । सन् २००५ मा सरसफाइमा नमुना जिल्ला सम्बन्धी अवधारणा (चितवन) शुरुवात भएको थियो । हरेक २ वर्षमा आयोजना हुने दक्षिण एशियाली राष्ट्रहरुको सरसफाइ सम्बन्धि शिखर सम्मेलनमा जनाइएका प्रतिबद्धताहरु, सहस्राब्दी विकास लक्ष्यलाई मध्यनजर गर्दै, सरसफाइको क्षेत्रमा विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुबाट छरिएर गरिएका तमाम प्रयासहरुलाई एकत्रित गर्दै सफा र स्वच्छ नेपाल बनाउन सरसफाइ गुरु योजनाको आवश्यकता परेको हुँदा नेपाल सरकारले सरसफाइ गुरुयोजना २०६८ तयार पारी कार्यान्वयनमा ल्याएको हो । सरसफाइ गुरुयोजनामा सन् २०१७ भित्रमा आधारभूत सरसफाइमा शत प्रतिशत जनतालाई पहुँच पुर्‍याउने राष्ट्रिय लक्ष्य उल्लेख गरिएको थियो । सन् १९८० मा करिब २ प्रतिशत, सन् १९९० मा ६ प्रतिशत र नेपालमा सरसफाइ गुरुयोजना ल्याउदा ४३ प्रतिशत जनसंख्यालाई सरसफाइमा पहुँच रहेकोमा हाल पछिल्लो तथ्याङ्क राष्ट्रिय जनगणना २०६८ अनुसार चर्पी प्रयोग गर्ने जनसंख्या ६२ प्रतिशत पुगेको देखिन्छ । सरसफाइ गुरु योजना आउनु पूर्व विभिन्न प्रारुपको फरक फरक सहयोग नीति भएका सरसफाइ कार्यक्रमहरु स-साना क्षेत्रलाई कार्य क्षेत्र बनाएर सञ्चालन गरिदा स्रोत साधनको तुलनामा न्यून उपलब्धी हासिल भईरहेको अबस्था थियो भने सरसफाइ गुरु योजना जारी भएपछि सरसफाइ सबैको आत्मसम्मान, इज्जत र प्रतिष्ठा र जीवनसँग जोडिएको बिषय भएको र दिसा गर्ने जति सबै सरसफाइका सरो कारवालाहरु हुन् भन्ने मान्यतालाई अगाडि सार्दै सरसफाइ अभियानको रुपमा सञ्चालन भईरहेको छ । २०७५ आषाढ मसान्त सम्म ४०१ गाँउपालिका, २१५ नगरपालिका, ६० जिल्ला, प्रदेश ४,६ र ७ तथा धवलागिरी, राप्ती र गण्डकी अञ्चल खुला दिसामुक्त क्षेत्र घोषणा भइसकेको अवस्था छ । खुला दिसामुक्त अबस्था हासिल गरिसकेका जिल्लामा पूर्ण सरसफाइ सम्बन्धि कार्य हुँदै आएका छन् । २०७० बैशाख ३१ र जेठ १ गते आयोजित सरसफाइ सम्बन्धी नेपालको राष्ट्रिय सम्मलेन (NECOSAN) ले खुला दिसामुक्त घोषणा भएको दुई महिना भित्रमा पूर्ण सरसफाइ रणनीतिक योजना तयार पारी पूर्ण सरसफाइको दोस्रो चरणका क्रियाकलापहरु सञ्चालन गर्नु पर्ने प्रावधान तोकेको छ । सरकारी तथा गैर सरकारी निकायहरुबाट हुँदै आएका पूर्ण सरसफाइ सम्बन्धी प्रयासहरुमा एकरुपता कायम गर्नका लागि राष्ट्रिय सरसफाइ समन्वय समितिबाट २०७१ मंसिर १ र २ गते (१७-१८ नोभेम्बर २०१४) काठमाण्डौमा खुला दिसामुक्त पछिको अभियान सम्बन्धि दुई दिने कार्यशाला समेत सञ्चालन गरिएको थियो । उक्त कार्यशाला पूर्ण सरसफाइका सूचकहरुमा एकरुपता ल्याउने, पूर्ण सरसफाइ अभियान सम्बन्धी राष्ट्रिय निर्देशिका तयार पार्ने, विभिन्न समन्वय समिति तथा सरोकारवालाहरुको संरचना, भूमिका र जिम्मेवारी पुनरावलोकन गर्ने जस्ता विषयहरुमा सहमति कायम गरेको छ ।

सरसफाइ गुरु योजनामा उल्लेख गरिए अनुसार पूर्ण सरसफाइ भन्नाले कुनै निश्चित क्षेत्र (बस्ती, टोल, विद्यालय सेवा क्षेत्र, गाँउपालिका, नगरपालिका तथा जिल्ला) मा विभिन्न सरसफाइका सुविधा र स्वच्छता

प्रवर्द्धन तथा बानी व्यवहारमा विकास/परिवर्तनको माध्यमबाट पूर्ण सरसफाइयुक्त अवस्था हासिल गर्नु हो । पूर्ण सरसफाइले बानी व्यवहार परिवर्तनको पहिलो चरणको रुपमा खुला दिसा विर्सजन गर्ने परम्परालाई अन्त्य गर्ने कुरामा ध्यान केन्द्रित गर्दछ । दोस्रो चरण अर्न्तगत दीगो सरसफाइ र स्वच्छता हासिल गर्ने सम्बन्धि सबै व्यवस्थालाई समेट्दछ ।

खुला दिसामुक्त पछिको पूर्ण सरसफाइ सम्बन्धी सूचकहरुमा एकरुपता कायम गर्ने गरी तयार पारेको पूर्ण सरसफाइ मार्गदर्शन २०७३ अनुसारका सूचकहरुलाई तल उल्लेख गरिएको छ ।

## २.२ पूर्ण सरसफाइका सूचकहरू

पूर्ण सरसफाइ अभियान अन्तर्गत सफा र स्वच्छ क्षेत्र एवं पूर्ण सरसफाइ उन्मुख क्षेत्रको स्व-अनुगमन वा प्रमाणीकरणका लागि अनुगमन गर्दा निम्न लिखित सूचकहरुलाई आधार मानी उक्त क्षेत्रको अवस्थाको लेखाजोखा, घोषणा एवं प्रमाणीकरणको अनुमोदन प्रकृया अवलम्बन गरिनेछ ।

### क) सफा र स्वच्छ अवस्था क्षेत्र घोषणा चरणका सूचकहरु

तल दिइएका ७ वटा मुख्य सूचकहरु अध्ययन गरी सो हासिल भएको पाइएमा कुनै क्षेत्रलाई सफा र स्वच्छ क्षेत्र भनी स्व-घोषणा वा प्रमाणीकरण सकिने छ ।

**१. योजना तर्जुमा तथा व्यवस्थापन**

- समन्वय समिति सक्रिय रहेको,
- WASH PLAN तर्जुमा भएको,
- क्षमता विकासको लागि तालिमहरु सञ्चालन गरिएको,

**२. चर्पीको समुचित प्रयोग**

- प्रत्येक घरधुरी , संघसंस्था र आवश्यकता अनुसार सार्वजनिक स्थानहरुमा चर्पी निर्माण भई प्रयोग भएको,
- साबुन पानी सहितको सुरक्षित र सफा चर्पी भएको,
- खुला ठाउँमा दिसा नभेटिएको,
- संघसंस्था र सार्वजनिक शौचालय प्रयोगकर्तामैत्री भएको,

**३. व्यक्तिगत सरसफाइ**

- प्रत्येक घरले उपयुक्त स्थानमा साबुन पानी सहितको हात धुने स्थान बनाएको,
- घर, विद्यालय संघसंस्था र सार्वजनिक शौचालयहरुमा साबुन पानीले हात धुने सुविधा (स्थान र साबुन पानी) भएका,
- घर, विद्यालय, स्वास्थ्य संस्था, कार्यालयहरुमा साबुन पानीले हात धुने, महिलाको मासिक धर्म व्यवस्थापन लगायतका व्यक्तिगत सरसफाइ सम्बन्धी ज्ञान र अभ्यास भएको,
- व्यक्तिगत सरसफाइमा ध्यान पुऱ्याएको (समुदायका सदस्य, विद्यालयका विद्यार्थी/कर्मचारी, होटेल र रेष्टुराका कर्मचारी/व्यवस्थापक समेत)

**५. सुरक्षित खानाको प्रयोग**

- घरको भान्सा, होटेल, क्यान्टिन तथा रेष्टुरा सफा रहेको र बासी तथा सडेगलेको खाना नखाने/नबेच्ने गरेको,

- खाना पकाउने र खाने भाँडा सफा हुनुका साथै खानेकुरा र पिउने पानी छोपेर राखेको,
- फलफुल तथा खानेकुराहरु राम्रोसँग सफा गरेर एवं पकाएर, तताएर खाने, खुवाउने गरेको,
- सुरक्षित खानाको अनुगमनका लागि कार्यदल गठन गरी कम्तीमा चौमासिक रुपमा अनुगमन हुने गरेको,

**६. घरायसी एवं संस्थागत सरसफाइ**

- घर, विद्यालय, संघसंस्था भित्र तथा बाहिर सफा रहेको,
- विद्यालय, संघसंस्था र सार्वजनिक शौचालयहरुमा मासिक धर्म/महिनावारीमा प्रयोग गरिएको स्यानिटरी प्याड वा अन्य साधनहरुको सफाइ एवं विसर्जन गर्ने वैज्ञानिक व्यवस्था भएको,
- घर, आँगन एवं विद्यालय, संघसंस्थाबाट निस्कने फोहोरलाई वर्गीकरण गरी कुहिने र नकुहिने फोहोरको समुचित व्यवस्थापन गरेको । घर एवं विद्यालय, संघसंस्थाबाट निस्कने फोहोर पानीको सुरक्षित निष्कासन भएको,
- अस्पताल, उद्योग, कलकारखानाबाट निस्केको फोहोरको सुरक्षित संकलन, निष्कासन तथा विसर्जन सोही संस्थाले गर्ने गरेको,
- उपयुक्त तरिकाले पशुपंक्षीको गोठ तथा खोर र मलमूत्र व्यवस्थापन गर्ने गरेको,
- भान्सा कोठामा हावा ओहोरदोहोर हुने उचित व्यवस्था तथा धुँवा रहित चुल्होको प्रयोग भएको,

**७. वातावरणीय सरसफाइ**

- समुदाय, टोल, नगर एवं सडक, खोला खोल्सा, चौतारा, धार्मिक स्थल आदि सार्वजनिक स्थानहरुको सरसफाइ समिति गठन भएको,
- घरायसी एवं संस्थागत तहमा ठोस तथा तरल फोहोर (मानव मलमूत्र बाहेक) व्यवस्थापनको आवश्यकता अनुसार उपयुक्त प्रविधिको प्रयोग भएको (पक्की वाटरशील चर्पी र व्यवस्थित सेप्टिक ट्यांकमा जोडिएको),
- मानव मलमूत्रको व्यवस्थापनको हकमा व्यवस्थित सेप्टिक ट्यांकीमा जोडिएको पक्की वाटरशील चर्पी लगायत अन्य उपयुक्त प्रविधिको प्रयोग भएको,
- नगर र नगरोन्मुख क्षेत्रबाट निस्कने फोहोरमैला (ठोस तथा तरल) को उचित व्यवस्थापन भएको,
- नगर र नगरोन्मुख क्षेत्रमा ठोस फोहोरमैलाको व्यवस्थापनको लागि स्यानिटरी ल्यान्डफिल्ड साइटको पहिचान गरी निर्माणका योजना तर्जुमा भएको,
- व्यवस्थित ढल प्रणली (मानव मल मूत्रीय फोहोरको व्यवस्थापन वा वैज्ञानिक फोहोरपानी प्रशोधन प्रणाली) को योजना तर्जुमा भएको,

**ख) पूर्ण सरसफाइ उन्मुख क्षेत्र घोषणा भरणका सूचकहरु**

- प्रयोगकर्ता-मैत्री गुणस्तरीय चर्पी निर्माण भएको,
- नेपाल गुणस्तर मापदण्ड अनुसारको पिउने पानीमा सबैको पहुँच भएको,
- ग्रामीण तथा छरिएका वस्तीमा मानव मलमूत्रको व्यवस्थापनको हकमा व्यवस्थित सेप्टिक ट्यांकीमा जोडिएको पक्की वाटरसील चर्पी लगायत अन्य उपयुक्त प्रविधिको प्रयोग भएको,
- नगर र नगरोन्मुख क्षेत्रमा प्रशोधन सहितको व्यवस्थित ढल निर्माण भएको,
- ठोस फोहोरमैलाको व्यवस्थापनका लागि आवश्यकता अनुसार स्यानिटरी ल्यान्ड फिल्ड

साइटको निर्माण गरी संचलनमा रहेको,

- नगर र नगरोन्मुख क्षेत्रमा सम्भव भएसम्म फोहोरमैलाको कम उत्पादन, पुन प्रयोग र रिसाइकल गर्ने व्यवस्था भएको,
- आवश्यक्ता अनुसार आकाशेपानी संङ्कलन र उपयोग भएको,
- नदीनाला, पोखरी, ताल तलैयाको पानीको प्राकृतिक गुणस्तर कायम राखेको,
- बस्ती, टोल वरपर यथोचित हरियाली र पार्क निर्माण भएको,

सरसफाइ गुरुयोजना २०६८ ले निर्दिष्ट गरे अनुसार पूर्ण सरसफाइको अवस्थाको लागि प्रारम्भिक कार्य "एक घर एक शौचालय" को अवस्था पूरा गरेर भक्तपुरलाइ डिवाससिसिको लक्ष्य बमोजिम २१ अक्टोबर २०१३ (२०७० कार्तिक ४) गतेका दिन भक्तपुर नेपालको १० औं र उपत्यकाकै पहिलो खुला दिसा मुक्त जिल्ला तत्कालिन राष्ट्रपति डा. रामवरण यादवको प्रमुख आतिथ्यतामा घोषणा भई सकेको छ। पूर्ण सरसफाइको पहिलो चरण पार गरीसकेको परिपेक्ष्यमा खुला दिसामुक्त पछिको पूर्ण सरसफाइको दोस्रो चरणका गतिबिधिहरु सञ्चालन गर्ने तयारी भईरहेको समयमा विनाशकारी भूकम्पका कारण धनजनको ठूलो क्षति बेहोर्नु पर्‍यो । यसै क्रममा खानेपानी र सरसफाइ संरचनाहरुमा क्षति भई खुला दिसामुक्त सम्बन्धीजल्लाले हासिल गरेको ऐतिहासिक उपलब्धीमा समेत धक्का लाग्न पुग्यो । पूर्ण सरसफाइको दोस्रो चरण तर्फ उन्मुख गराउनको लागि पूर्ण सरसफाइ रणनीतिक योजना आवश्यक भएकोले यस चाँगुनारायण नगरपालिकाको **पूर्ण सरसफाइ रणनीतिक योजना, २०७५** तयार पारिएको हो ।

**२.३ शैक्षिक संस्थाहरूमा सरसफाइ र खानेपानीको अवस्था**

| क्र.सं. | विवरण | विद्यालय संख्या | | | विद्यार्थीहरुको संख्या | | | खानेपानी तथा सरसफाइको अवस्था | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सामुदायिक | निजी | जम्मा | छात्र | छात्रा | जम्मा | खाने पानीको पहुँच भएको विद्यालय प्रतिशत | सरसफाइको पहुच भएको विद्यालय प्रतिशत |
| १ | माध्यामिक विद्यालय | १४ | ११ | २५ | ७६१ | ९१० | १६७१ | १०० | १०० |
| २ | आधारभूत विद्यालय | २५ | १४ | ३९ | ४६९४ | ४३५१ | ९०४५ | १०० | १०० |
| **जम्मा** | | **३९** | **२५** | **६४** | **५४५५** | **५२६१** | **१०७१६** | १०० | १०० |

**स्रोत : नगरपालिका सर्वेक्षण २०७४ कार्तिक**

सबै विद्यालयहरुमा खानेपानी र सरसफाइमा पहुँच रहेता पनि सुरक्षित पिउने पानी र प्रयोगकर्ता

मैत्री शौचालय, हात धुने व्यवस्था र फोहोर व्यवस्थापन पक्षमा सुधार गर्नु पर्ने देखिन्छ ।

## २.४ नगरभित्र अवस्थित प्रमुख कार्यालयहरूमा सरसफाइ र खानेपानीको अवस्था

| क्र.स. | कार्यालय तथा संस्थाहरुको नाम | ठेगाना | खानेपानी तथा सरसफाइको अवस्था | |
|---|---|---|---|---|
| | | | खानेपानीको अवस्था | चर्पीको अवस्था |
| १ | १. नं. वडा कार्यालय | चा.न.पा-१ | धाराको पानी फिल्टर गर्ने । | १ वटा शौचालय भएको । साबुन पानी सहितको हात धुने व्यवस्था नभएको । |
| २ | दुवाकोट स्वास्थ्य चौकी | चा.न.पा-१ | धाराको पानी फिल्टर गर्ने । | २ वटा शौचालय र साबुन पानी सहितको हात धुने व्यवस्था भएको । |
| ३ | सशस्त्र प्रहरी गुहेश्वरी गण | चा.न.पा-१ | धाराको पानी फिल्टर गर्ने | ४६ वटा शौचालय र हात धुने व्यवस्था भएको । |
| ४ | २ नं. वडा कार्यालय | चा.न.पा-२ | धाराको पानी प्रयोग गर्ने । | २ वटा शौचालयर हात धुने व्यवस्था भएको । |
| ५ | ईलाका हुलाक | चा.न.पा-२ | धाराको पानी प्रयोग गर्ने । | १ शौचालय र हात धुने व्यवस्था भएको |
| ६ | महानगरीय प्रहरी प्रभाग | चा.न.पा-२ | धाराको पानी प्रयोग गर्ने । | १ शौचालय र हात धुने व्यवस्था भएको । |
| ७ | दुवाकोट ने.रे.सो. उपशाखा | चा.न.पा-२ | धाराको पानी प्रयोग गर्ने । | १ शौचालय र हात धुने व्यवस्था भएको । |
| ८ | ३ नं. वडा कार्यालय | चा.न.पा-३ | जारको पानी फिल्टर गर्ने । | २ वटा शौचालयर हात धुने व्यवस्था सुधार गर्नु पर्ने । |
| ९ | झौखेल स्वास्थ्य चौकी | चा.न.पा-३ | धाराको पानी फिल्टर गर्ने । | १ वटा शौचालयर साबुन पानी सहितको हात धुने व्यवस्था भएको । |
| १० | पशु सेवा केन्द्र | चा.न.पा-३ | धाराको पानी फिल्टर गर्ने । | १ वटा शौचालयभएको । |
| ११ | कृषि सेवा केन्द्र | चा.न.पा-३ | धाराको पानी फिल्टर गर्ने । | १ वटा शौचालय र साबुन पानी सहितको हात धुने व्यवस्था भएको । |
| १२ | नेपाल बिद्युत प्राधिकरण, नो लाइट शाखा | चा.न.पा-३ | धाराको पानी सिधै प्रयोग गर्ने । | १ वटा शौचालय भएको । साबुन पानी सहितको हात धुने व्यवस्था नभएको । |

| | | | | |
|---|---|---|---|---|
| १३ | वडा स्वास्थ्य केन्द्र | चा.न.पा-३ | धाराको पानी फिल्टर गर्ने । | १ वटा शौचालय र साबुन पानी सहितको हात धुने व्यवस्था भएको । |
| १४ | ज्योतिलिङ्गेश्वर मन्दिर | चा.न.पा-३ | धाराको पानी सिधै प्रयोग गर्ने । | १ वटा शौचालय भएको । साबुन पानी सहितको हात धुने व्यवस्था नभएको । |
| १५ | श्रीकृष्ण सेवा सदन | चा.न.पा-३ | धाराको पानी सिधै प्रयोग गर्ने । | १ वटा शौचालय भएको । साबुन पानी सहितको हात धुने व्यवस्था नभएको । |
| १६ | पुर्नस्थापन केन्द्र | चा.न.पा-३ | धाराको पानी फिल्टर गर्ने । | १ वटा शौचालयर साबुन पानी सहितको हात धुने व्यवस्था भएको । |
| १७ | सामुदायिक भवन (ई. लाईबेरी) | चा.न.पा-३ | धाराको पानी सिधै प्रयोग गर्ने । | १ वटा शौचालयभएको । साबुन पानी सहितको हात धुने व्यवस्था नभएको । |
| १८ | महिला सामुदायिक भवन | चा.न.पा-३ | धाराको पानी फिल्टर गर्ने । | १ वटा शौचालयभएको । साबुन पानी सहितको हात धुने व्यवस्था नभएको । |
| १९ | कोटदेवी मन्दिर | चा.न.पा-३ | धाराको पानी फिल्टर गर्ने । | १ वटा शौचालयभएको । साबुन पानी सहितको हात धुने व्यवस्था नभएको । |
| २० | राम मन्दिर | चा.न.पा-३ | धाराको पानी सिधै प्रयोग गर्ने । | |
| २१ | झौखेल ने.रे.सो.उपशाखा भवन | चा.न.पा-३ | धाराको पानी फिल्टर गर्ने । | १ वटा शौचालयभएको । साबुन पानी सहितको हात धुने व्यवस्था नभएको । |
| २२ | ४ नं वडा कार्यालय | चा.न.पा-४ | धाराको पानी फिल्टर गर्ने । | २ वटा शौचालयर साबुन पानी सहितको हात धुने व्यवस्था भएको । |
| २३ | चाँगुनारायण प्राथमिक स्वास्थ्य केन्द्र | चा.न.पा-४ | धाराको पानी फिल्टर गर्ने । | २ वटा शौचालयर साबुन पानी सहितको हात धुने व्यवस्था भएको । |
| २४ | महानगरीय प्रहरी प्रभाग | चा.न.पा-४ | धाराको पानी फिल्टर गर्ने । | २ वटा शौचालयर साबुन पानी सहितको हात धुने व्यवस्था भएको । |
| २५ | सशस्त्र क्याम्प | चा.न.पा-४ | धाराको पानी फिल्टर गर्ने । | ६ शौचालयर साबुन पानी सहितको हात धुने व्यवस्था भएको । |

| | | | | |
|---|---|---|---|---|
| २६ | अपाङ्ग भवन | चा.न.पा-४ | धाराको पानी फिल्टर गर्ने । | २ वटा शौचालयर साबुन पानी सहितको हात धुने व्यवस्था भएको । |
| २७ | भवन कार्यालय | चा.न.पा-४ | धाराको पानी फिल्टर गर्ने । | १ शौचालय, साबुन पानीले हात धुने व्यवस्था छैन । |
| २८ | ५ नं. वडा कार्यालय | चा.न.पा-५ | धाराको पानी फिल्टर गर्ने । | २ वटा शौचालय, हात धुने व्यवस्था सुधार गर्नु पर्ने । |
| २९ | छालिङ्ग स्वास्थ्य चौकी | चा.न.पा-५ | धारा अथवा टयाङ्करको पानी फिल्टर गर्ने । | ८ वटा शौचालय, साबुन पानी सहितको हात धुने व्यवस्था । |
| ३० | पशु सेवा केन्द्र | चा.न.पा-५ | धारा अथवा टयाङ्करको पानी फिल्टर गर्ने । | १ वटा शौचालय, साबुन पानी सहितको हात धुने व्यवस्था । |
| ३१ | अतिरिक्त हुलाक कार्यालय | चा.न.पा-५ | धाराको पानी सिधै प्रयोग गर्ने | १ वटा शौचालयभएको । साबुन पानी सहितको हात धुने व्यवस्था नभएको । |
| ३२ | खरिपाटी सैनिक प्रतिष्ठान | चा.न.पा-५ | धाराको पानी फिल्टर गर्ने | प्रयाप्त शौचालयर हात धुने व्यवस्था भएको । |
| ३३ | चाँगुनारायण नगरपालिका | चा.न.पा-५ | जारको पानी फिल्टर गर्ने । | ६ वटा शौचालय, साबुन पानी सहितको हात धुने व्यवस्था । |
| ३४ | खरिपाटी आयुवेद केन्द्र | चा.न.पा-५ | धाराको पानी फिल्टर गर्ने । | १ वटा शौचालयभएको । साबुन पानी सहितको हात धुने व्यवस्था नभएको । |
| ३५ | नेपाल बिद्युत प्राधिकरण, नो लाइट शाखा | चा.न.पा-५ | धाराको पानी सिधै प्रयोग गर्ने । | १ वटा शौचालयभएको । साबुन पानी सहितको हात धुने व्यवस्था नभएको । |
| ३६ | सामुदायिक स्वास्थ्य केन्द्र | चा.न.पा-५ | धाराको पानी सिधै प्रयोग गर्ने । | २ वटा शौचालयभएको । साबुन पानी सहितको हात धुने व्यवस्था नभएको । |
| ३७ | पिखेल अग्रज महिला सामुदायिक भवन | चा.न.पा-५ | धाराको पानी फिल्टर गर्ने । | २ वटा शौचालयभएको । साबुन पानी सहितको हात धुने व्यवस्था भएको । |
| ३८ | ६ नं. वडा कार्यालय | चा.न.पा-६ | धाराको पानी फिल्टर गर्ने । | २ वटा शौचालयप्रयोगकर्ता मैत्री भएको । साबुन पानी सहितको हात धुने व्यवस्था भएको । |

| | | | | |
|---|---|---|---|---|
| ३९ | नगरकोट स्वास्थ्य चौकी | चा.न.पा-६ | धाराको पानी फिल्टर गर्ने । | ३ वटा शौचालयभएको । साबुन पानी सहितको हात धुने व्यवस्था भएको । |
| ४० | सैनिक शिक्षालय | चा.न.पा-६ | धाराको पानी फिल्टर गर्ने । | प्रयाप्त शौचालयर हात धुने व्यवस्था भएको । |
| ४१ | राष्ट्रिय खानेपानी तथा सरसफाइ तालिम केन्द्र | चा.न.पा-६ | धाराको पानी फिल्टर गर्ने । | प्रर्याप्त शौचालयभएको । साबुन पानी सहितको हात धुने व्यवस्था भएको । |
| ४२ | इलाका हुलाक कार्यालय | चा.न.पा-६ | धाराको पानी फिल्टर गर्ने । | १ वटा शौचालयभएको । साबुन पानी सहितको हात धुने व्यवस्था भएको । |
| ४३ | नापी शाखा सर्वे केन्द्र | चा.न.पा-६ | धाराको पानी फिल्टर गर्ने । | २ वटा शौचालयभएको । साबुन पानी सहितको हात धुने व्यवस्था भएको । |
| ४४ | सामुदायिक स्वास्थ्य केन्द्र | चा.न.पा-६ | धाराको पानी फिल्टर गर्ने । | २ वटा शौचालयभएको । साबुन पानी सहितको हात धुने व्यवस्था भएको । |
| ४५ | नगरकोट नालधुम पर्यटन बिकास समिति | चा.न.पा-६ | धाराको पानी फिल्टर गर्ने । | १ वटा शौचालयभएको । साबुन पानी सहितको हात धुने व्यवस्था भएको । |
| ४६ | पर्यटन प्रहरी कार्यालय | चा.न.पा-६ | धाराको पानी फिल्टर गर्ने । | १ वटा शौचालयभएको । साबुन पानी सहितको हात धुने व्यवस्था भएको । |
| ४७ | नगरकोट ने.रे.सो.उपशाखा भवन | चा.न.पा-६ | धाराको पानी फिल्टर गर्ने । | १ वटा शौचालयभएको । साबुन पानी सहितको हात धुने व्यवस्था नभएको । |
| ४८ | ७ नं. वडा कार्यालय | चा.न.पा-७ | धाराको पानी फिल्टर गर्ने । | १ वटा शौचालयभएको । साबुन पानी सहितको हात धुने व्यवस्था भएको । |
| ४९ | वागेश्वरी स्वास्थ्य चौकी | चा.न.पा-७ | धाराको पानी फिल्टर गर्ने । | १ वटा शौचालयभएको । साबुन पानी सहितको हात धुने व्यवस्था भएको । |
| ५० | ईलाका वन कार्यालय | चा.न.पा-७ | धाराको पानी फिल्टर गर्ने । | १ वटा शौचालयभएको । साबुन पानी सहितको हात धुने व्यवस्था नभएको । |

| | | | | |
|---|---|---|---|---|
| ५१ | प्रहरी प्रभाग | चा.न.पा-७ | धाराको पानी फिल्टर गर्ने । | २ वटा शौचालयभएको । साबुन पानी सहितको हात धुने व्यवस्था भएको । |
| ५२ | ईलाका हुलाक कार्यालय | चा.न.पा-७ | धाराको पानी सिधै प्रयोग गर्ने । | १ वटा शौचालयभएको । साबुन पानी सहितको हात धुने व्यवस्था नभएको । |
| ५३ | पशु सेवा केन्द्र तथा कृषि से वा केन्द्र | चा.न.पा-७ | धाराको पानी सिधै प्रयोग गर्ने । | १ वटा शौचालयभएको । साबुन पानी सहितको हात धुने व्यवस्था नभएको । |
| ५४ | यान्त्रिक सैनिक शिक्षालय | चा.न.पा-७ | धाराको पानी फिल्टर गर्ने । | प्रर्याप्त शौचालयभएको । साबुन पानी सहितको हात धुने स्थान भएको । |
| ५५ | नेपाल बिद्युत प्राधिकरण तालिम केन्द्र | चा.न.पा-७ | धाराको पानी फिल्टर गर्ने । | प्रर्याप्त शौचालयभएको । साबुन पानी सहितको हात धुने व्यवस्था भएको । |
| ५६ | सैनिक तालिम केन्द्र | चा.न.पा-७ | धाराको पानी फिल्टर गर्ने । | प्रर्याप्त शौचालयभएको । साबुन पानी सहितको हात धुने व्यवस्था भएको । |
| ५७ | दुग्ध संकलन तथा प्रशोधन केन्द्र | चा.न.पा-७ | धाराको पानी फिल्टर गर्ने । | १ वटा शौचालयभएको । साबुन पानी सहितको हात धुने व्यवस्था भएको । |
| ५८ | ८ नं. वडा कार्यालय | चा.न.पा-८ | धाराको पानी फिल्टर गर्ने । | प्रर्याप्त शौचालयभएको । साबुन पानी सहितको हात धुने स्थान सुधार गर्नु पर्ने । |
| | | चा.न.पा-८ | | |
| ५९ | सुडाल स्वास्थ्य चौकी | चा.न.पा-८ | धाराको पानी फिल्टर गर्ने । | २ वटा शौचालयभएको । साबुन पानी सहितको हात धुने व्यवस्था भएको । |
| ६० | ईलाका वन कार्यालय | चा.न.पा-८ | धाराको पानी फिल्टर गर्ने । | १ वटा शौचालयभएको । साबुन पानी सहितको हात धुने व्यवस्था भएको । |
| ६१ | पशु सेवा केन्द्र | चा.न.पा-८ | धाराको पानी फिल्टर गर्ने । | १ वटा शौचालयभएको । साबुन पानी सहितको हात धुने व्यवस्था भएको । |

| | | | | |
|---|---|---|---|---|
| ६२ | नेपाल बिद्युत प्राधिकरण, नो लाइट शाखा | चा.न.पा-८ | धाराको पानी फिल्टर गर्ने । | १ वटा शौचालयभएको । साबुन पानी सहितको हात धुने व्यवस्था भएको । |
| ६३ | मणिकर्णिका घाट/बृद्धा आश्रम | चा.न.पा-८ | धाराको पानी फिल्टर गर्ने । | शौचालयनभएको । साबुन पानी सहितको हात धुने व्यवस्था नभएको । |
| ६४ | शहरी स्वास्थ्य केन्द्र | चा.न.पा-८ | धाराको पानी फिल्टर गर्ने । | ४ वटा शौचालयभएको । साबुन पानी सहितको हात धुने व्यवस्था नभएको । |
| ६५ | सरस्वती मन्दिर | चा.न.पा-८ | धाराको पानी सिधै प्रयोग गर्ने । | शौचालयर हात धुने स्थानको व्यवस्था नभएको । |
| ६६ | सुडाल ने.रे.सो.उपशाखा भवन | चा.न.पा-९ | धाराको पानी सिधै प्रयोग गर्ने । | १ वटा शौचालयभएको र हात धुने स्थानको व्यवस्था नभएको । |
| ६७ | ९ नं. वडा कार्यालय | चा.न.पा-९ | धाराको पानी फिल्टर गर्ने । | ३ वटा शौचालयभएको । साबुन पानी सहितको हात धुने स्थान सुधार गर्नु पर्ने । |
| ६८ | ताथली स्वास्थ्य चौकी | चा.न.पा-९ | धाराको पानी फिल्टर गर्ने । | ४ वटा शौचालय भएको । साबुन पानी सहितको हात धुने प्रर्याप्त स्थान भएको । |
| ६९ | कृषि /पशु सेवा केन्द्र | चा.न.पा-९ | धाराको पानी फिल्टर गर्ने । | २ वटा शौचालय भएको । साबुन पानी सहितको हात धुने प्रर्याप्त स्थान भएको । |
| ७० | अस्थायी प्रहरी बिट | चा.न.पा-९ | धाराको पानी फिल्टर गर्ने । | शौचालय नभएको । साबुन पानी सहितको हात धुने स्थान नभएको । |
| ७१ | वाड वास सिसी सामुदायिक भवन | चा.न.पा-९ | नभएको । | नभएको । |
| ७२ | चार्पी टोल सामुदायिक भवन | चा.न.पा-९ | धाराको पानी फिल्टर गर्ने । | १ वटा शौचालयभएको । साबुन पानी सहितको हात धुने प्रर्याप्त स्थान भएको । |
| ७३ | रेडक्रस सामुदायिक भवन | चा.न.पा-९ | नभएको | १ वटा शौचालयभएको । |
| ७४ | ताथली ने.रे.सो.उपशाखा भवन | चा.न.पा-९ | धाराको पानी फिल्टर गर्ने । | १ वटा शौचालयभएको । साबुन पानी सहितको हात धुने पर्याप्त स्थान भएको । |

## २.५ नगर तथा वडाक्षेत्रका प्रमुख बजार तथा व्यापारिक स्थलहरूको सरसफाइको अवस्था

| क्र.स. | वडा नं. | प्रमुख बजार तथा व्यापारिक स्थलहरु | सार्वजनिक शौचालयको अवस्था तथा सरसफाइको समग्र अवस्था | खानेपानीको आपूर्तिको अवस्था |
|---|---|---|---|---|
| १ | १ | महांकाल चोक | बजार सरसफाइ गर्ने नगरिएको, फोहोर व्यवस्थापन पक्षमा जोड दिनु पर्ने, व्यवस्थित सार्वजनिक शौचालयनभएकोले समस्या परिरहेको | सार्वजनिक स्थलमा खाने पानीको सुविधा नभएको । |
| २ | २ | दुवाकोट मोड चोक | नियमित बजार सरसफाइ गर्ने नगरिएको, फोहोर व्यवस्थापन पक्षमा जोड दिनु पर्ने, व्यवस्थित सार्वजनिक शौचालय नभएकोले समस्या परिरहेको | सार्वजनिक स्थलमा खाने पानीको सुविधा नभएको । |
| ३ | | के.एम.सी चोक | नियमित बजार सरसफाइ गर्ने नगरिएको, फोहोर संकलन कार्य नीजी फोहोर संकलक संस्थाबाट हप्तामा २ दिन भई रहेको व्यवस्थित सार्वजनिक शौचालय नभएकोले समस्या परिरहेको | सार्वजनिक स्थलमा खाने पानीको सुविधा नभएको । |
| ४ | | दुवाकोट तल्लो/ माथिल्लो हाईट | नियमित बजार सरसफाइ गर्ने नगरिएको, फोहोर संकलन कार्य नीजी फोहोर संकलक संस्थाबाट हप्तामा २ दिन भई रहेको व्यवस्थित सार्वजनिक शौचालय नभएकोले समस्या परिरहेको | सार्वजनिक स्थलमा खाने पानीको सुविधा नभएको । |
| ५ | | कालीघाट चोक | नियमित बजार सरसफाइ गर्ने नगरिएको, फोहोर संकलन कार्य नीजी फोहोर संकलक संस्थाबाट हप्तामा २ दिन भई रहेको व्यवस्थित सार्वजनिक शौचालय नभएकोले समस्या परिरहेको | सार्वजनिक स्थलमा खाने पानीको सुविधा नभएको । |
| ६ | ३ | थापा गाउँ (वडा कार्यालय | नियमित सरसफाइ गर्ने नगरिएको, फोहोर व्यवस्थापन पक्षमा जोड दिनु पर्ने, व्यवस्थित सार्वजनिक शौचालय नभएकोले समस्या परिरहेको | सार्वजनिक स्थलमा खाने पानीको सुविधा नभएको । |
| ७ | ४ | चाँगुनारायण मन्दिर क्षेत्र | नियमित बजार सरसफाइ गर्ने गरिएको, फोहोर व्यवस्थापन पक्षमा जोड दिनु पर्ने, व्यवस्थित सार्वजनिक शौचालय भएको । | सार्वजनिक स्थलमा खानेपानीको सुविधा भएको । |

| | | | | |
|---|---|---|---|---|
| ८ | ५ | पिखेल पकुनेपाटी | नियमित बजार सरसफाइ गर्ने नगरिएको, फोहोर व्यवस्थापन भएको, व्यवस्थित सार्वजनिक शौचालयनभएकोले समस्या परिरहेको | सार्वजनिक स्थलमा खानेपानीको सुविधा भएको । |
| ९ | ५ र ७ | खरिपाटी | नियमित बजार सरसफाइ गर्ने नगरिएको, फोहोर व्यवस्थापन पक्षमा जोड दिनु पर्ने, व्यवस्थित सार्वजनिक शौचालयनभएको । | सार्वजनिक स्थलमा खाने पानीको सुविधा नभएको । |
| १० | ५ र ६ | तेलकोट | नियमित बजार सरसफाइ गर्ने नगरिएको, फोहोर व्यवस्थापन पक्षमा जोड दिनु पर्ने, व्यवस्थित सार्वजनिक शौचालयनभएको । | सार्वजनिक स्थलमा खाने पानीको सुविधा नभएको । |
| ११ | ६ | नगरकोट | नियमित बजार सरसफाइ गर्ने नगरिएको, फोहोर व्यवस्थापन पक्षमा जोड दिनु पर्ने, व्यवस्थित सार्वजनिक शौचालयभएको । | सार्वजनिक स्थलमा खाने पानीको सुविधा नभएको । |
| १२ | ६ | शान्ति डाँडा | नियमित बजार सरसफाइ गर्ने नगरिएको, फोहोर व्यवस्थापन पक्षमा जोड दिनु पर्ने, व्यवस्थित सार्वजनिक शौचालयनभएको । | सार्वजनिक स्थलमा खाने पानीको सुविधा नभएको । |
| १३ | ७ | वागेश्वरी हेल्थपोष्ट क्षेत्र | बजार सरसफाइ गर्ने नगरिएको, फोहोर व्यवस्थापन भएको, व्यवस्थित सार्वजनिक शौचालयनभएको । | सार्वजनिक स्थलमा खानेपानीकोसुविधा भएको । |
| १४ | ८ | सुडाल वडा कार्यालय क्षेत्र | नियमित सरसफाइ गर्ने नगरिएको, फोहोर व्यवस्थापन भई रहेको, व्यवस्थित सार्वजनिक शौचालयनभएको । | सार्वजनिक स्थलमा खाने पानीको सुविधा नभएको । |
| १५ | ८ | सरस्वती मन्दिर क्षेत्र | नियमित सरसफाइ गर्ने नगरिएको, फोहोर व्यवस्थापन भई रहेर्को, व्यवस्थितसार्वजनिक शौचालयनभएको । | सार्वजनिक स्थलमा खानेपानीको सुविधा भएको । |
| १६ | ८ | सुडाल प्रहरी चौकी क्षेत्र र वसपार्क क्षेत्र | नियमित सरसफाइ गर्ने नगरिएको, फोहोर व्यवस्थापन भई रहेर्को, व्यवस्थित सार्वजनिक शौचालयनभएको । | सार्वजनिक स्थलमा खानेपानीको सुविधा भएको । |
| १७ | ८ | कलामसी क्षेत्र | नियमित सरसफाइ गर्ने नगरिएको, फोहोर व्यवस्थापन भई रहेको, व्यवस्थित सार्वजनिक शौचालयनभएको । | सार्वजनिक स्थलमा खानेपानीको सुविधा भएको । |

| | | | | |
|---|---|---|---|---|
| १८ | ९ | फैढोका | नियमित सरसफाइ गर्ने नगरिएको, फोहोर व्यवस्थापन पक्षमा जोड दिनु पर्ने, व्यवस्थित सार्वजनिक शौचालय नभएको । | सार्वजनिक स्थलमा खाने पानीको सुविधा नभएको । |
| १९ | ९ | ताथली वडा कार्यालय जाने चोक | नियमित सरसफाइ गर्ने नगरिएको, फोहोर व्यवस्थापन पक्षमा जोड दिनु पर्ने, व्यवस्थित सार्वजनिक शौचालयभएको । | सार्वजनिक स्थलमा खाने पानीको सुविधा नभएको । |

(स्रोत : नगरपालिकाको सर्वेक्षण, २०७४ कार्तिक)

## २.६ नगरमा पूर्ण सरसफाइ अभियान सम्बन्धमा : सबल पक्ष, सुधार गर्नु पर्ने, अवसर र चुनौती पक्षको विश्लेषण

### २.६.१ सबल पक्षहरुः

- ☞ नगरको पूर्ण सरसफाइ रणनीतिक योजना, २०७५ तयार भई एमवाससिसिबाट स्वीकृत भई सकेको
- ☞ नगरपालिकाको नीति तथा कार्यक्रममा खानेपानी तथा सरसफाइका कार्यक्रम उल्लेख भएको ।
- ☞ खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी समन्वय समितिहरु नगर देखि वडा तह र वडाको केही विद्यालयहरुमा सम्म रहेको ।
- ☞ समुदाय तहसम्म शिक्षा, स्वास्थ्यको सञ्जालबाट खुला दिसामुक्त अभियानमा राम्रो भूमिका निर्वाह भएको ।
- ☞ नगर स्तरीयखानेपानी,सरसफाइ तथा स्वच्छता समन्वय समिति क्रियाशील रहेको र नपा र वडा तहका संरचनाहरु सहजै क्रियाशील भई अभियानको नेतृत्व लिने ।
- ☞ राजनीतिक दलहरुबाट नगरदेखि स्थानीय तहसम्म राम्रो भूमिका निर्वाह भएको ।
- ☞ समुदायमा आधारित विभिन्न संघसंस्थाहरुः सामुदायिक वन, सहकारी, आमा समूह, युवा क्लब आदिको सक्रियता राम्रो रहेको ।
- ☞ सबै वडाहरुमा सडकको पहुँच भएको ।
- ☞ स्थानीय तहसम्म सञ्चारका माध्यमहरुको पहुँच रहेको ।
- ☞ अभियानको रुपमा लाग्दा जुनसुकै कार्यक्रम सफल हुन्छ भन्ने धारणाको विकास भएको ।
- ☞ GSF/UN-Habitat को सहयोग तथा युवा कृयाकलाप समाज (सोया) को प्राबिधिक सहयोगमा, पूर्ण सरसफाइ कार्यक्रम अन्तर्गत नगरपालिकाको वडा नं. १, २, ७ र ९ भित्र पूर्ण सरसफाइ कार्यक्रम सञ्चालन भई ४ वटा वडा भित्रको निश्चित समुदाय नमुना समुदायको रुपमा बिकास भई रहेको ।
- ☞ नगरमा पूर्ण सरसफाइ अभियानका लागि GSF/UN-Habitat ले नगर स्तरको सबै वडाहरुमा कार्य सञ्चालन गर्ने तयारी भईरहेको ।

### २.६.२ सुधार गर्नु पर्ने पक्ष :

- ☞ पूर्ण सरसफाइ कार्यक्रम सञ्चालन गर्ने गरी नगर र वडा तहमा बजेट विनियोजन/ निर्क्यौल नभएको ।

- खुला दिसामुक्त हासिल भैसकेको लामो समयसम्म पूर्ण सरसफाइ कार्यक्रम सञ्चालनमा सहयोगी तथा सहजीकरण गर्ने निकायहरुको अभावका कारण नगर तथा वडा तहका संस्थागत संरचनाहरु प्रायजसो निस्कृय रहेको ।
- विद्यालयहरुमा समेत न्यूनतम आवश्यक खानेपानीको अभाव रहेको ।
- संस्थागत तहमा प्रयोगकर्ता मैत्री शौचालयको अभाव रहेको ।
- शौचालयको प्रयोग र स्तरोन्नतिमा जोड दिनुपर्ने ।
- नगरमा खानेपानी आयोजनाहरु संचालनमा रहेता पनि व्यवस्थापकीय पक्षमा सुधार गर्नु पर्ने आवश्यकता रहेको ।
- समुदायमा सुरक्षित खानेपानीको महत्वबारे जनचेतनाको कमी ।
- नगर क्षेत्रमा फोहोर व्यवस्थापन, ढल निकासको अवस्था कमजोर रहेको ।
- पूर्ण सरसफाइको क्षेत्रमा काम गर्ने दक्ष मानव संशाधनको कमी रहेको ।

**२.६.३ अवसरहरु**

- पूर्ण सरसफाइको कार्यक्रमलाई नगरपालिकाले नीतिगत आधारमा प्राथमिकतामा राखेको ।
- ग्लोबल स्यानिटेसन फण्ड/यू एन ह्याविट्याट, एन्फो, फण्ड बोर्ड लगायतको आर्थिक तथा प्राविधिक सहयोग प्राप्त हुनु ।
- शिक्षा, स्वास्थ्य, सामुदायिक वन, सहकारी संस्था, कृषिहरुको सञ्जाललाई परिचालन गर्न सकिने।
- तालिम प्राप्त दक्ष मानव संसाधनलाई परिचालन गर्न सकिने ।
- स्थानीय स्रोत र साधनको पहिचान तथा परिचालनमा आम सहभागिता गर्न सकिने ।
- आम सञ्चार माध्यमहरुसँगको साझेदारिता र सहकार्यमा प्रचार प्रसार कार्यलाई तीव्रता दिन सकिने ।
- सार्वजनिक, निजी साझेदारिमा सार्वजनिक शौचालयनिर्माण तथा सञ्चालन, फोहोरमैला व्यवस्थापन, ढल निकास, हरियाली प्रवर्द्धन, सरसफाइयुक्त पार्क निर्माण, होम स्टे सञ्चालन आदि गर्न सकिने ।
- समुदाय, वडा, विद्यालय सेवा क्षेत्रहरु बीचमा स्वस्थ प्रतिष्पर्धा सिर्जना हुने ।
- पूर्ण सरसफाइलाई विकासका अन्य कार्यक्रम तथा अभियानसँग समन्वयात्मक रुपमा सञ्चालन गर्न सकिने ।

**२.६.४ चुनौतीहरु :**

- खानेपानी आयोजना विस्तार हुँदै गए पनि र सुरक्षित पानीको महत्व र प्रयोगमा जोड दिनुपर्ने ।
- अति विपन्न, असहाय तथा पछाडि परेका वर्ग, जग्गा विहिन घरपरिवारमा पूर्ण सरसफाइयुक्त अवस्था हासिल गर्न कठिनाई पर्ने ।
- एक भन्दा बढी बसोबास क्षेत्र भएका घरधुरीहरु रहेको क्षेत्रमा पूर्ण सरसफाइका सूचकहरु हासिल गर्न कठिनाई पर्ने ।
- सिधै ढलमा जोडिएका शौचालयबनाइएका घरहरु तथा मौका छोपेर सेप्टिक ट्यांकी ढलमा मिसाउने परिपाटीको नियन्त्रण गर्न कठिनाई पर्ने ।
- घर तथा संस्थागत तहमा फोहोरको व्यवस्थापन गर्ने सीप र बानीको विकास गर्न तथा न.पा.मा व्यवस्थित रुपमा ल्याण्डफिल्ड साइट सञ्चालन गर्ने ।

- ☞ गोठ तथा खोर व्यवस्थापन, सफा भान्सा जस्ता कार्यक्रमहरु अभियानको रुपमा नआउदा पूर्ण सरसफाइका सूचकहरु पुरा गर्न कठिनाई पर्ने ।
- ☞ इट्टा भट्टाको सरसफाइ अवस्थामा सुदृढीकरण ।
- ☞ दैवी प्रकोपहरु : बाढी, पहिरो, भूकम्प आदिको प्रभाव ।

## २.७ नगरको सरसफाइ रणनीतिक योजना

सन् २०२२ (बि.स.२०७८ पौष) सम्म चाँगुनारायण नगरपालिकालाई नै पूर्ण सरसफाइ उन्मुख क्षेत्रको रुपमा विकास गर्ने बृहत उद्देश्य सहित चाँगुनारायण नगरपालिकामा भएका सबै सरोकारवालाहरुबाट भएको प्रतिवद्धतालाई मध्यनजर राखी नगर स्तरीयखानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति (एमवाससिसि) ले चाँगुनारायण नगरपालिकालाई सन् २०२२ (२०७९ पौष) भित्रै पूर्ण सरसफाइ उन्मुख क्षेत्र घोषणा गर्ने लक्ष्य सहित पूर्ण सरसफाइ रणनीतिक कार्य योजना सन् २०१८ (२०७५) विमोचन गरिएको छ । सोही सरसफाइ रणनीतिक योजना बमोजिम नगरमा सरसफाइ अभियान सञ्चालन गरिनेछ ।

चाँगुनारायण नगरपालिकाको सरसफाइ रणनीतिक कार्ययोजना, २०१८ (२०७५) को क्षेत्र तथा समीक्षा तल प्रस्तुत गरिएको छ ।

| क्षेत्र | प्रमाणीकरणको आधार |
|---|---|
| **लक्ष्य :** नगर क्षेत्र भित्रका समुदायहरु, विद्यालयहरु, सार्वजनिक क्षेत्रहरु, संस्थागत निकायहरुमा खानेपानी सरसफाइ तथा स्वच्छताको दिगो संस्थागत आधार तयार गर्दै खानेपानी सरसफाइ तथा स्वच्छतामा सबै घरधुरी तथा संस्थागत निकायहरुमा पहुँच पुऱ्याई नगरलाई सन् २०२२ (बि.स.२०७८ पौष) सम्ममा पूर्ण सरसफाइ उन्मुख क्षेत्रको रुपमा विकास गर्ने । | ☞ नगरपालिका, वडा बिद्यालय सेवा क्षेत्र, वडा स्तरमा खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिहरु गठन गर्नुका साथै क्षमता विकास गरी अभियानको नेतृत्व गर्न सक्ने पारिएको,<br>☞ सम्पूर्ण घरधुरीलाई सरसफाइ सामग्री सहितको सुरक्षित चर्पी प्रयोगमा पहुँच पुगेको,<br>☞ सम्पूर्ण संस्थागत निकायहरुलाई सरसफाइको सुविधामा पहुँच पुगेको<br>☞ खुला दिसामुक्त क्षेत्र घोषणा पश्चात संस्थागत संरचनाहरु थप क्रियाशील हुन नसकिरहेको,<br>☞ अति आवश्यक स्थानहरुमा सार्वजनिक शौचालय निर्माण भएको<br>☞ सन् २०२२ (२०७९ पौष) सम्ममा चाँगुनारायण नगरपालिकालाई पूर्ण सरसफाइ उन्मुख क्षेत्रको रुपमा विकास गर्न पूर्ण सरसफाइ रणनीतिक योजना २०७५ तयार गरिएको |
| **उद्देश्य १ :** खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको संस्थागत सुदृढीकरण तथा क्षमता विकास खानेपानी, सरसफाइ तथा स्वच्छता योजना । | ☞ सरसफाइ प्रवर्द्धनका लागि नगर तहदेखि वडा तहसम्म खाने पानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी संरचनाहरु गठन, पुर्नगठन तथा क्रियाशील बनाउने कार्य गरिनेछ ।<br>☞ खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी आधारभूत तथ्याङ्क को संकलन, व्यवस्थापन र अद्यावधिक गरिनेछ ।<br>☞ पूर्ण सरसफाइ अभियानका क्रममा वडा तथा टोल स्तरमा खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिहरु आवश्यकता अनुसार गठन / पुर्नगठन गरिनेछ ।<br>☞ वडाहरुको खानेपानी सरसफाइ तथा स्वच्छता योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ। |

| | |
|---|---|
| **उद्देश्य २ :** बानी व्यवहार प्रवर्द्धनका लागि प्रवर्द्धनात्मक क्रियाकलाप सञ्चालन गर्ने । | ☞ सरसफाइ सम्बन्धी बानी व्यवहारमा प्रवर्द्धनका लागि सरसफाइ अभियानका क्रममा विभिन्न प्रवर्द्धनात्मक क्रियाकलापहरु जस्तै नाटक र भिडियो डकुमेन्ट्री प्रदर्शन, गीत, नाँच, हाजिरीजवाफ, वक्तृत्वकला, चित्रकला प्रतियोगिता, पूर्ण सरसफाइ रेडियो कार्यक्रम आदि सञ्चालन गरिनेछ ।<br>☞ व्यवस्थित सेप्टिक टयाङ्की सहित चर्पी प्रयोग गर्ने तथा चर्पी प्रयोग पछि साबुन पानीले हात धुने बानीको विकास भएको हुनेछ ।<br>☞ विभिन्न दिवसहरु, सरसफाइ सप्ताह जस्ता कार्यक्रमहरु मनाउँदा सिर्जनशील नयाँ विधिहरु अपनाइने छ ।<br>☞ नगर क्षेत्र भित्र खुला रुपमा दिसा जन्य लेदो खोला नाला खोल्सी आदीमा मिसाउने प्रबृत्तिको अन्त्य गरिनेछ। |
| **उद्देश्य ३ :** पानी र सरसफाइ जन्य रोगहरुमा वर्तमान अवस्थालाई कम गर्न आवश्यक क्रियाकलाप सञ्चालन गर्ने । | ☞ दूषित पानी र सरसफाइको कमीबाट लाग्ने रोगव्याधिलाई आ.व. २०७४/०७५ मा १०.५६ प्रतिशत रहेकोमा त्यसलाई आ.व. २०७७/०७८ सम्ममा ० प्रतिशतमा झार्ने उदेश्य लिइएको छ ।<br>☞ सरसफाइ र स्वच्छता सम्बन्धी स्वस्थकर आनीबानी बसाल्नका लागि सरसफाइ प्रवर्द्धनात्मक क्रियाकलापहरुलाई निरन्तरता दिईने छ भने प्रवर्द्धनात्मक क्रियाकलापहरु सञ्चालन गर्दा विपन्न तथा पछाडि परेका समुदाय तथा घरहरुलाई बिशेष मध्यनजर गरिने छ । |
| **उद्देश्य ४:** पूर्ण सरसफाइ उन्मुख नमुना समुदाय विकास द्वारा सम्पूर्ण नगरपालिकालाई नै पूर्ण सरसफाइ उन्मूख बनाउने । | **पूर्ण सरसफाइ उन्मुख समुदायमा :**<br>☞ सबैले सहजरुपमा सुरक्षित चर्पीको समुचित प्रयोग गरेका हुनेछन् ।<br>☞ सबैले चर्पीको प्रयोग पछि (दिसा पिसाब छोएपछि) साबुन पानीले हात धुने गरेका हुनेछन् । अन्य जोखिमपूर्ण अवस्थामा हात धुने तथा व्यक्तिगत सरसफाइमा सुधार गरेका हुनेछन् ।<br>☞ न्यूनतम आवश्यक तथा सुरक्षित पानीमा पहुँच र प्रयोग सबैबाट भएको हुनेछ ।<br>☞ सबैमा सुरक्षित खानाको प्रयोग गर्ने बानीको विकास भएको हुनेछ ।<br>☞ सफा स्वच्छ घरआँगन भई दिगोपनाको कार्य निरन्तर भई रहेको हुनेछ ।<br>☞ घरबाट निस्कने फोहोरको वर्गीकरण र व्यवस्थापन भएको हुनेछ ।<br>☞ घरबाट निस्कने फोहोर पानीको व्यवस्थापन हुनेछ ।<br>☞ महिनावरी स्वच्छताको व्यवस्थापन भएको हुनेछ । |

| | |
|---|---|
| **उद्देश्य ५:** शैक्षिक संस्थाहरुमा खानेपानी तथा सरसफाइ स्वच्छता प्रवर्द्धन । | ☞ विद्यालयाहरुको प्रयोगकर्ता मैत्री खानेपानी तथा सरसफाइ सुविधा भएको हुनेछ ।<br>☞ विद्यालयहरुको ठोस तथा तरल फोहर ब्यवस्थापन तथा वातावरणीय सरसफाइसुधार भएका हुनेछ ।<br>☞ विद्यालयहरुको खानेपानी तथा सरसफाइ सुविधा व्यवस्थापन संयन्त्र विकास भएको हुनेछ ।<br>☞ नगर क्षेत्र भित्रको बिद्यालयहरुमा पूर्ण सरसफाइको स्रोत केन्द्रहरु बनेको हुनेछन् ।<br>☞ नगर क्षेत्र भित्रको सबै विद्यालयहरु पूर्ण सरसफाइ उन्मुख क्षेत्र बनेका हुनेछन् । |
| **उद्देश्य ६:** कार्यालयहरुमा खानेपानी, सरसफाइ र स्वच्छता प्रवर्द्धन । | ☞ कार्यालय तथा स्वास्थ्य संस्थाहरुको प्रयोगकर्ता मैत्री खानेपानी तथा सरसफाइसुविधा भएको हुनेछ ।<br>☞ कार्यालय तथा स्वास्थ्य संस्थाहरुको ठोस तथा तरल फोहर व्यवस्थापन भएका हुनेछ ।<br>☞ कार्यालय तथा स्वास्थ्य संस्थाहरुको खानेपानी तथा सरसफाइसुविधा व्यवस्थापन संयन्त्र विकास भएको हुनेछ ।<br>☞ नगर क्षेत्र भित्रको सबै कार्यालयहरु पूर्ण सरसफाइ उन्मुख क्षेत्र बनेका हुनेछन् । |
| **उद्देश्य ७:** सुरक्षित खानेपानीमा पहुँच वृद्धि र खानेपानी आयोजनाहरुको समुचित व्यवस्थापन तथा आयोजनाहरुमा खानेपानी सुरक्षा योजनाको कार्यान्वयन | ☞ खानेपानी आपुर्तिको पहुँच शत्प्रतिशत घरधुरीमा भएको हुनेछ ।<br>☞ निर्माण भएका आयोजनाहरुको मर्मत संभार र व्यवस्थापन भएको हुनेछ ।<br>☞ नगर क्षेत्र भित्रका आयोजनाहरुमा खानेपानी सुरक्षा योजनाको कार्यान्वयन सहित नेपाल गुणस्तर मापदण्ड अनुसारको खानेपानीको आपुर्ति भएको हुनेछ । |
| **उद्देश्य ८:** बजार क्षेत्र तथा सार्वजनिक स्थलहरुमा पूर्ण सरसफाइ प्रवर्द्धन र सरसफाइ बजारीकरण । | ☞ मुख्य बजार क्षेत्रहरुमा सरसफाइर खानेपानी आपुर्ती भई व्यवस्थित बजार क्षेत्रको रुपमा विकास भएको हुनेछ ।<br>☞ बजार तथा सर्वजनिक क्षेत्रहरुको सरसफाइ प्रबर्द्धनको लागि पूर्ण सरसफाइ समितिहरु गठन भई सरसफाइ अभियान सञ्चालन भएको हुनेछ ।<br>☞ बजार क्षेत्रमा सरसफाइ सामग्रीहरुको सहज आपुर्ति भएको हुनेछ ।<br>☞ बजार क्षेत्रमा आवश्यक्ता अनुशार सार्वजनिक शौचालयको निर्माण, सञ्चालन र व्यवस्थापन भएको हुनेछ । |
| **उद्देश्य ९:** जलवायु परिवर्तन तथा विपद् जोखिम न्यूनीकरण । | ☞ वन तथा भूसंरक्षण, पानीका मुलहरुको संरक्षण भौतिक निर्माणलाई व्यवस्थित गर्दै जलवायु परिवर्तनको असरलाई न्यूनीकरण भएको हुनेछ ।<br>☞ पानीको मूलहरुलाई सुक्न नदिन वा रिचार्ज गर्नको लागि रिचार्ज पोखरीको निर्माण आवश्यक स्थानमा भएको हुनेछ ।<br>☞ बिपद् जोखिम न्युनिकरणको लागि खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धी सामाग्रीहरुको भण्डारण भएको हुनेछ । |

| | |
|---|---|
| **उद्देश्य १०:** लैंगिक तथा सामाजिकसमावेशीकरण र व्यवहार परिवर्तन । | ☞ सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरु तयार पार्न समन्वय, सहकार्य भई एकरुपता आएको<br>☞ महिला तथा पछाडि पारिएका वर्गको पूर्ण सरसफाइमा अर्थपूर्ण सहभागिता भएको<br>☞ महिनावारी स्वच्छता व्यवस्थापन सम्बन्धी ज्ञान र क्षमता अभिबृद्धि र व्यवहार परिवर्तन भएको हुनेछ । |
| **उद्देश्य ११ :** ठोस तथा तरल फोहोर मैलाको समुचित व्यवस्थापन | ☞ नगर क्षेत्र भित्रका ठोस फोहोर मैला व्यवस्थापनका लागि ल्याण्डफिल्ड साइटको पहिचान गरिनेछ ।<br>☞ ठोस फोहोर मैला व्यवस्थापनको लागिनिजी फोहर मैला व्यवस्थापन व्यवसायी सँग सम्झौता गरी नगर क्षेत्र भित्रको फोहोर मैला संकलनको जिम्मेवारी दिइनेछ ।<br>☞ फोहोर मैलाको वर्गीकरण गरी जैविक मल बनाउने कार्यलाई प्रोत्साहन गरिनेछ साथै जैविक खेती गरी आय आर्जन बढाउन प्रेरित गरिनेछ ।<br>☞ प्लाष्टिक जन्य फोहोरबाट उपयोगी सामग्रीहरु निर्माण गरी आर्य आर्जन गर्ने क्रियाकलापहरु सञ्चालनगर्ने ।<br>☞ घरबाट निस्कने फोहोर पानीलाई संभव भए सम्म करेसाबारी तथा कौसी खेतीमा प्रयोग गरेको हुनेछ ।<br>☞ दिसा जन्य लेदो व्यवस्थापनको लागि प्रशोधन केन्द्रको निर्माण गरी सञ्चालन गरिनेछ । |
| **उद्देश्य १२:** मानवीय स्रोत साधन परिचालनको अवस्था । | सरसफाइ अभियानका क्रममा अभिमुखिकरण, तालिम तथा गोष्ठीका माध्यमबाट तयार पारिएका वा पहिल्यै देखि यस क्षेत्रमा जानकार भएर लागेका व्यक्ति तथा संस्थागत निकायहरु परिचालन भएका हुनेछन् । नगरलाई पूर्ण सरसफाइ उन्मुख अबस्थामा पुऱ्याउन परिचालित हुने मानवीय संसाधनहरु निम्नानुसार हुने छन् ।<br>☞ नगरपालिका, वडा र विद्यालय स्तरका संरचना (खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति) रहेका सरकारी तथा गैरसरकारी निकायका प्रतिनिधिहरु<br>☞ विद्यालयका स्रोत व्यक्तिहरु, सरकारी कार्यालयका सरसफाइ फोकल पर्सनहरु<br>☞ नगर भित्रका सबै सामुदायिक विद्यालयहरुका शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, बाल क्लब एवं विद्यार्थीहरु<br>☞ सम्पूर्ण महिला स्वास्थ्य स्वयम् सेविकाहरु एवं अन्य स्वास्थ्य कर्मीहरु<br>☞ नगर भित्रका सरसफाइ च्याम्पियनहरु,<br>☞ सहकारी, योग समिति, विभिन्न धार्मिक प्रतिष्ठानहरु, भजन मण्डली, वन, कृषि, लयायतका समुदाय स्तरका संघसंस्थाहरु<br>☞ महिला तथा आमा समूह, युवा क्लब, बाल सञ्जाल |

| | |
|---|---|
| | ☞ राजनीतिक दलहरु, मिडिया तथा पत्रकारहरु, सुरक्षाकर्मीहरु<br>☞ सरसफाइ मिस्त्रीहरु, तथा नागरीक सचेतना केन्द्रहरु<br>☞ नगर क्षेत्र भित्रका उद्योग व्यवसायीहरु ।<br>☞ खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरु, नागरीक समाज तथा समाजसेवीहरु तथा आम जनसमुदाय आदि |
| **उद्देश्य १३:** आर्थिक स्रोत परिचालन । | चाँगुनारायण नगरपालिकालाई पूर्ण सरसफाइ उन्मुख क्षेत्रको रुपमा विकास गर्न दातृ निकाय र सरकारी तथा गैरसरकारी निकायहरुबाट नगद र सेवा योगदान रहने छ ।<br>☞ चाँगुनारायण नगरपालिकालाई पूर्ण सरसफाइ उन्मुख क्षेत्रको रुपमा विकास गर्न नगरपालिकाबाट प्रति वडा प्रति वर्ष रु. ७ लाख नगद र सेवा योगदान रहने छ ।<br>☞ नगर भित्रका राजनीतिक दलहरु, सरकारी निकायहरुबाट पूर्ण सरसफाइ उन्मुख क्षेत्र घोषणा गर्न विशेष योगदान रहने छ ।<br>☞ खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय र सहयोगी संस्थाहरुबाट सरोकारवालाहरुको क्षमता अभिवृद्धि लगायत समुदाय सचेतीकरण र अनुगमनका क्षेत्रमा योगदान रहने छ ।<br>☞ नगरपालिका र वडा तहबाट पूर्ण सरसफाइ उन्मुख क्षेत्र घोषणा गर्न विशेष योगदान रहने छ<br>☞ यू एन हेभिटेटबाट सरोकारवालाहरुको क्षमता अभिवृद्धि, ट्रिगरर परिचालन, प्रत्येक वडामा समुदाय सचेतीकरण, अनुगमन, वडा र नपा पूर्ण सरसफाइ उन्मुख क्षेत्र घोषणामा विशेष योगदान रहने छ<br>☞ जि.एस.एफ/यू एनहेभिटेट, युवा कृयाकलाप समाज (सोया) का साथै सहयोगी निकायहरु बाट सरोकारवालाहरुको क्षमता अभिवृद्धि, खानेपानी क्षेत्र लगायत नगरपालिका घोषणाका क्षेत्रमा विशेष योगदान रहने छ ।<br>उपरोक्त बाहेक पनि समुदायमा पूर्ण सरसफाइ नमुना क्षेत्र निर्माण गर्नमा सहयोग पुऱ्याउन सामुदायिक वन, सहकारीले मानवीय तथा आर्थिक स्रोत परिचालन गर्ने छन् ।<br>**नोट :** हाल पूर्ण सरसफाइका लागि चाँगुनारायण नगरपालिका क्षेत्र भित्र जिल्ला खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, फण्ड बोर्ड, जि.एस.एफ / यू एन ह्याविट्याट, युनिसेफ,युवा कृयाकलाप समाज (सोया), नेपाल रेडक्रस सोसाइटी, एन्फो, नेपाल स्वच्छ वातावरण सृजना केन्द्र लगायतका संस्थाहरुद्वारा खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा कार्य भइरहेको छ । |
| **उद्देश्य १४:** समन्वय तथा सहकार्य । | ☞ नगरलाई पूर्ण सरसफाइ उन्मुख क्षेत्रको रुपमा विकास गर्न विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सरोकारवाला निकायहरु बीचमा समन्वय र सहकार्य रहने छ ।<br>☞ कार्यक्रमलाई थप प्रभावकारी, परिणाममुखी र पारदर्शी बनाउन नेपाल सरकारको मन्त्रालय, विभाग तथा अन्य बिषयगत निकायहरुसँगसमन्वय र सहकार्यगरिनेछ । |

## खण्ड ३ : पूर्ण सरसफाइ विकास रणनीतिक योजनाको परिकल्पना, नारा, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीतिहरू

### ३.१ परिकल्पना

चाँगुनारायण बासीहरुले व्यवहार परिवर्तनद्वारा पूर्ण सरसफाइ उन्मुख पद्धतिको विकास गरी सहज, स्वस्थ, समृद्ध र आत्म सम्मान युक्त जीवनयापन गरिरहेका हुनेछन् ।

### ३.२ नारा

"सफा सुग्घर घर आँगन सफा स्वच्छ बाटो
पूर्ण सरसफाइ उन्मुख बन्दैछ चाँगुनारायणको माटो"

#### नगरपालिकाको पूर्ण सरसफाइ सम्बन्धि अन्य नाराहरू

१. सुधारौं बानी, पिउने गरौं सुरक्षित पानी, बाचौं स्वस्थ जिन्दगानी ।
२. फोहर पानी रोगको खानी, छोपेर राखौं खानेपानी ।
३. बस्छन किटाणु फोहर पानी भरी, प्लेटफर्म बनाऔं धारा वरिपरी
४. सफासुग्घर घरआँगन, स्वच्छ सफा बाटो, पूर्ण सरसफाइ उन्मुख बन्दैछ, चाँगुनारायणको माटो ।
५. खुला दिसा बन्द गरौ, सबै जना मिली, सफा सुग्घर घरआँगन, हुन्छ झिलिमिली ।
६. जन्मैदेखि सिक्यौ हामी स्वाभिमानी बन्न, बन्द गरौ सरसफाइमा अरुको भर पर्न ।
७. फोहर मैलाको उचित निकास, बल्ल होला नगरको विकास ।
८. सफा राखौं चर्पी सफा राखौ गाउँघर, सभ्य समाज बनाउने यही हाम्रो रहर ।
९. सरसफाइ नै सभ्यता हो यही भावना जगाऔं, सबै मिली चाँगुनारायणलाई हराभरा बनाऔं ।
१०. सरसफाइ हो सभ्यता र विकासको पहिचान, रोग व्याधी हट्छ अनि बढ्छ आत्मसम्मान ।
११. रोकिदैन सरसफाइको हाम्रो अभियान, पूर्ण सरसफाइ अब हाम्रो शान ।
१२. विद्यालय फोहोर भए ज्यानै जान्छ हाम्रो, सरसफाइको सुबिधाले पढाइ हुन्छ राम्रो ।
१३. बसौं हामी मिलीजुली स्वच्छ वातावरणमा, स्वच्छताले बास गरोस् हाम्रो तनमनमा ।
१४. सफा हुन सभ्य बन्न चाहिदैन धन, सबै संभव हुन्छ भए मानिसको मन ।
१५. बानी राम्रो सरसफाइको सानै देखि लाग्यो, सफा सुग्घर भए पछि रोग व्याधी भाग्यो ।
१६. निरोगी र सुखी हुने एउटा अचुक जुक्ति, दिलाऔं समुदायलाई फोहोरबाट मुक्ति ।
१७. नदिनाला धिक्कार्दैछन् नमिसाऔं ढल, मानिस पशु सबका लागि अमृत जस्तै जल ।
१८. यति कुरा कहिल्यै नबिर्स नानी, फोहोर छोए पछि साबुन र पानी ।
१९. शान्त रमणीय वातावरण हाम्रो प्रकृति कै वरदान, बचाई राखौं स्वच्छ राखी, यहि नै नगरको शान ।

### ३.३ लक्ष्य

समन्वय, सहकार्य, सहभागिताका माध्यमबाट प्राप्त खुला दिसामुक्त सम्बन्धी उपलब्धिलाई कायम राख्दै बि.स. २०७६ चैत्र मसान्तसम्ममा पूर्ण सरसफाइको सफा र स्वच्छ क्षेत्रघोषणा गर्नु यसको पहिलो लक्ष्य

रहेको छ भने पूर्ण सरसफाइ उपलब्धिलाई संस्थागत विकास गर्दै, सफा, स्वच्छ, सुन्दर, समुन्नत, स्वस्थ, सभ्य समाजको निर्माणका लागि बिशेष पहल गरी खानेपानी, सरसफाइ र स्वच्छताको क्षेत्रमा उच्चतम विकास गरी चाँगुनारायण नगरपालिकालाई पूर्ण सरसफाइमा देशकै एक नमुना नगरपालिकाको रुपमा स्थापित गरी बि.स. २०७८ पौष भित्र पूर्ण सरसफाइ उन्मुख नगरपालिका घोषणा गर्ने यस रणनैतिक योजनाको दोस्रो लक्ष्य रहेको छ ।

**उक्त लक्ष्यहरुलाई हासिल गर्न निम्न लिखित लक्ष्य प्राप्तिका तहहरु तर्जुमा गरिएको छन् ।**

| समय | लक्षित पूर्ण सरसफाइ वडा/न.पा. संख्या | वडाको नाम |
|---|---|---|
| २०७६ चैत्र मसान्त सम्म | १ | चाँगुनारायण न.पा. वडा नं. १ |
| २०७६ चैत्र मसान्त सम्म | १ | चाँगुनारायण न.पा. वडा नं. २ |
| २०७७ पौष मसान्त सम्म | १ | चाँगुनारायण न.पा. वडा नं. ३ |
| २०७७ पौष मसान्त सम्म | १ | चाँगुनारायण न.पा. वडा नं. ४ |
| २०७७ पौष मसान्त सम्म | १ | चाँगुनारायण न.पा. वडा नं. ५ |
| २०७७ पौष मसान्त सम्म | १ | चाँगुनारायण न.पा. वडा नं. ६ |
| २०७६ चैत्र मसान्त सम्म | १ | चाँगुनारायण न.पा. वडा नं. ७ |
| २०७७ पौष मसान्त सम्म | १ | चाँगुनारायण न.पा. वडा नं. ८ |
| २०७६ चैत्र मसान्त सम्म | १ | चाँगुनारायण न.पा. वडा नं. ९ |
| २०७८ पौष मसान्त सम्म | १ | पूर्ण सरसफाइ उन्मुख नगरपालिका घोषणा |

### ३.४ उद्देश्य

- नगरदेखि वडा तहसम्मका संस्थागत संरचनालाई सुदृढ गरी पूर्ण सरसफाइ अभियानको नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्षम र उत्तरदायी बनाउने ।
- कार्यपद्धति र स्वरुपमा एकरुपता तथा गुणस्तरीयता कायम गर्नुका साथै संयुक्त कार्ययोजना तथा कार्यान्वयनका माध्यमबाट सरोकारवालाहरुका प्रयत्नमा सामन्जस्यता ल्याउन उपयुक्त वातावरण निर्माण गर्ने ।
- नगरभित्रका सम्पूर्ण घरधुरीहरुमा नेपाल गुणस्तर मापदण्ड अनुशारको पानीको पहुँचमा सुनिश्चितता गर्ने ।
- नगरभित्र बग्ने खोला नालाहरुमा फोहोर मिसाउने बिद्यमान अभ्यासलाई प्रतिबन्ध गदै प्रकृतिक गुणस्तर कायम राख्ने ।
- नगरभित्रका घरधुरी शौचालयहरुको स्तरोन्नति गर्नुको साथै दिसा जन्य लेदो व्यवस्थापनको लागि सरल र सहज प्रबिधिको अबलम्बन गर्ने ।
- नगरभित्रका आवश्यक सार्वजनिक स्थल तथा संस्थाहरुमा  भिन्न क्षमता भएका व्यक्ति, वृद्ध वृद्धा, लैङ्गिक  तथा वाल मैत्री चर्पी निर्माण तथा प्रयोगमा पहुँच सुनिश्चित गर्ने ।
- महिनावारी स्वच्छता व्यवस्थापनलाई पूर्ण सरसफाइ कार्यक्रमको अभिन्न अंगको रुपमा अगाडी बढाउने ।
- अति विपन्न एवं असहाय घर परिवारलाई सरसफाइ, स्वच्छता सम्बन्धी स्वस्थकर बानी व्यवहारका

लागि आवश्यक सुविधामा पहुँच सुनिश्चित गर्ने ।

- नगरभित्रको बजार क्षेत्र तथा सार्वजनिक स्थलहरुमा फोहरको उचित व्यवस्थापन गर्ने ।
- सबै विद्यालयहरुमा शौचालयको प्रयोग, हात धुने, तथा पिउने प्रयोजनको लागि पर्याप्त सुरक्षित पानीको व्यवस्था गर्ने ।
- बिद्यालय, स्वास्थ्य सेवा प्रदायक संस्था तथा वडा कार्यालयहरुमा खानेपानी, सरसफाइ तथा स्वच्छताको स्रोत केन्द्र स्थापना गर्ने ।
- वडा तहमा सरसफाइ कोषको स्थापना गर्ने ।

### ३.५ विशिष्ठ उद्देश्यहरू

- नगरमा समग्र खानेपानी तथा सरसफाइ क्षेत्रको एकीकृत विकासको लागि समन्वयात्मक र सहभागितात्मक रुपमा कार्य अगाडि बढाउन नगर स्तरीयखानेपानी,सरसफाइ तथा स्वच्छता समन्वय समितिलाई सक्षम, प्रभावकारी र स्रोत साधन सम्पन्न बनाउने,
- नगर तथा वडा स्तरका संयत्र तथा संस्थाहरुको समन्वय तथा सहकार्यमा विद्यालयहरुमा पूर्ण सरसफाइको अवस्था हासिल गराई विद्यालयलाई बाल, लैंङ्गिक, अपाङ्ग तथा वातावरण मैत्री प्राज्ञिक स्थलको रुपमा विकास गर्ने,
- व्यक्तिगत, घरायसी र वातावरणीय सरसफाइ प्रवर्द्धनका माध्यमबाट सफा, स्वस्थ भएर सहजरुपमा आत्म सम्मानयुक्त समृद्ध जीवन यापन गर्न समग्र नगरलाई सफा, स्वच्छ, सुन्दर, हरियालीयुक्त पार्ने,
- नगर स्थित सरकारी तथा गैर सरकारी सङ्घसंस्थाहरुमा सुधारिएको खानेपानी तथा प्रयोगकर्ता मैत्री सरसफाइ सुविधा, साबुन पानीले हात धुने व्यवस्था गर्नुका साथै कार्यालय र हातालाई बगैंचाको अवधारणा अनुरुप वातावरणमैत्री बनाउने,
- नगरमा अव्यस्थित सार्वजनिक स्थलहरु, बजारहरु, बजार उन्मुख ठाउँ, वाटोघाटो, पानीको मुहानहरु, घनावस्तीको वातावरणीय सरसफाइमा सुधार गरी, नगर भित्र वसोवास गर्नेहरुलाई सरसफाइको प्रवर्द्धन र सरसफाइको आनीबानी परिवर्तन गर्न आवश्यक पर्ने सामाग्री तथा ज्ञान सुलभ र सजिलै पाउने वातावरण तयार गर्नुका साथै सस्थागत विकास, जिम्मेवारी, बजेटको व्यवस्थापन र उपलब्धिको दिगोपनाका लागि अनुकूल अवस्था तयार गर्न सहयोग पुऱ्याउने,
- वन संरक्षण, हरियाली प्रवर्द्धन, भू-संरक्षण, पानीका मूलहरुको संरक्षण, प्रभाव मुल्याङ्कनद्वारा भौतिक निर्माणलाई व्यवस्थित गर्दै जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्ने,
- सबै जनसंख्यालाई न्यूनतम, आवश्यक, सुरक्षित पानीमा पहुँच सुनिश्चित गर्दै नेपाल सरकार गुणस्तर मापदण्ड अनुरुपको पानी उपलब्ध गराउने ।
- सबै तहका समन्वय समितिहरुमा पछाडि पारिएका वर्गको सहभागिता, प्रभाव तथा नेतृत्वलाई वृद्धि गर्दै सरसफाइ र स्वच्छता सम्बन्धीआर्जन गरेको ज्ञानलाई व्यवहार परिवर्तनका लागि प्रयोग गर्ने,
- नगरपालिका भित्रका सार्वजनिक जग्गाहरुलाई संरक्षण गरी हरियाली पार्क निर्माण गरी पर्यटकीय प्रर्बद्धनलाई बढावा दिने ।
- महिनावारी स्वच्छता व्यवस्थापनलाई पूर्ण सरसफाइ कार्यक्रमको अभिन्न अंगको रुपमा लिदै विभिन्न प्रबर्द्धनात्मक क्रियाकलापहरु सञ्चालनगर्ने ।

### ३.६ रणनीति

१. संभाव्य सरोकारवालाहरुको खोजी तथा समन्वय गर्ने र स्थानीय स्रोत र साधनको उच्चतम परिचालन गर्ने ।

२. संस्थागत संरचनाहरुको सुदृढिकरण र क्षमता विकास गरी नेतृत्वदायी भूमिका निर्वाह गर्न र उपलब्धिको दीगोपना दिन सक्ने बनाउने ।

३. सार्वजनिक तथा बजार क्षेत्रको सरसफाइ प्रवर्द्धन, स्रोत साधन व्यवस्थापन तथा मर्मत सम्भार र व्यवस्थापनका लागि सार्वजनिक र निजी क्षेत्रको साझेदारी विकास गर्ने ।

४. फोहोर मैलालाई स्रोत मै वर्गीकरण गर्ने र कम्पोष्ट मल बनाई आयआर्जन गर्न प्रोत्साहन गर्ने । साथै फोहोर मैलालाई घरायसी तहमै व्यवस्थापन गर्न प्रोत्साहन गर्ने ।

५. ग्रामीण तथा नगर क्षेत्रमा फोहोर मैला संकलन, कम्पोस्टिग, पुनः प्रशोधन तथा आयआर्जन सम्बन्धिवद्यमान असल अभ्यासहरुलाई प्रोत्साहन  तथा विस्तार गर्ने ।

६. खानेपानीको स्रोत संरक्षण र खानेपानी सुरक्षा योजना अवलम्बन गरी मूल देखी मुख सम्म गुणस्तर कायम गर्ने ।

७. विपत् जोखिम व्यवस्थापनका लागि खानेपानी र सरसफाइको सेवाका लागि पूर्व तयारीमा जोड दिने ।

८. खुला दिसामुक्त अभियानसँगै हासिल भएका सामाजिक, आर्थिक र स्वास्थ्य सम्बन्धी प्रमाणमा आधारित उपलब्धिहरुको संङ्कलन, अभिलेखीकरण र व्यापक प्रचारप्रसार गर्ने ।

९. सरसफाइ तथा स्वच्छताको पैरवी, प्रचार प्रसार, अनुगमन तथा प्रमाणीकरणका क्रियाकलापहरुमा समन्वय समितिका सबै सदस्य संस्था, आमसञ्चार, नागरिक समाज तथा उपभोक्ता समिति, विषयगत संघ-संस्था आदिको  सहकार्य संस्थागत गर्ने

१०. सरसफाइ सम्बन्धी बानी व्यवहार विकास गर्नका लागि स्थानीय परिवेश र प्रविधिमा आधारित संचार रणनीति अवलम्बन गर्ने ।

११. नगरपालिका तथा वडा तहमा एक स्थायी कोष व्यवस्थापन गरी सरसफाइ प्रवर्द्धन, सम्मान, कदर र अनुगमन पद्दतिलाई सुदृढ गर्ने ।

१२. वातावरणीय सरसफाइ र स्वच्छता कायम गर्न नगरपालिका क्षेत्रमा रहेका घरधुरीहरुमा एक घर दुई बिरुवा (रुख) रोप्ने कार्यलाई अनिवार्य बनाउदै लैजाने ।

१३. नगरपालिका क्षेत्रमा रहेका घरधुरीहरुमा सरसफाइ कार्डको व्यवस्था गर्ने ।

१४. नगरपालिका र ९ वटै वडा कार्यालयहरुमा सरसफाइ सम्बन्धी स्रोत केन्द्र स्थापना गर्ने ।

१५. कलकारखाना र उद्योगहरुलाई वातावरणमैत्री बनाउन प्रोत्साहन गर्ने र प्रदुषण न्यूनीकरणमा जोड दिने ।

१६. फोहोर पानी प्रशोधन केन्द्रको व्यवस्थापन आवश्यकता अनुशार गर्ने ।

१७. किटनाशक बिषादीको प्रयोगलाई निरुत्साहित गदै जैविक खेतीलाई प्रर्वद्धन गर्ने ।

### ३.७ कार्यनीतिहरू

पूर्ण सरसफाइ रणनीतिक योजनाले निर्धारण गरे अनुसारका लक्ष्य तथा उद्देश्य हासिल गर्नको लागि देहाय बमोजिमको कार्यनीतिहरु अवलम्वन गरिनेछ ।

- सहभागितामूलक योजना तर्जुमा तथा कार्यान्वयनमा स्थानीय निकायको नेतृत्व रहने,

- सरसफाइको क्षेत्रमा कार्य गर्ने निकायहरु बीच समन्वय, संयुक्त कार्ययोजना र सहकार्य गर्ने,
- स्थानीय निकाय र सहयोगी संस्थाहरु बीचमा समझदारीपत्रमा हस्ताक्षर गरेर मात्र कार्यक्रम सञ्चालन गर्ने,
- आर्थिक स्रोत पहिचान र परिचालन गर्ने,
- मानवस्रोत पहिचान र परिचालन गर्ने,
- स्थानीय स्रोत साधनको पहिचान र परिचालन गर्ने,
- सूचना, सञ्चार, शिक्षा, व्यवहार परिवर्तन सम्बन्धीक्रियाकलापहरु सञ्चालन गरी आम परिचालनको वातावरण सिर्जना गर्ने
- नगरपालिका तथा वडाहरु र विद्यालयहरुमा सरसफाइ कोष स्थापना तथा वृद्धि र सञ्चालन गर्ने,
- नगर स्तरीयखानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति गठनर परिचालन गर्ने
- तरल तथा ठोस फोहोर व्यवस्थापन, सार्वजनिक शौचालयनिर्माण आदिमा सार्वजनिक निजी साझेदारी (Public Private Partnership) पद्दति अपनाउने,
- अनुगमन तथा प्रमाणीकरण संयन्त्र गठन र परिचालन गर्ने
- परामर्श, प्रोत्साहन, पुरस्कार, कदर


कार्यक्रम-२०७४










M-WASH-CC
बैठक तथा अभिमूखिकरण


कार्यक्रम-२०७४


कार्यक्रम-२०७४


कार्यक्रम-२०७४


कार्यक्रम-२०७४


कार्यक्रम-२०७४


कार्यक्रम-२०७४








## खण्ड ४ः खानेपानी, सरसफाइ र स्वच्छता प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि पहिचान गरिएका क्षेत्रहरुको विश्लेषण तथा कार्य योजनाको तयारी

### ४.१ खानेपानी,सरसफाइ तथा स्वच्छता समन्वय समितिहरूको संस्थागत सुदृढीकरण तथा क्षमता विकास

#### ४.१.१ वर्तमान अवस्थाः

☞ नगर स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको बैठक बस्ने नियमित मिति तो किएको छ ।

#### ४.१.२ समस्या तथा चुनौतीहरु :

- ☞ खानेपानी सरसफाइतथा स्वच्छता क्षेत्रमा काम गर्ने विकास साझेदार सस्थाहरुको कमी ।
- ☞ खानेपानी तथा सरसफाइ क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायहरुमा समन्वय समितिको सञ्चालन तथा व्यवस्थापन र नीति तथा निर्णयहरु कार्यान्वयनमा आर्थिक तथा मानव संसाधनको कमी ।

#### ४.१.३ संभावना तथा अवसरहरु

- ☞ खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रमा काम गर्ने विकास साझेदार सस्थाहरुको नक्साङ्कन गर्ने ।
- ☞ विभिन्न सरकारी तथा गैरसरकारी निकायहरु र समन्वय समितिहरु बीच समन्वय र सहकार्यमा वृद्धि गर्ने ।
- ☞ सरसफाइ प्रवर्द्धनका लागि समपूरक कोषको स्थापना, प्रभावकारी सञ्चालन तथा निरन्तरता दिने ।

#### ४.१.४ रणनीतिहरु

- ☞ खानेपानी तथा सरसफाइ क्षेत्रमा कार्य गर्ने राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्भाव्य सरोकारवालाहरुका खोजी गर्दै उनीहरुसँग समन्वय स्थापित गरी स्रोत साधनको परिचालन गर्ने ।
- ☞ समुदाय, वडा, न.पा को संस्थागत संरचनाहरुको सुदिृढीकरण गर्ने ।
- ☞ स्थानीय जनप्रतिनिधिहरु तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने ।
- ☞ स्थानीय तहका आर्थिक तथा मानव स्रोत साधनहरुको उच्चतम तहमा पहिचान गरी परिचालन गर्ने ।
- ☞ खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धी आधारभूत तथ्याङ्कलाई अद्यावधिक गर्ने ।

#### ४.१.५ क्षेत्रगत उद्देश्य, नतिजा, सूचक तथा लक्ष्य तालिका

| सूचक | इकाई | वर्तमान अवस्था | लक्ष्य (वर्ष) | | | | पुस्ट्याइँका आधारहरु |
|---|---|---|---|---|---|---|---|
| | | | २०७५ | २०७६ | २०७७ | २०७८ | |
| नगरपालिका समन्वय समिति | संख्या | १ | | | | | माइन्युट |
| वडा समन्वय समितिहरु | संख्या | ७ | २ | | | | माइन्युट |
| सकृय समन्वय समितिहरु | संख्या | ४ | ५ | | | | माइन्युट |
| पूर्ण सरसफाइ सम्बन्धी क्षमता विकास भएका समन्वय समितिहरु | संख्या | ४ | ५ | | | | माइन्युट, रणनीतिक योजना |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धी आधारभूत तथ्याङ्कहरु संकलन गर्ने वडाहरु | संख्या | ६ | ३ | | | | सर्वेक्षणको तथ्याङ्क |
| खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धी आधारभूत तथ्याङ्क हरु प्रत्येक वर्ष अध्यावधिक गर्ने वडाहरु | संख्या | ० | ९ | ९ | ९ | ९ | तथ्याङ्क |
| गठन भएका वडा स्तरीय समन्वय समितिहरु | संख्या | ७ | २ | | | | प्रतिवेदन माइन्युट |
| नियमिति बैठक गर्ने समन्वय समितिहरु प्रत्येक महिनामा | संख्या | ४ | ५ | | | | माइन्युट |
| खानेपानी सरसफाइतथा स्वच्छता यो जना तर्जुमा भएका समन्वय समितिहरु | संख्या | ४ | ५ | | | | रणनीतिक योजना |
| खानेपानी सरसफाइ तथा स्वच्छता यो जना अनुसार वार्षिक कार्ययोजना तर्जुमा गर्ने समन्वय समितिहरु | संख्या | ० | ९ | | | | कार्य योजना, माइन्युट |
| खानेपानी, सरसफाइतथा स्वच्छता सम्बन्धी कोष स्थापना गरेका समन्वय समितिहरु | संख्या | ० | ४ | ५ | | | प्रतिवेदन, माइन्युट, |
| अनुगमन समितिहरु गठन भएका समन्वय समितिहरु | संख्या | ७ | २ | | | | प्रतिवेदन, माइन्युट |
| अनुगमनको आधाभूत खाका वनाएका समन्वय समितिहरु | संख्या | ४ | ५ | | | | अनुगमन फारम, माइन्युट |
| अनुगमनको खाका अनुरुप नियमित अनुगमन गर्ने समन्वय समितिहरु | संख्या | ४ | ५ | | | | अनुगमन प्रतिवेदन, माइन्युट |
| पूर्ण सरसफाइसम्बन्धी तालिम/ अभिमुखीकरण भएका समन्वय समितिहरु | संख्या | ७ | २ | | | | प्रतिवेदन, माइन्युट |
| कर्मचारी/पदाधिकारीहरुलाई पूर्ण सरसफाइ सम्बन्धी तालिम/ अभिमुखीकरण भएका स्थानीय निकायहरु | संख्या | ४ | ५ | | | | प्रतिवेदन, माइन्युट |
| स्थानीय सरसफाइ सहजकर्ताहरुको तालिम (नगरपालिका) | संख्या | ४ | ५ | | | | प्रतिवेदन, माइन्युट |
| स्थानीय स्तरका सञ्जालहरु (स्वास्थ्य, शिक्षा, सामाजिक परिचालन) पूर्ण सरसफाइ सम्बन्धी तालिम सञ्चालनभ( एका समन्वय समितिहरु | संख्या | ४ | ५ | | | | प्रतिवेदन, माइन्युट |

| क्र.स. | कृयाकलापहरु | प्रमुख जिम्मेवारी | सहजीकरण सहयोग |
|---|---|---|---|
| १ | नगरपालिका भित्रका विषयगत ईकाइहरुका सरसफाइ फोकल पर्सनहरुको लागि पूर्ण सरसफाइ सम्बन्धी अभिमुखीकरण तालिम | एमवाससिसि | नगरपालिका /विकास साझेदार |
| २ | नगरपालिकाका वडा सचिवहरुको पूर्ण सरसफाइ सम्बन्धी तालिम | एमवाससिसि | नगरपालिका /विकास साझेदार |
| ३ | एमवाससिसिको पूर्ण सरसफाइ सम्बन्धी तालिम (२ दिन) | डिवाससिसि | डिवाससिसि /नगरपालिका /विकास साझेदार |
| ४ | सामाजिक परिचालकहरुको पूर्ण सरसफाइ सम्बन्धी अभिमुखीकरण तालिम | एमवाससिसि | नगरपालिका /विकास साझेदार |
| ५ | स्थानीय सरसफाइ सहजकर्ताहरुको पूर्ण सरसफाइ सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम (५ दिन) | एमवाससिसि | नगरपालिका /विकास साझेदार |
| ६ | वडा वाससिसीहरुको पूर्ण सरसफाइ तालिम (२ दिन) | एमवाससिसि | नगरपालिका /विकास साझेदार |
| ७ | नगरपालिका स्तरको पूर्ण सरसफाइ रणनैतिक योजना तर्जुमा | एमवाससिसि | नगरपालिका /विकास साझेदार |
| ८ | वडा वाससिसीहरुको पूर्ण सरसफाइ रणनैतिक यो जना तर्जुमा | एम/वाडवाससिसि | नगरपालिका /विकास साझेदार |
| ९ | स्वास्थ्य स्वयम् सेविकाहरुको पूर्ण सरसफाइ सम्बन्धी अभिमुखिकरण | एमरवाडवाससिसी | नगरपालिका /विकास साझेदार |
| १० | समन्वय समितिहरुको नियमित बैठक | एमरवाडवाससिसी | नगरपालिका /विकास साझेदार |
| ११ | समन्वय समितिहरुको अर्ध वार्षिक तथा वार्षिकसा( मक्षा गोष्ठि | एमरवाडवाससिसी | नगरपालिका /विकास साझेदार |
| १२ | नगरपालिकाबाट वडा स्तरमा समयसमयमा गरि नेसंयुक्त अनुगमन | एमवाससिसि, संयुक्त अनुगमन टोली | नगरपालिका /विकास साझेदार |
| १३ | नगरपालिका स्तर तथा वडा कार्यालयहरुमा सरसफाइ कोषको स्थापना, सुदृढिकरण, परिचालन | एमवाससिसि, नपा, वडा कार्यालय | नगरपालिका /वडा/ विकास साझेदार |
| १४ | नगरपालिका तहमा खानेपानी,सरसफाइ सम्बन्धि दिवस तथा सप्ताह मनाउने | एमवाससिसि, | नगरपालिका /वडा/ विकास साझेदार |
| १५ | नगरपालिका तहमा खानेपानी तथा सरसफाइ स्रोत केन्द्र स्थापना तथा सुदृढिकरण | एमवाससिसि, खासडिका, जिजस्वाका | नगरपालिका /वडा/ विकास साझेदार |
| १६ | वडा कार्यालय, स्वास्थ्य संस्थाहरुमा स्रोत केन्द्र स्थापना तथा सुदृढीकरण | एमरवडा वाससिसी, जिजस्वाका | नगरपालिका /वडा/ विकास साझेदार |

## ४.२ बानी व्यवहार प्रवर्द्धनका लागि प्रवर्द्धनात्मक क्रियाकलाप सञ्चालन गर्ने

### ४.२.१ वर्तमान अवस्था

☞ चर्पी प्रयोग र दिसा छोएपछि हात धुने आनीबानीमा विकास / परिवर्तन भएको छ ।

☞ घरायसी तहमा बनेका चर्पीहरु स्तरोन्नती गर्नु पर्ने साथै बालमैत्री, जेष्ठ नागरीकमैत्री बनाउन आवश्यक छ ।

☞ केहि समुदायहरुमा सेप्टिक टंयाङ्कीलाई सिधै खोला खोल्साहरुमा मिसाउने प्रबृति ।

### ४.२.२ समस्या तथा चुनौतीहरु

☞ ज्ञान र व्यवहार बीच तादाम्यता नहुनु

☞ नगरमा प्रयोगकर्तामैत्री (बाल, लैंङ्गिक, अपांगता ) शौचालयनहुनु ।

☞ बनेका चर्पीहरु गुणस्तरीयनहुनु ।

☞ सरसफाइ सामाजिक संस्कारको रुपमा विकास हुन नसक्नु

### ४.२.३ सम्भावना तथा अवसरहरु

☞ स्थानिय निकायहरुको नेतृत्व ।

☞ सामाजिक परिचालक, महिला स्वास्थ्य स्वयम् सेविका, ट्रिगररहरु , वडा भित्रका घरहरु, विद्यार्थीहरु, महिला समूह तथा सहकारी आदि परिचालन गरी आनीबानी परिवर्तन गर्न सकिने

☞ प्रतिबद्ध तथा सकारात्मक सोच भएका स्थानिय निकाय,राजनीतिक दल, सरकारी  तथा गैर सरकारी निकाय, निकाय, नागरीक समाज

### ४.२.४ क्षेत्र विकासका उद्देश्यहरु

सरसफाइ र स्वच्छता सम्बन्धी आर्जन गरेको ज्ञानलाई व्यवहार परिवर्तनका लागि प्रयोग गर्ने ।

### ४.२.५ रणनीतिहरु

☞ जनपरिचालन

☞ स्थानीय स्रोतको परिचालन

☞ सञ्चार माध्यमहरुसँग सहकार्य तथा परिचालन

☞ सूचना शिक्षा सञ्चार एवं बानी प्रवर्द्धन गराउने खालका सामग्रीहरुको प्रयोग

☞ सन्देश प्रवाहका लागि भित्तेलेखन, होर्डिङ बोर्ड, पर्चा पम्प्लेट

### ४.२.६ क्षेत्रगत उद्देश्य, नतिजा, सूचक तथा लक्ष्य तालिका

| सूचकहरु | ईकाइ | वर्तमान अवस्था | लक्ष्य (वर्षमा) | | | | पुस्ट्याइँका आधारहरु |
|---|---|---|---|---|---|---|---|
| | | | २०७५ | २०७६ | २०७७ | २०७८ | |
| नगरपालिकामा पूर्णसरसफाइ प्रर्वद्धनको लागि आनीबानी परिवर्तनको लागि विभिन्न सन्देशहरु, होर्डिंङवोर्ड, फ्लेक्स, गीत आदि तयारी | अवस्था के छ ? | बनाउनु पर्ने | | | | | अभिलेख, प्रतिवेदन |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| होर्डिंङवोर्ड | संख्या | १५ | १०० | | | | |
| फ्लेक्स | संख्या | १००० | १०००० | | | | |
| स्थानिय पत्रपत्रिका | संख्या | छैन | | | | | |
| भित्ते लेखन | संख्या | छैन | २०० | | | | |
| रेडियो | पटक | छ | | | | | |

### ४.२.७ कार्य योजना

| क्र.सं. | कृयाकलापहरु | प्रमुख जिम्मेवारी | सहजीकरण सहयोग |
|---|---|---|---|
| १ | पछाडि पारिएका वर्गहरुलाई लक्षित गरी आनीबानी परिवर्तन र सहभागिता वृद्धि सम्बन्धमा अभिमुखीकरण गर्ने | एमवाससिसि र वाडवाससिसि | नगरपालिका /विकास साझेदार |
| २ | सूचना, जानकारी तथा शिक्षामूलक सामग्रीहरु तयार पार्ने पोष्टर, गीत, अडियो, भिडियो आदि) | एमवाससिसि | नगरपालिका /विकास साझेदार |
| ३ | नपा तथा वडा तहमा सञ्चालन गरिनेजुनसुकै तालिम,गोष्ठीमा आनीबानी परिवर्तन, सामाजिक समावेशीकरणलाई समावेश गर्ने | एमवाससिसि | डिवाससिसि /नगर पालिका /विकास साझेदार |
| ४ | सचेतनामूलक खोजमूलक कार्यक्रम प्रसारण तथा प्रकाशन | एमवाससिसि | नगरपालिका /विकास साझेदार |
| ५ | चेतना अभिवृद्धिमूलक अभियानहरु सञ्चालन गर्ने | एमवाससिसि | नगरपालिका /विकास साझेदार |
| ६ | ठाउँ ठाउँमा होर्डिङ्ग बोर्ड राख्ने, घर तथा कार्यालयमा आ(नीबानी परिवर्तन सम्बन्धी फ्लेक्स पोष्टर राख्ने | एमवाससिसि | नगरपालिका /विकास साझेदार |

## ४.३ पानी र सरसफाइ जन्य रोगहरूमा वर्तमान अबस्थालाई कम गर्ने आवश्यक क्रियाकलाप सञ्चालन गर्ने

### ४.३.१ वर्तमान अवस्था

- आ.व. २०७४/०७५को जिल्ला जनस्वास्थ्य कार्यालयको प्रतिवेदन अनुसार दुषित पानीको सरसफाइको कमीबाट लाग्ने रोग १०.५६ प्रतिशत रहेको छ ।
- खानेपानी आयोजनाहरुको निर्माण तिब्र रुपमा भई रहेको छ ।
- पानी शुद्धीकरणगर्ने क्रम बिस्तारै सुधार भइरहेको छ । आयोजना व्यवस्थापनमा धेरैको चासो बढेको छ र यसलाई अझ बढी व्यवस्थापनमा ध्यान दिनु पर्ने जरुरी देखिन्छ ।

### ४.३.२ समस्या तथा चुनौतीहरु

- भूकम्पको कारणले गर्दा मूल सुकेको र यो क्रमबढ्दैगएकोले मूलहरु सुक्दैछन्
- बढ्दो शहरीकरणको कारण भएको आयोजनाहरु कमी भएको महसुस भएको छ ।
- वर्षातको समयमा पानीमा हुने भौतिक, रासायनिक र जैविक समिश्रणको कारणले हैजा झाडापखाला जस्ता पानी जन्य रोगहरु लाग्ने संभावना हुने ।

### ४.३.३ सम्भावना तथा अवसर

☞ भएका आयोजनाहरुलाई मर्मत संभारका साथै मूल थप तिर ध्यानाकर्षण गर्नुपर्ने र थप आयोजनाहरुको व्यवस्थापनमा जोड गर्नुपर्ने ।

☞ क्षेत्रको हिसावमा आयोजनाहरु सानो भएकोले त्यसमा संलग्न थप कार्यहरु गरी मूल, ट्रिट्मेन्ट प्लान आदि थप गर्नुपर्ने ।

### ४.३.४ रणनीतिहरु

☞ नेपाल सरकारबाट तथा खानेपानी उपभोक्ता समितिहरुबाट गुणस्तरीय तथा सुरक्षित पानी वितरण गर्ने ।

### ४.३.५ उद्देश्य, नतिजा, लक्ष्यतालिका

| सूचकहरु | इकाई | वर्तमान अवस्था | लक्ष्य (वर्षमा) | | | | पुस्ट्याइका आधारहरु |
|---|---|---|---|---|---|---|---|
| | | | २०७५ | २०७६ | २०७७ | २०७८ | |
| दुषित पानी र सफाइको कमीबाट लाग्ने रोगब्याधी अवस्था | प्रतिशत | १०.५६ | | | | ० | |
| एक घर एक धारामा पहुँच भएको घरधुरी | प्रतिशत | ३६.९% | | | | १००% | नगरपालिका सर्वेक्षण |
| घरमै पानी उपलब्ध हुने जनसंख्या | प्रतिशत | ५८% | | | | १००% | |
| राम्रोसँग संचालनमा रहेका आयोजनाबाट लाभान्वित जनसंख्या | प्रतिशत | ४२.१% | | | | ९५% | नगरपालिका सर्वेक्षण |
| सम्पन्न आयोजना | संख्या | ९८ | | | | | खा.पा. स.डि.का |
| राम्रोसँग संचालनमा रहेका आयोजना | संख्या | ८० | | | ९८ | | खा.पा. स.डि.का |
| एक घर एक धारा वा १५ मिनेट भित्र एक खेप पानीमा पहुँच भएका जनसंख्या | प्रतिशत | ५८% | | | | १००% | नगरपालिका सर्वेक्षण |
| नयाँ निर्माण गरिने आयोजना | संख्या | २० | | | | २० | खा.पा. स.डि.का |
| मर्मत संभार गरिनेआयोजना | प्रतिशत | ३० % | | | | १०० % | खा.पा. स.डि.का |
| जिल्ला जलस्रोत समितिमा दर्ता भएका आयोजना | प्रतिशत | ६० % | | | | १०० % | खा.पा. स.डि.का |
| मर्मत संभार कार्यकर्ता भएका आयोजना | प्रतिशत | ५० % | | | | १०० % | खा.पा. स.डि.का |
| नियमित मर्मत सम्भार महसुल उठाउने व्यवस्था भएका आयोजना | प्रतिशत | ५० % | | | | १०० % | खा.पा. स.डि.का |
| मर्मत संभार औजारको व्यवस्था भएका आयोजना | संख्या | १० % | | | | १०० % | खा.पा. स.डि.का |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघमा आवद्ध भएका आयोजना | संख्या | | | | | | | नगरपालिका सर्वेक्षण |
| उपभोक्ता समितिको नियमित वैठक हुने आयोजना | संख्या | ३० % | | | | | १०० % | नगरपालिका सर्वेक्षण |
| लेखा व्यवस्थापन र पारदर्शिता भएका आयोजना | संख्या | ३० % | | | | | १०० % | नगरपालिका सर्वेक्षण |
| स्रोत तथा मुहान संरक्षण भएका आयो जना | प्रतिशत | २० % | | | | | १०० % | नगरपालिका सर्वेक्षण |
| स्रोत तथा मुहानको वरिपरि वृक्षारोपण भएका आयोजना | प्रतिशत | २० % | | | | | १०० % | नगरपालिका सर्वेक्षण |
| संरचना वरिपरि सरसफाइ र घेरावार भएका आयोजना | प्रतिशत | ३० % | | | | | १०० % | नगरपालिका सर्वेक्षण |
| खानेपानी सुरक्षा योजना लागु भएका आयोजना | संख्या | ६ | | | | | १०० % | नगरपालिका सर्वेक्षण |
| खानेपानीको गुणस्तर परीक्षणगरि एको आयोजना | संख्या | ६ | | | | | १०० % | नगरपालिका सर्वेक्षण |
| परीक्षण पश्चात प्रभावित संरचनाहरुको शुद्धीकरण गरिएका आयोजना संख्या | संख्या | ६ | | | | | १०० % | नगरपालिका सर्वेक्षण |

## ४.३.६ : कार्ययोजना

| क्र.सं. | कृयाकलापहरु | प्रमुख जिम्मेवारी | सहजीकरण सहयोग |
|---|---|---|---|
| १ | व्यवस्थित खानेपानीमा पहुँच सम्बन्धमा तथ्याङ्क संङ्कलन तथा अद्यावधिक गर्ने | सम्बन्धीत वाससिसि, खा.पा.स.डि.का | विकास साझेदार |
| २ | जिल्ला जलउपयोग गुरुयोजना निर्माण | एमवाससिसि, खा.पा.स.डि.का | विकास साझेदार |
| ३ | खानेपानीको व्यवस्थित सेवाबाट बञ्चित समुदायमा नयाँ खानेपानी आयोजना सञ्चालन गर्ने ( समन्वय, सहकार्य,स्रोत व्यवस्थापन तथा प्राथमिकताका आधारमा) | नगरपालिका, खा.पा.स.डि.का, सम्बन्धीत वाससिसि | विकास साझेदार |
| ४ | पुराना खानेपानी आयोजनाहरुमा समेत खानेपानी सुरक्षा योजना सम्बन्धी कृयाकलाप सञ्चालन गर्ने | खा.पा.स.डि.का, एमवाससिसि, | विकास साझेदार |
| ५ | नयाँ तथा पुराना खानेपानी आयोजनाहरुमा खाने पानी सुरक्षा योजना लागू गर्ने | खा.पा.स.डि.का, सम्बन्धीत( वाससिसि, | विकास साझेदार |

| | | | |
|---|---|---|---|
| ६ | समुदायमा सुरक्षित पानी सम्बन्धमा सचेतना जगाउनु पूर्व कोलीफर्म परीक्षण गराउने (पिए भाइलबाट केही खानेपानी प्रणालीको परीक्षण) | खा.पा.स.डि.का, सम्बन्धीत वाससिसि, | विकास साझेदार |
| ७ | खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुल( ाई खानेपानी आयोजना व्यवस्थापन, खानेपानी सुरक्षा योजना, पानी शुद्धीकरण सम्बन्धी तालिम | खा.पा.स.डि.का, सम्बन्धीत वाससिसि, | विकास साझेदार |
| ८ | मर्मत संभार कार्यकर्ता लाई खानेपानी र सरसफाइ सम्बन्धी तालिम सञ्चालन गर्ने | खा.पा.स.डि.का, सम्बन्धीत वाससिसि, | विकास साझेदार |
| ९ | सुरक्षित पानी सम्बन्धी सचेतनामूलक कार्यक्रम (तालिम, अभिमुखीकरण, र्‍याली, रेडियो कार्यक्रम, दिवस तथा सप्ताह मनाउने आदि) | सम्बन्धीत वाससिसि, सहजकर्ता, सामाजिक परिचालक | विकास साझेदार |
| १० | पानी शुद्धीकरणका (घरेलु तथा संस्थागत तहमा प्रयोग गर्न सकिने) प्रविधिहरुको बारेमा जानकारी | सम्बन्धीतवाससिसि, सहजकर्ता, सामाजिक परिचालक | विकास साझेदार |
| ११ | खानेपानी आयोजनाका लागि जगेडा पार्टपुर्जाहरु स्थानीय बजारमा सहज उपलब्धता गराउन पहल | सम्बन्धीतवाससिसि,सहजकर्ता, सामाजिक परिचालक | विकास साझेदार |
| १२ | जिल्ला जलस्रोत समितिमा खानेपानी आयो जनाहरु दर्ता गराउने | खासउस, सम्बन्धीत वाससिसि, सहजकर्ता | विकास साझेदार |
| १३ | खानेपानी आयोजनामा मर्मत संभार कार्यकर्ताको व्यवस्था गराउने | खासउस, सम्बन्धीत वाससिसि, सहजकर्ता, | विकास साझेदार |
| १४ | नियमितरुपमा पानी तथा मर्मत सम्भार महसुल उठाउने व्यवस्था | खासउस, सम्बन्धीत वाससिसि, सहजकता | विकास साझेदार |
| १५ | मर्मत संभार औजारको व्यवस्था मिलाउने | खासउस, सम्बन्धीत वाससिसि, सहजकर्ता | विकास साझेदार |
| १६ | खानेपानी आयोजनाहरुलाई खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघमा आवद्धता गराउने कार्य | खासउस, सम्बन्धीत वाससिसि, सहजकर्ता | विकास साझेदार |
| १७ | उपभोक्ता समितिको नियमित वैठक सञ्चालन | खासउस, सम्बन्धीत वाससिसि, सहजकर्ता | विकास साझेदार |
| १८ | आयोजना लेखा व्यवस्थापन र पारदर्शिता कायम गर्न सामाजिक परीक्षण तथा सार्वजनिकरण | सम्बन्धीत खासउस | भि/एम वाससिसि, विकास साझेदार |
| १९ | खानेपानीको स्रोत तथा मुहान संरक्षण | सम्बन्धीतखासउस | भि/एम वाससिसि, विकास साझेदार |
| २० | आयोजनाका संरचना वरिपरि सरसफाइ र घेरावार | सम्बन्धीत खासउस | भि/एम वाससिसि, विकास साझेदार |

| | | | |
|---|---|---|---|
| २१ | नयाँ तथा पूराना खानेपानी योजनाको गुणस्तर परीक्षण गर्ने (गुणस्तर परीक्षण निर्देशिका बमोजिम) | सम्बन्धीत खासउस, | भि/एम वाससिसि, विकास साझेदार |
| २२ | परीक्षण पश्चात प्रभावित संरचनाहरुको शुद्धीकरण गर्ने | सम्बन्धीत खासउस, | भि/एम वाससिसि, विकास साझेदार |

## ४.४ पूर्ण सरसफाइ उन्मुख नमुना समुदाय विकासद्वारा सम्पूर्ण नगर क्षेत्रलाई पूर्ण सरसफाइ उन्मुख बनाउने

### ४.४.१ वर्तमान अवस्था

- नगरको पूर्ण सरसफाइ रणनीतिक योजना, २०७५ तयार भई एमवाससिसिबाट स्वीकृत भई सकेको ।
- GSF/UN HABITAT को सहयोग तथा युवा कृयाकलाप समाज (सोया)को प्राविधिक सहयोगमा, पूर्ण सरसफाइ कार्यक्रम अन्तर्गत नगरपालिकाको वडा नं. १, २, ७ र ९ भित्र पूर्ण सरसफाइ कार्यक्रम सञ्चालन भई वडा भित्रको निश्चित समुदाय (कार्की टोल, जागृति टोल, नायजु टोल र खगाँ टोल) नमुना समुदायको रुपमा बिकास भई रहेको ।
- पूर्ण सरसफाइ अभियान अर्न्तगत नमुना समुदायभित्र GSF/UN-Habitat को सहयोग तथा युवा कृयाकलाप समाज (सोया) को प्राविधिक सहयोगमा नमुना समुदायभित्रका घरधुरीहरुमा पूर्ण सरसफाइका सूचकहरुमा क्रियाकलाप सञ्चालन भई रहेको ।

### ४.४.२ समस्या तथा चुनौतीहरु

- पूर्ण सरसफाइ कार्यक्रम सञ्चालन गर्ने गरी वडा तहमा बजेट विनियोजन/ निक्यौंल नभएको
- खुला दिसामुक्त हासिल भैसकेको लामो समयसम्म पूर्ण सरसफाइ कार्यक्रम सञ्चालनमा सहयोगी तथा सहजीकरण गर्ने निकायहरुको अभावका कारण वडा तहका संस्थागत संरचनाहरु प्रायः जसो निस्कृय रहेको
- पूर्ण सरसफाइको क्षेत्रमा काम गर्ने दक्ष मानव संसाधनको कमी रहेको
- संस्थागत तहमा प्रयोगकर्तामैत्री शौचालयको अभाव रहेको
- शौचालयको प्रयोग र स्तरोन्नतिमा जोड दिनुपर्ने
- वडामा खानेपानी आयोजनाहरु कम रहेको र समुदायमा सुरक्षित खानेपानीको महत्वबारे जनचेतनाको कमी
- नगर क्षेत्रमा फोहोर व्यवस्थापन, ढल निकासको अवस्था कमजोर रहेको ।
- दिसा जन्य लेदो व्यवस्थापन चुनौती पूर्ण रहेको साथै प्रशोधन नगरिएको लेदोलाई तरकारी बारीमा राख्ने प्रचलन रहेको ।

### ४.४.३ सम्भावना तथा अवसरहरु

- ग्लोबल स्यानिटेसन फण्ड/यू एन हेभिटेट, एन्फो, फण्ड बोर्ड लगायतको आर्थिक तथा प्राविधिक सहयोग प्राप्त हुनु
- नगर स्तरीयखानेपानी,सरसफाइ तथा स्वच्छता समन्वय समिति क्रियाशील रहेको र नपा र वडा तहका संरचनाहरु सहजै क्रियाशील भई अभियानको नेतृत्व लिने
- खानेपानी आयोजना विस्तार हुँदै गइरहेको र प्रयोगमा जोड दिनुपर्ने

- शिक्षा, स्वास्थ्य, सामुदायिक वन, सहकारी संस्था, कृषिहरुको सञ्जाललाई परिचालन गर्न सकिने
- तालिम प्राप्त दक्ष मानव संसाधनलाई परिचालन गर्न सकिने
- स्थानीय स्रोत र साधनको पहिचान तथा परिचालनमा आम सहभागिता गर्न सकिने
- आम सञ्चार माध्यमहरुसँगको साझेदारी र सहकार्यमा प्रचार प्रसार कार्यलाई तीव्रता दिन सकिने
- सार्वजनिक, निजी साझेदारीमा सार्वजनिक शौचालयनिर्माण तथा सञ्चालन, फोहोरमैला व्यवस्थापन, हरियाली प्रवर्द्धन, सरसफाइयुक्त पार्क निर्माण, होम स्टे सञ्चालन आदि गर्न सकिने ।
- पूर्ण सरसफाइलाई विकासका अन्य कार्यक्रम तथा अभियानसँग समन्वयात्मक रुपमा सञ्चालन गर्न सकिने

### ४.४.४ रणनीतिहरु

- खुला रुपमा सेप्टिकटंयाङ्की खोल्ने प्रबृतिलाई बन्देज लगाउनु पर्ने ।
- नगरदेखि समुदाय स्तरसम्म सचेतनामूलक कृयाकलापहरु सञ्चालन गरी ज्ञान र सीपको विकास गर्ने ।
- नगरले तय गरेको निति, नियम अवलम्वन गरी स्थानीय स्तर सम्म कार्यान्वयन गर्ने,
- सरसफाइ सम्बन्धी नगरपालिका स्तरीयआचारसंहिता लागु गर्ने
- सरसफाइलाई स्वास्थ्य, इज्जत प्रतिष्ठा, समृद्धि आदिसँग जोडेर सरसफाइ प्रवर्द्धनमा सबैलाई जिम्मेवारी बनाई आनीबानी परिवर्तन गर्न प्रज्वलनका विधिहरुको प्रयोग गर्ने
- पूर्ण सरसफाइ उन्मुख घर, कार्यालय, टोल, वडा, नगरपालिकालाई सम्मान तथा पुरस्कृत गर्ने ।
- पूर्ण सरसफाइ उन्मुख घर तथा कार्यालय पहिचान हुने सन्देशमूलक सामग्री/स्टिकर/ परिचय पत्र प्रयोग गर्ने
- विभिन्न कार्यक्रमहरु सञ्चालनएवं सहजीकरण गर्ने निकायहरुबीच समन्वय र सहकार्य गर्ने
- खानेपानी,सरसफाइ र स्वच्छता सम्बन्धमा सम्बोधन गर्न बाँकी रहेका समस्याहरुलाई सम्बोधन गर्न पूर्ण सरसफाइ रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गर्ने

### ४.४.५ क्षेत्र विकासको उद्देश्य, नतिजा र लक्ष्य तालिका

| सूचकहरु | ईकाइ | वर्तमान अवस्था | लक्ष्य (वर्षमा) | | | | पुस्ट्याइँका आधारहरु |
|---|---|---|---|---|---|---|---|
| | | | २०७५ | २०७६ | २०७७ | २०७८ | |
| सुरक्षित चर्पीमा सहज पँहुच भएका घरधुरी | प्रतिशत | ९६% | | | १००% | | अनुगमन प्रतिवेदन, तथ्याङ्क |
| चर्पीको स्तरोनति तथा सुधार गर्नु पर्ने (चर्पीको घर, ढोका, छाना, भेन्टिलेसन) घरधुरी | प्रतिशत | १४% | | | १००% | | अनुगमन प्रतिवेदन, तथ्याङ्क |
| चर्पीको प्रयोग गरी नियमित रुपमा चर्पीको सरसफाइ गर्ने घरधुरी (ब्रस, सफा गर्ने वस्तु भएको, चर्पीमा दिसा नदेखिने, ट्याङ्की वरपर दिसा नदेखिएको) | प्रतिशत | ९६% | | १००% | | | अनुगमन प्रतिवेदन, तथ्याङ्क |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| प्रयोगकर्तामैत्री चर्पी भएको | प्रतिशत | | | | | | तथ्याङ्क उपलब्ध नभएको |
| साबुन पानीले हात धुने स्थान भएका घरधुरी | प्रतिशत | ८२% | | | १००% | | अनुगमन प्रतिवेदन, तथ्याङ्क |
| जोखिमपूर्ण अवस्थामा साबुनपानीले हात धुने बानीको विकास भएका घरधुरी | प्रतिशत | ८२% | | | १००% | | अनुगमन प्रतिवेदन, तथ्याङ्क |
| महिनावारी स्वच्छता व्यवस्थापन सम्बन्धी ज्ञान | प्रतिशत | ९३.२५% | | | | १००% | |
| घरवाट निस्कने ठोस फोहोरको उचित ब्यवस्थापन गर्ने घरधुरी | प्रतिशत | २२ % | | | | १००% | अनुगमन प्रतिवेदन, तथ्याङ्क |
| घर आँगनको सधै सफाई गर्ने घरधुरी | प्रतिशत | ७५.३५% | | १००% | | | अनुगमन प्रतिवेदन, तथ्याङ्क |
| भाडा सुकाउने चाङ्ग/ च्याक भएका घरधुरी | प्रतिशत | ६९.८६% | | | | १००% | अनुगमन प्रतिवेदन, तथ्याङ्क |
| सुधारिएको चुल्हो / ग्यासको प्रयोग भएका घरधुरी (ग्याँस चुल्हो, धुवाँर हित चुल्हो) | प्रतिशत | | | | | १००% | अनुगमन प्रतिवेदन, तथ्याङ्क |
| पानी शुद्धीकरण गरी उपभोग गर्ने घरधुरी | प्रतिशत | ६५% | | | १००% | | अनुगमन प्रतिवेदन, तथ्याङ्क |
| व्यवस्थित भान्सा तथा भाडाकुडा राख्ने उचित ब्यवस्थापन भएका र खानेकुराहरु सधै छोपेर राख्ने गरेका घरधुरी | प्रतिशत | ९१.६४% | | १००% | | | अनुगमन प्रतिवेदन, तथ्याङ्क |
| खानेकुराहरु राम्रोसँग पकाएर र काँचै खानेकुराहरु र फलफूल सफा पानीले पखालेर मात्र खाने गरेका घरधुरीहरु | प्रतिशत | | | १००% | | | अनुगमन प्रतिवेदन, तथ्याङ्क |
| पशु गोठको उचित ब्यवस्थापन भएका घरधुरी | प्रतिशत | ४६% | | १००% | | | अनुगमन प्रतिवेदन, तथ्याङ्क |
| बाटो घाटो, सार्वजनिक स्थल, चौतारो सफा भएका गाउँ | प्रतिशत | ४०% | | १००% | | | अनुगमन प्रतिवेदन, तथ्याङ्क |

### ४.४.६ कार्य योजना

| क्र.सं. | कृयाकलापहरु | प्रमुख जिम्मेवारी | सहजीकरण सहयोग |
|---|---|---|---|
| १ | पूर्ण सरसफाइ सम्बन्धी क्षमता अभिवृद्धि गर्ने (नपा, बिद्यालय, वडा तह) | सम्बन्धीत समन्वय समिति | नगरपालिका /सहयोगी निकाय |
| २ | पूर्ण सरसफाइ रणनीतिक योजना तथा कार्य यो जना तयार पार्ने नपा र सम्बन्धीत समन्वय समिति | सम्बन्धीत समन्वय समिति | नगरपालिका /सहयोगी निकाय |
| ३ | सरसफाइ आचारसंहिता निर्माण तथा कार्यान्वयन गराउन | सम्बन्धीतसमन्वय | नगरपालिका /सहयोगी निकाय |
| ४ | पसलेहरुसँग समन्वय गरी सरसफाइका सामग्रीहरु स्थानीय बजारमा सुपथ मुल्यमा पाइने व्यवस्था मिलाउने | नपा र वडा समन्वय समिति | नगरपालिका /सहयोगी निकाय |
| ५ | खानेपानी सुरक्षा योजना सम्बन्धी अभिमुखीकरण गर्ने | खा.पा.स.डि.का | नगरपालिका /सहयोगी निकाय |
| ६ | खानेपानी आयोजनाहरु मर्मत तथा पुन निर्माण गर्ने | खा.पा.स.डि.का | नगरपालिका /सहयोगी निकाय |
| ७ | खानेपानी शुद्धीकरण गर्ने विधिहरुको प्रयोगात्मक अभ्यास तथा जानकारी गराउने | खा.पा.स.डि.का /जनस( वास्थ्य कार्यालय | सहयोगी निकाय |
| ८ | चर्पीको स्तरोनती र मर्मत संभारका लागि अभियान चलाउने (ब्रस, सफा गर्ने वस्तु भएको, चर्पीमा दिसा नदेखिनु, ट्याङ्की वरपर दिसा नदे खिएको | नपा/वडा कार्यालय/समन( वय समिति | सहयोगी निकाय |
| ९ | घर तथा कार्यालयहरुमा हात धुने निश्चित स्थान र सामग्रीको उपलब्धता सुनिश्चत गर्ने | सम्बन्धीतघर, कार्यालय, समन्वय समिति | सहयोगी निकाय |
| १० | प्रयोगकर्तामैत्री चर्पी स्तरोनति गर्ने | सम्बन्धीतघर, कार्यालय, समन्वय समिति | सहयोगी निकाय |
| ११ | सुधारिएको चुल्हो, स्वच्छ भान्सा अभियान सञ्चालन | जि.स.स./नगरपालिका | वन कार्यालय/सहयोगी निकाय |
| १२ | ठोस तथा तरल फोहोर व्यवस्थापन र साप्ताहिक रुपमा सार्वजनिक स्थलको सरसफाइ गर्ने परि पाटीको विकास गर्ने | नपा, बजार व्यवस्थापन समिति, टोल सुधार समिति | सहजीकरण गर्ने निकाय |
| १३ | भाडा माझ्ने व्यवस्थित जुठ्यान, भाडा राख्ने वा सुकाउने चाङ्ग/ टाँड निर्माण र प्रयोग अभियान चलाउने | नपा/वडा समन्वय समिति | सहयोगी निकाय |
| १४ | फूलबारी निर्माण, करेसाबारी निर्माण अभियान चलाउन | नपा/वडा समन्वय समिति | कृषि कार्यालय/सहयो गी निकाय |

| | | | |
|---|---|---|---|
| १५ | महिनावारी हुँदाको सरसफाइ सम्बन्धी सचेतना फैलाउने र स्थानीय बजारमा सेनेटरी प्याडको उपलब्धताका लागि पहल गर्ने | जनस्वास्थ्य कार्यालय/स्वास्थ्य चौकी | सहजीकरण गर्ने निकाय |
| १६ | गोठ तथा भकारो सुधार कार्यक्रमसँग समन्वय र सहयोग गर्ने | पशुसेवा कार्यालय | सहजीकरण गर्ने निकाय |
| १७ | पूर्ण सरसफाइ अभियान सञ्चालन गर्दा पूर्ण साक्षरता, स्वास्थ्य संस्थामा मात्र सुत्केरी गराउने जस्ता अभियानलाई समेट्ने | सम्बन्धीत समन्वय समिति | सहयोगी निकाय/सहजीकरण गर्ने निकाय |
| १८ | टोल, वडा, नपा स्तरीय अनुगमन संयन्त्र परिचालन गर्ने | सम्बन्धीत समन्वय समिति | सहयोगी निकाय/ सहजीकरण गर्ने निकाय |
| १९ | तथ्याङ्क अद्यावधिक गर्ने | सम्बन्धीत समन्वय समिति | सहयोगी निकाय/ सहजीकरण गर्ने निकाय |
| २० | होर्डिङ्ग बोर्ड, भित्ते लेखन सूचना, शिक्षा तथा सञ्चार सम्बन्धीसामग्रीहरु वितरण | सम्बन्धीत समन्वय समिति | सहयोगी निकाय/ सहजीकरण गर्ने निकाय |
| २१ | खानेपानी,सरसफाइ, स्वच्छता सम्बन्धिदवस, सप्ताह मनाउने | खा.पा.स.डि.का/सम्बन्धीत समन्वय समिति | सहयोगी निकाय/ सहजीकरण गर्ने निकाय |
| २२ | अवलोकन भ्रमण गराउने | सम्बन्धीत समन्वय समिति | सहयोगी निकाय/ सहजीकरण गर्ने निकाय |
| २३ | पुरस्कार तथा सम्मान | सम्बन्धीत समन्वय समिति | सहयोगी निकाय/ सहजीकरण गर्ने निकाय |
| २४ | पूर्ण सरसफाइ उन्मुख घर, गाउँ वडा, गाविस, नपा, अनुगमन, प्रमाणीकरण र घोषणा | सम्बन्धीत समन्वय समिति | सहयोगी निकाय/ सहजीकरण गर्ने निकाय |
| २५ | सुरक्षित खाना सम्बन्धी सचेतना, बजारमा खाद्य सुरक्षा अनुगमन | नगरपालिका र वडा कार्यालय | नगरपालिका र वडा कार्यालय |

## ४.५ शैक्षिक संस्थाहरूमा खानेपानी तथा सरसफाइ स्वच्छता प्रबर्द्धन

### ४.५.१ वर्तमान अवस्था

- ☞ विद्यालयहरुमा विद्यार्थीसंख्याको अनुपातमा शौचालयप्रयाप्त नभएको
- ☞ प्रयोगकर्तामैत्री शौचालयको अभाव
- ☞ पर्याप्त पानीको अभाव रहेका विद्यालयहरुमा खानेपानीका साथै शौचालयको सफाइ र हात धुनका लागि पानी अपर्याप्त रहेकोले शौचालयहरु फोहोर तथा दुर्घन्धित रहेको
- ☞ विद्यालयमा हुने सरसफाइकार्यक्रमहरुमा पूर्ण सरसफाइका सम्पूर्ण सूचकहरुमा ध्यान नदिइएको

### ४.५.२ समस्या तथा चुनौतीहरु

- ☞ कतिपय विद्यायलयहरुमा खानेपानीको लागि नजिकै मुहान नहुनु,
- ☞ फोहोर व्यवस्थापनामा कमी,बाल/लैङ्गिक/अपाङ्गमैत्री शौचालयपर्याप्त नहुनु,

- ☞ विद्यायलयमा शौचालयको अपुग, शौचालयमा साबुन पानीको उपलब्धता नहुनु,
- ☞ सुरक्षित पानीको कमी

### ४.५.३ सम्भावना तथा अवसरहरु

- ☞ सरकारी तथा गैरसरकारी निकाय, विकास साझेदारहरुको संयुक्त प्रयासमा खानेपानी तथा सरसफाइ सुविधाको पुर्ननिमार्ण, विस्तार तथा व्यवस्थापन सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्ने अवसर रहेको छ ।
- ☞ खानेपानी तथा सरसफाइ सम्बन्धी बालबालिकामा भएको चेतनाको विकासलाई व्यवहारमा उतार्ने अवसर ।
- ☞ विद्यालयमा गठित बाल क्लबद्वारा समुदायमा खानेपानी तथा सरसफाइ सम्बन्धी जनचेतना मूलक कार्यक्रम सञ्चालनगर्न सकिने

### ४.५.४ रणनीतिहरु

- ☞ शिक्षकहरुलाई सरसफाइ सम्वन्धी तालिम, गोष्ठी, अभिमुखीकरणकार्यक्रम संचालित गरी उक्त कार्यक्रमबाट हासिल गरेको ज्ञान तथा सीप विद्यार्थीहरु माझ आदान प्रदान गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरिने।
- ☞ विद्यालयको खानेपानी तथा सरसफाइ सुदृढिकरणका लागि जिल्ला शिक्षा कार्यालयबाट गरिने अनुगमनमा यस क्षेत्रलाई समावेश गरी विद्यालय व्यवस्थापन समिति, अभिभावक, शिक्षक एवं विद्यार्थीहरुलाई पुरस्कृत गर्ने

### ४.५.५ क्षेत्र विकासको उद्देश्य, नतिजा र लक्ष्य तालिका

| सूचकहरु | ईकाइ | वर्तमान अवस्था | लक्ष्य (वर्षमा) | | | | पुस्ट्याइँका आधारहरु |
|---|---|---|---|---|---|---|---|
| | | | २०७५ | २०७६ | २०७७ | २०७८ | |
| सामुदायिक विद्यालय | संख्या | ३९ | | | | | नगरपालिका सर्वेक्षण |
| निजीविद्यालय | संख्या | २५ | | | | | नगरपालिका सर्वेक्षण |
| क्याम्पसहरु | संख्या | ४ | | | | | नगरपालिका सर्वेक्षण |
| प्रति शौचालय छात्रा अनुपात | संख्या | | | | | | नगरपालिका सर्वेक्षण |
| बिद्यालयमा खानेपानी सरसफाइ तथा स्वच्छताको अवस्था विश्लेषण गर्ने (WASH Assement) | संख्या | ५ | ५९ | | | | नगरपालिका सर्वेक्षण प्रतिवेदन |
| प्रति शौचालयछात्र अनुपात | संख्या | | | | | | नगरपालिका सर्वेक्षण |
| पूर्ण सरसफाइयुक्त नमुना विद्यालय | प्रतिशत | १०.२५% | | १००% | | | नगरपालिका सर्वेक्षण |
| प्रयोगकर्तामैत्री शौचालयको सुविधा भएका विद्यालय | प्रतिशत | २०% | | १००% | | | नगरपालिका सर्वेक्षण र फिल्ड सर्वेक्षण |
| छात्रा शौचालयको सुविधा भएका विद्यालय (आ.वि, मा.वि) | प्रतिशत | २०% | | १००% | | | नगरपालिका सर्वेक्षण र फिल्ड सर्वेक्षण |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सुरक्षित तथा गोपनियता कायम भएका शौचालयसुविधा | प्रतिशत | ३०% | | १००% | | | नगरपालिका सर्वेक्षण र फिल्ड सर्वेक्षण |
| शौचालयहरुको व्यवस्थित रुपमा प्रयोग भएका विद्यालय | प्रतिशत | ३०% | | १००% | | | नगरपालिका सर्वेक्षण र फिल्ड सर्वेक्षण |
| छात्रा शौचालयमा स्यानिटरी प्याड फाल्न मिल्ने व्यवस्था | प्रतिशत | २०% | | १००% | | | नगरपालिका सर्वेक्षण र फिल्ड सर्वेक्षण |
| शौचालयमा सरसफाइ सामग्री | प्रतिशत | ३०% | | १००% | | | नगरपालिका सर्वेक्षण र फिल्ड सर्वेक्षण |
| शौचालयमा पानीको उपलब्धता | प्रतिशत | ३०% | | १००% | | | नगरपालिका सर्वेक्षण र फिल्ड सर्वेक्षण |
| विद्यालयमा नियमित खानेपानीको आपूर्ति व्यवस्था भएका | प्रतिशत | ८५% | | १००% | | | नगरपालिका सर्वेक्षण र फिल्ड सर्वेक्षण |
| समूह हात धुने सुविधा भएका | प्रतिशत | ४०% | | १००% | | | नगरपालिका सर्वेक्षण र फिल्ड सर्वेक्षण |
| हातधुने स्थानमा साबुन पानीको व्यवस्था भएका | प्रतिशत | ३०% | | १००% | | | नगरपालिका सर्वेक्षण र फिल्ड सर्वेक्षण |
| खानेपानीको शुद्धीकरणगरी प्रयो ग गर्ने विद्यालय(सुरक्षित पानीमा पहुँच भएका) | प्रतिशत | ५०% | | १००% | | | नगरपालिका सर्वेक्षण र फिल्ड सर्वेक्षण |
| कक्षा कोठा सफा रहेका | प्रतिशत | ७०% | | १००% | | | नगरपालिका सर्वेक्षण र फिल्ड सर्वेक्षण |
| ठोस तथा तरल फोहरको उचित संकलन तथा व्यवस्थापन भएका | प्रतिशत | ५०% | | १००% | | | नगरपालिका सर्वेक्षण र फिल्ड सर्वेक्षण |
| विद्यालयको हाता सफा रहेको | प्रतिशत | ५०% | | १००% | | | नगरपालिका सर्वेक्षण र फिल्ड सर्वेक्षण |
| बाल क्लव गठन भएका विद्यालय | प्रतिशत | ८५% | १००% | | | | नगरपालिका सर्वेक्षण |
| सरसफाइ तथा स्वच्छता फोकल व्यक्ति भएका | प्रतिशत | १०% | १००% | | | | नगरपालिका सर्वेक्षण |
| सरसफाइतथा स्वच्छता सम्बन्धी कार्ययोजना निर्माण | प्रतिशत | २०% | १००% | | | | नगरपालिका सर्वेक्षण |
| सरसफाइसुधार योजना क्षए मा समावेश | प्रतिशत | | | | | | नगरपालिका सर्वेक्षण |
| खानेपानी तथा सरसफाइ मर्मत सभार कोष स्थापना | प्रतिशत | १०% | | १००% | | | नगरपालिका सर्वेक्षण |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सरसफाइ सम्बन्धी आचारसंहिता बनाई लागु गरेका | प्रतिशत | १०% | १००% | | | | नगरपालिका सर्वेक्षण |
| खानेपानी तथा सरसफाइको नियमित निरीक्षण तथा व्यवस्थापन संयन्त्र | प्रतिशत | १०% | १००% | | | | नगरपालिका सर्वेक्षण |
| विद्यार्थीको व्यक्तिगत सरसफाइको दैनिक रुपमा निरीक्षण हुने | प्रतिशत | ३०% | १००% | | | | नगरपालिका सर्वेक्षण |
| सरसफाइ सम्बन्धी सन्देश राखिएका | प्रतिशत | १०% | | १००% | | | नगरपालिका सर्वेक्षण र फिल्ड सर्वेक्षण |
| महिनावारी सरसफाइ बारेमा छात्राहरुलाई जानकारी | प्रतिशत | २०% | | १००% | | | नगरपालिका सर्वेक्षण |
| सरसफाइ तथा साबुन पानीले हात धुने वारे विद्यार्थीलाई जानकारी | प्रतिशत | ६०% | | १००% | | | नगरपालिका सर्वेक्षण |

### ४.५.६ कार्य योजना

| क.सं. | कृयाकलापहरु | प्रमुख जिम्मेवारी | सहजीकरण सहयोग |
|---|---|---|---|
| १ | शिक्षक, बाल क्लब, अभिभावक संघ, विद्यालय व्यवस्थापन समिति, सरसफाइ फोकल शिक्षकको क्षमता अभिवृद्धि | एसवाससिसि, विद्यालय | नगरपालिका |
| २ | प्रयोगकर्तामैत्री (लैङ्गिक, महिनावारीमैत्री, अपाङ्गतामैत्री) शौचालयनिर्माण, स्तरोनति, सञ्चालनतथा व्यवस्थापन | एसवाससिसि, विद्यालय | नगरपालिका |
| ३ | विद्यालयमा सेनेटरी प्याड लगायतका व्यक्तिगत सरसफाइ प्रवर्द्धनको सामग्रीको व्यवस्था (टावेल, नड.कटर, ऐना आदि) | एसवाससिसि, विद्यालय | नगरपालिका |
| ४ | बालवालिकामैत्री सुविधायुक्त पानी धाराको व्यवस्था | एसवाससिसि, विद्यालय | नगरपालिका |
| ५ | बालबालिकामैत्री सुविधा भएको हात धुने निश्चित स्थान निर्माण | एसवाससिसि, विद्यालय | नगरपालिका |
| ६ | विद्यालय सरसफाइ कोष वृद्धि तथा सञ्चालन | एसवाससिसि, विद्यालय | नगरपालिका |
| ७ | पूर्ण सरसफाइ प्रवर्द्धनात्मक क्रियाकलापहरु सञ्चालन (र्‍याली, हाजिरी जवाफ, घरदैलो, गीत, नाच, नाटक ई.) | एसवाससिसि, विद्यालय | नगरपालिका |
| ८ | सरसफाइ स्रोत केन्द्र सञ्चालन | एसवाससिसि, विद्यालय | नगरपालिका |
| ९ | विद्यालयमा सरसफाइ सम्बन्धी चेतनामूलक कृयाकलाप सञ्चालन | एसवाससिसि, विद्यालय | नगरपालिका |

| | | | |
|---|---|---|---|
| १० | विद्यालयद्वारा समुदायमा सरसफाइ सचेतना अभि( वृद्धि, अनुगमन तथा अभिप्रेरणा जगाउने | एसवाससिसि, विद्यालय | नगरपालिका |
| ११ | सरसफाइ फोकल शिक्षकबाट सरसफाइ सम्बन्धी कक्षा सञ्चालन | एसवाससिसि, विद्यालय | नगरपालिका |
| १२ | सरसफाइ आचारसंहिता लागू गर्ने ( फ्लेक्स वा भित्ते लेखन) | एसवाससिसि, विद्यालय | नगरपालिका |
| १३ | साप्ताहिक तथा वार्षिक कार्ययोजना तयार पारी कार्यान्वयन गर्ने | एसवाससिसि, विद्यालय | नगरपालिका |
| १४ | लैङ्गिक समावेशी सरसफाइ अनुगमन तथा सुपरीवेक्षण योजना तयारी तथा कार्यान्वयन | एसवाससिसि, विद्यालय | नगरपालिका |
| १५ | अन्तर विद्यालय अवलोकन भ्रमण | एसवाससिसि, विद्यालय | नगरपालिका |
| १६ | समिति, बाल क्लबको नियमित बैठक, समीक्षा | एसवाससिसि, विद्यालय | नगरपालिका |
| १७ | पूर्ण सरसफाइयुक्त विद्यालय निर्माण तथा घोषणा | एसवाससिसि, विद्यालय | नगरपालिका |

## ४.६ कार्यालयहरूमा खानेपानी, सरसफाइ र स्वच्छता प्रवर्द्धन

### ४.६.१ वर्तमान अवस्था

- स्थानिय निकायका संरचनाहरुमा आवश्यकता अनुशार खानेपानी तथा शौचालयको अभाव रहेको ।
- कार्यालयबाट निस्कने फोहोर मैलाको उचित व्यवस्थापन नभएको ।
- सरकारी तथा गैसस कार्यालयमा शौचालयको व्यवस्था भएता पनि सावुन र पानीको व्यवस्था नहुनु
- लैङ्गिक/अपाङ्गमैत्री शौचालय पर्याप्त नहुनु
- फोहोर मैला (जैविक तथा अजैविक फोहोर) व्यवस्थापनमा कमी
- शुद्ध खानेपानी वितरण नहुनु

### ४.६.२ समस्या तथा चुनौती

- सरसफाइलाई कम प्राथमिकता दिनु
- सरफाइको लागि उपलब्ध जनशक्ति तथा बजेटको कमी
- विभिन्न निकायहरुवीच समन्वयको कमी
- सरकारी तथा गैसस कार्यालय वरपर सफा वातावरण नहुनु
- कर्मचारीहरुलाई सरसफाइ सम्बन्धीज्ञान भएको तर व्यवहारमा कार्यान्वयन नभएको

### ४.६.३ सम्भावना तथा अवसर

- कार्यालय तथा संघसंस्थाहरुले आफ्नो कार्ययोजना वनाउँदा सरसफाइलाई पनि समावेश गरी वर्षैभरी सचेतीकरणका कार्यकमहरु सञ्चालनगर्न सक्ने सम्भावना
- नगर स्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समितिका निर्णयहरुलाई कार्यान्वयन गर्न अन्य कार्यालयहरुसँग समन्वय र सम्बन्ध स्थापित गर्दै पूर्ण सरसफाइका सूचकहरुको पालना गरी नमुनाको रुपमा कार्यालयहरु प्रस्तुत हुन सक्ने

### ४.६.४ रणनीतिहरु

- पूर्ण सरसफाइ सम्बन्धी आनीबानी विकास तथा अवलम्बनको लागि सवै सरकारी तथा गैसस कार्यालयहरुमा कम्तिमा पनि हप्ताको एक दिन कार्यालयको सरसफाइ गर्ने,
- कर्मचारीको व्यक्तिगत तथा कार्यकक्ष तथा कार्यालयको सरसफाइलाई कर्मचारीको आचार संहिताको रुपमा राख्ने र मूल्याङ्कनको आधार लिने,
- दण्ड तथा पुरस्कारको व्यवस्था

### ४.६.५ उद्देश्य, नतिजा, लक्ष्य तालिका

| सूचकहरु | ईकाइ | वर्तमान अवस्था | लक्ष्य (वर्षमा) | | | | पुस्ट्याइँका आधारहरु |
|---|---|---|---|---|---|---|---|
| | | | २०७५ | २०७६ | २०७७ | २०७८ | |
| नगर स्तरमा भएका प्रमुख सरकारी/गैर सरकारी कार्यालय | संख्या | ७४ | | | | | कार्यालयको सूची |
| स्वास्थ्य संस्थाहरु | संख्या | १० | | | | | जि स्वा का प्रतिवेदन |
| वातावरणमैत्री/पूर्ण सरसफाइ उन्मुख नमुना कार्यालय तथा संस्था | संख्या | ० | | | | ७४ | प्रतिवेदन/सर्वेक्षण |
| शौचालयको सुविधा भएका कार्यालय तथा संस्था | संख्या | ७४ | | | | | प्रतिवेदन/सर्वेक्षण |
| महिला शौचालयको सुविधा भएका कार्यालय तथा संस्था | प्रतिशत | ६०% | | २०% | २०% | १००% | प्रतिवेदन/सर्वेक्षण |
| शौचालयहरुको व्यवस्थित रुपमा प्रयोग भएका कार्यालय तथा संस्था | प्रतिशत | ९४.४२% | | १००% | | | प्रतिवेदन/सर्वेक्षण |
| महिला चर्पीमा स्यानिटरी प्याड फाल्न मिल्ने व्यवस्था | संख्या | ० | | ७४ | | | प्रतिवेदन/सर्वेक्षण |
| शौचालयमा सरसफाइ सामग्री | प्रतिशत | ९६% | | १००% | | | प्रतिवेदन/सर्वेक्षण |
| शौचालयमा पानीको उपलब्धता | प्रतिशत | ९६% | | १००% | | | प्रतिवेदन/सर्वेक्षण |
| सावुन पानीले हात धुने व्यवस्था भएको | प्रतिशत | ८२% | | १००% | | | प्रतिवेदन/सर्वेक्षण |
| खानेपानीको आपूर्ति व्यवस्था भएको | प्रतिशत | ५८% | | | | १००% | प्रतिवेदन |
| खानेपानीको शुद्धीकरण गरी प्रयोग गर्ने कार्यालय तथा संस्था | प्रतिशत | ६५% | | १००% | | | प्रतिवेदन/सर्वेक्षण |
| ठोस फोहरको उचित व्यवस्थापन भएका कार्यालय तथा संस्था | प्रतिशत | २२ | | १००% | | | प्रतिवेदन/सर्वेक्षण |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| तरल फोहरको उचित व्यवस्थापन भएका कार्यालय तथा संस्था | प्रतिशत | ४०% | | १००% | | | | प्रतिवेदन/सर्वेक्षण |
| वार्डहरुमा फोहरको वर्गीकरण गर्ने गरिएको स्वास्थ्य संस्था | प्रतिशत | १००% | | | | | | प्रतिवेदन/सर्वेक्षण |
| फोहर जलाउन इन्सिनेटरको व्यवस्था भएका स्वास्थ्य संस्था | प्रतिशत | ८०% | | १००% | | | | प्रतिवेदन/सर्वेक्षण |
| सरसफाइ तथा स्वच्छता फोकल व्यक्ति भएको कार्यालय तथा संस्था | प्रतिशत | ५% | | १००% | | | | प्रतिवेदन/सर्वेक्षण |
| सरसफाइ तथा स्वच्छता सम्बन्धि कार्ययोजना निर्माण | प्रतिशत | ५% | | १००% | | | | प्रतिवेदन/सर्वेक्षण |
| कर्मचारीहरुलाई सरसफाइ सम्बन्धी आचारसंहिता बनाई लागु गरेका कार्यालय तथा संस्था | प्रतिशत | ०% | | १००% | | | | प्रतिवेदन/सर्वेक्षण |
| कार्यालय परिसर र कोठाहरु सफा रहेका कार्यालय तथा संस्था | प्रतिशत | ७५.३५% | | १००% | | | | प्रतिवेदन/सर्वेक्षण |
| सरसफाइ सम्बन्धी सन्देश राखिएका कार्यालय तथा संस्था | प्रतिशत | ५% | | १००% | | | | प्रतिवेदन/सर्वेक्षण |

### ४.६.६ : कार्य योजना

| क्र.सं. | कृयाकलाप | प्रमुख जिम्मेवारी | सहजीकरण सहयोग |
|---|---|---|---|
| १ | कर्मचारीहरुको बैठक बसी सरसफाइको अवस्था विश्लेषण गरी कार्य योजना तयार पार्ने, सरसफाइ फोकल पर्सन तोक्ने | सम्बन्धीतकार्यालय तथा संघसंस्थाका वास सिसिमा आबद्ध व्यक्तिहरु | एमवाससिसि, विकास साझेदार |
| २ | सरसफाइ कार्य योजना, सरसफाइ आचारसंहिता बनाई कार्यान्वयन गर्ने | सम्बन्धीतकार्यालय तथा संघसंस्थाका फोकल पर्सन | एमवाससिसि, विकास साझेदार |
| ३ | कार्यालयहरुमा प्रयोगकर्तामैत्री शौचालयाि नर्माण तथा स्तरोन्नतिगर्ने | सम्बन्धीतकार्यालय, फोकलपर्सन | एमवाससिसि, विकास साझेदार |
| ४ | कार्यालयमा महिलाका लागि महिनावारीमैत्री कम्तिमा १ शौचालयको व्यवस्था गर्ने | सम्बन्धीतकार्यालय, फोकलपर्सन | एमवाससिसि, विकास साझेदार |
| ५ | चर्पी सरसफाइ सामग्रीको व्यवस्थापन र प्रयोग गरी चर्पीको सरसफाइ कायम राख्ने | सम्बन्धीतकार्यालय, फोकलपर्सन | एमवाससिसि, विकास साझेदार |
| ६ | सावुन पानीले हात धुने स्थान र सावुनको उपलब्धता गर्ने | सम्बन्धीतकार्यालय, फोकलपर्सन | एमवाससिसि, विकास साझेदार |

| | | | |
|---|---|---|---|
| ७ | व्यवस्थित खानेपानीको व्यवस्थापन तथा सुरक्षित पिउनेपानीको व्यवस्था मिलाउने (पानी शुद्धीकरण) | सम्बन्धीतकार्यालय, फोकलपर्सन | एमवाससिसि, विकास साझेदार |
| ८ | कार्यालयमा पूर्ण सरसफाइ तथा बानी परि वर्तन सम्बन्धी अभिमुखीकरणसञ्चालन गर्ने | सम्बन्धीतकार्यालय, | एमवाससिसि, विकास साझेदार |
| ९ | फोहोर व्यवस्थापनको लागि जैविक तथा अजैविक फोहोरलाई अलग अलग छुट्याउने तथा व्यवस्थापन गर्ने | सम्बन्धीतकार्यालय, फोकलपर्सन | एमवाससिसि, विकास साझेदार |
| १० | स्वास्थ्य संस्थाहरुमा फोहोर व्यवस्थापन नीति बमोजिम फाहोर व्यवस्थापन गर्ने( इन्सिरेटर, प्लासान्टा, अन्य फाहोर व्यवस्थापन) | सम्बन्धीतस्वास्थ्य संस्था, फोकल पर्सन | एमवाससिसि, विकास साझेदार |
| ११ | कार्यालय परिसर, कोठा सफा राख्ने, कोठाहरुमा डष्टबिनको प्रयोग गर्ने | सम्बन्धीतकार्यालय,फोकल पर्सन | एमवाससिसि, विकास साझेदार |
| १२ | कार्यालय हाताभित्र फूल तथा बगैंचा बनाइ हरियाली कायम गर्नको लागि वृक्षारोपण गर्ने | सम्बन्धीतकार्यालय | एमवाससिसि, विकास साझेदार |
| १३ | कर्मचारीको व्यक्तिगत सरसफाइ तथा कार्यालय तथा कार्य कक्षको सरसफाइलाई पनि कार्य सम्पादन मूल्यांकनको रुपमा लागु गर्ने | सम्बन्धीतकार्यालयका प्रमुख,फोकल पर्सन | एमवाससिसि, विकास साझेदार |
| १४ | कार्यालयहरुमा सरसफाइ सम्बन्धीसन्देशहरु राख्ने | सम्बन्धीतकार्यालय,फोकल पर्सन | एमवाससिसि, विकास साझेदार |
| १५ | प्रत्येक कर्मचारी बैठकमा सरसफाइको एजेण्डा माथि छलफल गर्ने | सम्बन्धीतकार्यालय, फोकलपर्सन | एमवाससिसि, विकास साझेदार |
| १६ | नगर परिषद्, विश्व वातावरण दिवस, राष्ट्रिय सरसफाइ सप्ताहको अवसरमा सरसफाइ प्रवर्द्धनमा उत्कृष्ट कार्य गर्ने कार्यालय तथा सङ्घसंस्थालाई पुरस्कारको व्यवस्था गर्ने | सम्बन्धीतकार्यालय, एमवाससिसि, | विकास साझेदार |
| १७ | एमवाससिसिले कार्यालय सरसफाइ सम्बन्धीअनुगमन तथा मूल्याङ्कन समिति गठन गरी वार्षिक २ पटक अनुगमन गरी प्रतिवेदन सार्वजनिक गर्ने | एमवाससिसि, संयुक्त अनुगमन समूह | विकास साझेदार |

| | | | |
|---|---|---|---|
| १८ | पूर्ण सरसफाइ उन्मुख अवस्था हासिल भएपछि सम्बन्धीतनिकायमा अनुगमन तथा प्रमाणीकरणका लागि समन्वय गर्ने | एमरवार्ड वाससिसी | विकास साझेदार |
| १९ | पूर्ण सरसफाइ उन्मुख कार्यालय घोषणा तथा हरियो स्टिकर टाँस गर्ने | सम्बन्धीत कार्यालय र वाससिसि | विकास साझेदार |

## ४.७ सुरक्षित खानेपानीमा पहुँच वृद्धि र खानेपानी आयोजनाहरूको समुचितव्यवस्थापन तथा आयोजनाहरूमा खानेपानी सुरक्षा योजनाको कार्यान्वयन

### ४.७.१ वर्तमान अवस्था

- तथ्याङ्कका आधारमा नगरमा व्यवस्थित खानेपानीमा पहुँच ५८ प्रतिशत रहेको छ । जसमध्य ४२ प्रतिशत घरधुरी व्यवस्थित खानेपानीमा पहुँचबाट बञ्चित छन् ।
- पानी शुद्धीकरणगरेर पिउनु पर्छ भन्ने जानकारी तथा अभ्यास गर्ने न्यून
- खानेपानी आयोजना मर्मतका लागि नियमित रुपमा कोष संकलन नभएको
- खानेपानी उपभोक्ता समितिको व्यवस्थापन पक्षमा सुधार गर्नुपर्ने
- थप ७ आयोजनाहरु निर्माणधिन अवस्थामा रहेको

### ४.७.२ समस्या तथा चुनौतीहरु

- विभिन्न निकायहरुबाट सञ्चालन गरिएको खानेपानी आयोजनाहरुको तथ्याङ्क एकीकृत रुपमा नहुनु ।
- मर्मत कार्यकर्ता नियमित नहुनु
- खानेपानी उपभोक्ता समिति सक्रिय नहुनु
- बजेट अपर्याप्तता
- प्राकृतिक प्रकोपका कारण खानेपानी आयोजना क्षतिग्रस्त हुनु
- भूकम्पको कारण मूल सुक्नु

### ४.७.३ सम्भावना तथा अवसरहरु

- डिप बोरिङ्ग गरी खानेपानी आयोजनाहरु निर्माण गर्ने
- समुदायबाट खानेपानी आयोजनाको मागमा वृद्धि
- पानीको स्रोतसंरक्षणका लागि वृक्षारोपण अभियान

### ४.७.४ क्षेत्र विकासका उद्देश्यहरु

- सबै जनसंख्यालाई न्यूनतम आवश्यक, सुरक्षित पानीमा पहुँच वृद्धि गर्ने

### ४.७.५ रणनीतिहरु :

- सबै खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुको क्षमता अभिवृद्धि गर्ने
- सुरक्षित पानीको महत्वबारे उपभोक्तालाइ जागरुक बनाउने
- खानेपानी मर्मत संभार कोष स्थापना र सञ्चालन गर्ने
- वडा स्तरमा खा पा प्राविधिक (प्लम्बर) व्यवस्थापन गर्ने

### ४.७.६ क्षेत्रगत सूचक तथा लक्ष्य तालिका

| सूचकहरु | ईकाइ | वर्तमान अवस्था | लक्ष्य (वर्षमा) | | | | पुस्ट्याइँका आधारहरु |
|---|---|---|---|---|---|---|---|
| | | | २०७५ | २०७६ | २०७७ | २०७८ | |
| सम्पन्न आयोजना | संख्या | ९८ | | | | | खा.पा.स.डि.का |
| राम्रो सँग संचालनमा रहेका आयोजना | संख्या | ८० | | | | | खा.पा.स.डि.का |
| पुनःस्थापना तथा पुन निर्माण गर्नु पर्ने आयोजना | संख्या | १८ | | | | | खा.पा.स.डि.का |
| जिल्ला जलस्रोत समितिमा दर्ता भएका आयोजना | संख्या | ८८ | | | | | खा.पा.स.डि.का |
| मर्मत सम्भार कार्यकर्ता भएका आयोजना | प्रतिशत | ४०% | | | १००% | | खा.पा.स.डि.का |
| नियमित महसुल उठाउने व्यवस्था भएका आयोजना | प्रतिशत | ४०% | | | १००% | | खा.पा.स.डि.का |
| मर्मत सम्भार औजार भएका आयोजना | प्रतिशत | ३९% | | | १००% | | खा.पा.स.डि.का |
| स्रोत तथा मुहान संरक्षण भएका आयोजना | प्रतिशत | ३०% | | | १००% | | खा.पा.स.डि.का |
| स्रोत तथा आयोजना वरिपरि वृक्षारोपण भएका आयोजना | प्रतिशत | ३०% | | | १००% | | खा.पा.स.डि.का |
| संरचना वरिपरि सरसफाइ र घेरावार भएका आयोजना | प्रतिशत | ३५% | | | १००% | | खा.पा.स.डि.का |
| खानेपानी सुरक्षा योजना लागु भएका आयोजना | संख्या | ६ | | | | १०० | खा.पा.स.डि.का |
| खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघमा दर्ता भएका आयोजना | प्रतिशत | ८०% | | | | १००% | खा.पा.स.डि.का |

### ४.७.७ कार्य योजना

| क्र.सं. | कृयाकलाप | प्रमुख जिम्मेवारी | सहजीकरण सहयोग |
|---|---|---|---|
| १ | खानेपानी तथा सरसफाइ आयोजनाहरुको तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गर्ने | एमवाससिसि | खा.पा.स.डि.का, खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ, दातृ निकाय, |
| २ | नगरको वास रणनीतिक कार्ययोजना तयार पार्ने | एमवाससिसि | एमवाससिसि/यु.एन.हेभिटेट/सोया |
| ३ | आयोजनाहरुको मर्मत सम्भार | एमवाससिसि | खा.पा.स.डि.का, खानेपानी उपभोक्ता समिति, दातृ निकाय |

| | | | |
|---|---|---|---|
| ४ | मर्मत संभार कार्यकर्ता लाई तालिम खानेपानी र सरसफाइ सम्बन्धी तालिम | एमवाससिसि | खा.पा.स.डि.का, खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ |
| ५ | खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुलाई खानेपानी आयोजना व्यवस्थापन, खानेपानी सुरक्षा योजना, पानी शुद्धीकरण सम्बन्धीतालिम | एमवाससिसि | खा.पा.स.डि.का, खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ |
| ६ | पूराना खानेपानी आयोजनाहरुमा समेत खानेपानी सुरक्षा योजना सम्बन्धी कृयाकलाप सञ्चालन गर्ने | एमवाससिसि | खा.पा.स.डि.का, खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ |
| ७ | सुरक्षित पानी सम्बन्धी सचेतनामूलक कार्यक्रम (तालिम, अभिमुखीकरण, ऱ्याली, रेडियो कार्यक्रम, दिवस तथा सप्ताह मनाउने आदि) | एमवाससिसि | जि.स.स, नेपाल सरकार खा.पा.स.डि.का, खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ, यू. एन हेभिटेट |
| ८ | खानेपानी आयोजनाका लागि जगेडा पार्टपुर्जाहरु स्थानीय बजारमा सहज उपलब्धता | एमवाससिसि | स्थानिय व्यापारी |

**४.८ बजार क्षेत्र तथा सार्वजनिक स्थलहरूमा पूर्ण सरसफाइ प्रवर्द्धन र सरसफाइ बजारीकरण :**

**४.८.१ वर्तमान अवस्था :**

- माग अनुसार खानेपानीको व्यवस्था हुन नसक्नु
- पूर्ण सरसफाइ अभियानलाई निरन्तता दिन निति नियम तथा निर्णय नभएको अवस्था
- वर्तमान अवस्थामा सरसफाइकार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि बढाउन विभिन्न निकाय र सरोकारवालाहरु सँग छलफल कार्यक्रम अगाडि बढाइएको ।

**४.८.२ समस्या तथा चुनौतीहरु :**

- फोहोर मैलाहरुलाई उचित ठाँउमा व्यवस्थापन गर्ने ठाँउको अभावतथा फोहोर मैला व्यवस्थापनमा कमी
- आवश्यक जनशक्तिको अभाव
- कल कारखाना तथा इट्टा उद्योगहरुबाट निस्केको धुवाँ धुलोको प्रदुषण नियन्त्रणमा कठिनाई
- अव्यवस्थित बसोबास तथा भू(उपयोग व्यवस्थापनका कमजोरीले गर्दा खानेपानीका मुहानहरुमा प्रदुषण तथा स्रोतहरुमा कमी
- वन जंगल क्षेत्रमा फोहर मैला व्यवस्थित नहुनु साथै संरक्षण भएता पनि पूर्ण रुपमा नहुनु
- सार्वजनिक शौचालयअपुग भएकाले वातावरण सरसफाइमा समस्या देखा पर्नु
- सार्वजनिकनिकायहरुको शौचालयमा साबुन पानीको उपलब्धता नहुनु
- मिसावट युक्त, बासी सडे गलेको तथा खुलाभिङ्गाभन्केका खाना
- ढल तथा नालीको उचित व्यवस्थापन नहुनु
- बिषादीयुक्त तरकारी

- घरेलुजनावरको छाडा चोपायाको दिशापिसावको व्यवस्थापन नहुनु

### ४.८.३ सम्भावना तथा अवसर :

- फोहोरलाई मोहरमा रुपमान्तरण गरी फोहोरबाट उत्पन्न हुने रोगहरुवाट बच्न सकिने ।
- मनोहरा, हनुमन्ते, खसाङ्गखुसुङ्ग जस्ता ठुला तथा साना खोला नालाहरुलाई सफा र स्वच्छ वनाई वग्ने पानीलाई सरसफाइ कार्यमा प्रयोग गर्न सकिने
- धार्मिक तथा पर्यटकीय स्थलहरु, ऐतिहासिक तथा प्राकृतिक सम्पदाहरुलाई संरक्षण गरी पर्यटकलाई आकर्षण गर्न सकिने

### ४.८.४ रणनीतिहरु :

- आफ्नो घर क्षेत्रको फोहर आफैंले व्यवस्था गर्ने
- घर दैलो अभियान गरी जनचेतना बढाउने
- नगर तथा स्थानीय तहमा निती नियम निर्माण गरी स्रोत र साधनको व्यवस्थापन तथा परिचालन ।
- सबै सरोकारवालाहरुसँग समन्वय गरी जिम्मेवारी वाडँफाड सहितको कार्य योजना तयार ।
- सार्वजनिक निजी साझेदारीमा सार्वजनिक शौचालयनिर्माण र सञ्चालन, फोहोर व्यवस्थापन

### ४.८.५ उद्देश्य, नतिजा, लक्ष्य तालिका

| सूचकहरु | ईकाइ | वर्तमान अवस्था | लक्ष्य (वर्षमा) | | | | पुस्ट्याइँका आधारहरु |
|---|---|---|---|---|---|---|---|
| | | | २०७५ | २०७६ | २०७७ | २०७८ | |
| नगरमा रहेका जम्मा प्रमुख बजार क्षेत्र | संख्या | १९ | | | | | नामावली सूची |
| सरसफाइ उन्मुख बजार क्षेत्र | संख्या | ० | | १९ | | | नगरपालिका सर्वेक्षण |
| नियमित रुपमा सार्वजनिक स्थलहरु, सडक, वाटाघाटो सफा गर्ने बजार क्षेत्र | संख्या | ० | | १९ | | | नगरपालिका सर्वेक्षण |
| बजार खानेपानी तथा सरसफाइ समिति गठन भएका बजार क्षेत्र | संख्या | ० | | १९ | | | प्रतिवेदन |
| बजार खानेपानी, सरसफाइ तथा स्वच्छता विकास योजना निर्माण भएका बजार क्षेत्र | संख्या | ० | | १९ | | | प्रतिवेदन |
| खानेपानीको सहज आपूर्ति व्यवस्था भएका बजार क्षेत्र | संख्या | ६ | | १३ | | | प्रतिवेदन |
| सार्वजनिक शौचालयको निर्माण र व्यवस्थापन भएका बजार क्षेत्र | संख्या | २ | | १७ | | | प्रतिवेदन |
| ढल निकासको उचित व्यवस्थापन भएका बजार क्षेत्र | संख्या | ० | | | | १९ | प्रतिवेदन |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| घर र पसलवाट निस्कने ठोस तथा तरल फोहरको वर्गीकरण गरी व्यवस्थापन गर्ने बजार क्षेत्र | संख्या | ४ | | १५ | | | प्रतिवेदन |
| घर र पसलवाट निस्कने ठोस तथा तरल फोहरको सुरक्षित व्यवस्थापन गर्ने बजार क्षेत्र | संख्या | ४ | | १५ | | | प्रतिवेदन |
| प्लाष्टिकजन्य पदार्थको न्यूनीकरण र उचित व्यवस्थापन भएका बजार क्षेत्र | संख्या | ० | | १९ | | | प्रतिवेदन |
| वाटोघाटो, सार्वजनिकस्थल, चौतारो सफा भएका बजार क्षेत्र | संख्या | ० | | १९ | | | प्रतिवेदन |
| ल्याण्डफिल साइटको व्यस्थापन भएका बजार क्षेत्र | संख्या | ० | | | | १९ | प्रतिवेदन |
| सरसफाइका सामग्रीहरु उपलब्ध हुने बजार क्षेत्र | संख्या | १९ | | | | | प्रतिवेदन |

### ४.८.६ : कार्य योजना

| क्र.सं. | कृयाकलापहरु | प्रमुख जिम्मेवारी | सहजीकरण सहयोग |
|---|---|---|---|
| १ | बजार खानेपानी तथा सरसफाइ समिति गठन तथा पुर्नगठन | सम्बन्धीत वाससिसि | विकास साझेदार, नपा, वडा |
| २ | बजार क्षेत्रमा टोल सुधार समितिहरु गठन तथा परिचालन | सम्बन्धीत वाससिसि, बव्यस, | विकास, साझेदार, नपा |
| ३ | बजार खानेपानी, सरसफाइ तथा स्वच्छता विकास योजना निर्माण | बजार खासउस, सम्बन्धीत वाससिसि | विकास, साझेदार, नपा, वडा |
| ४ | घर र पसलवाट निस्कने ठोस तथा तरल फोहरको सुरक्षित व्यवस्थापन (कम्पोष्ट प्लान्ट, ढलनिकाश, ल्याण्डफिल साइड......) | सम्बन्धीत वाससिसि, बव्यस, | विकास साझेदार, नपा, वडा, उवासंघ |
| ५ | प्लाष्टिक जन्य पदार्थको न्यूनीकरण र उचित ब्यवस्थापन | सम्बन्धीत वाससिसि, बव्यस, | विकास साझेदार, नपा, वडा, उवासंघ |
| ६ | नियमित रुपमा बाटोघाटो, सार्वजनिक स्थल, चौतारो सफा गर्ने परिपाटीको विकास तथा सुदृढीकरण | सम्बन्धीत वाससिसि, बव्यस, | विकास साझेदार, नपा, वडा, उवासंघ |
| ७ | सार्वजनिक शौचालय निर्माण तथा सञ्चालन | सम्बन्धीत वाससिसि, बव्यस, | विकास साझेदार, नपा, वडा, उवासंघ |
| ८ | ढल निकासको उचित ब्यवस्थापन | सम्बन्धीत वाससिसि, बव्यस, | विकास साझेदार, नपा, वडा, उवासंघ |

| | | | |
|---|---|---|---|
| ९ | ल्याण्डफिल साइटको व्यस्थापन | सम्बन्धीत वाससिसि, बव्यस, वडा, नपा | विकास साझेदार, नगरपालिका |
| १० | सरसफाइका सामग्रीहरुको सहज उपलब्धता उपलब्ध गराउन पसल तथा सप्लायरहरुसँग समन्वय | सम्बन्धीत वाससिसि, बव्यस, वडा, नपा | विकास साझेदार, उवासंघ |
| ११ | बजार क्षेत्रमा खानेपानी र सरसफाइ साम(ाग्रीहरुको सहज उपलब्धता गराउने | सम्बन्धीत वाससिसि, बव्यस, | विकास साझेदार, उवासंघ |
| १२ | सार्वजनिक स्थल, खेलकुद स्थल र बसपार्कमा शौचालयएवं पानीको ब्यवस्था मिलाउने | सम्बन्धीत वाससिसि, बव्यस, वडा, नपा, खासउस, | विकास साझेदार, उवासंघ |
| १३ | बजार क्षेत्रमा खानेपानीको सहज आपूर्ति ब्यवस्था मिलाउने | सम्बन्धीत वाससिसि, बव्यस, खासउस, वडा, नपा | विकाससाझेदार |
| १४ | सरसफाइ आचारसंहिता निर्माण तथा कार्यान्वयन | सम्बन्धीत वाससिसि, बव्यस, | विकास साझेदार |
| १५ | सचेतनामूलक, प्रचार प्रसारात्मक कृयाकलापहरु सञ्चालन गर्ने | सम्बन्धीत वाससिसि, बव्यस, | विकास साझेदार |
| १६ | भित्तेलेखन, सूचनामूलक बोर्ड, होर्डिङ्ग बोर्डमा घर, पसल, होटल आदिसँग साझे दारिता | सम्बन्धीतवाससिसि, बव्यस, विकास, खासउस, उवासंघ | विकास साझेदार |
| १७ | सार्वजनिक शौचालयनिर्माण तथा सञ्चालन सम्बन्धीर फोहोर व्यवस्थापन सम्बन्धी निती तयार पारी कार्यान्वयन गर्ने | सम्बन्धीतवाससिसि, बव्यस, उवासंघ | विकास साझेदार |
| १८ | पूर्ण सरसफाइ उन्मुख बजार विकासका लागि उत्प्रेरणा, पुरस्कार, सम्मान | सम्बन्धीतवाससिसि, बव्यस | विकास साझेदार |

## ४.९ जलवायु परिवर्तन तथा विपद् जोखिम न्युनीकरण :

### ४.९.१ वर्तमान अवस्था

- जलाधार क्षेत्र संरचना(केही)सञ्चालनभैरहेको ।
- खानेपानीको मूलको संरक्षणमा अभाव
- जनचेतना अभिवृद्धिको लागि घुम्ती, गोष्ठी, कार्यशाला गोष्ठी, सेमिनार गरी जलाधार क्षेत्रको जोखिमयुक्त तयारीका साथै पहिरो तथा वस्ती संरक्षण जस्ता कार्यको अध्ययन कार्य सञ्चालन भैरहेको छ ।

### ४.९.२ समस्या तथा चुनौतीहरु

- नगरपालिका क्षेत्र भित्र अव्यवस्थित खानीहरु सञ्चालन भई रहेको ।
- क्रमिक रुपमा प्रकोप न्यूनीकरणका संरचना निमार्ण काम सञ्चालन भैरहेपनि सबै ठाउँको मागलाई पूरा गर्न नसकिएको
- विभिन्न संरचना तथा कार्यक्रम सञ्चालनगर्नको लागि पर्याप्त आर्थिकस्रोतको अभाव हुनु ।

### ४.९.३ सम्भावना तथा अवसर

- स्थल विशेषको प्रकोप नियन्त्रण गर्ने सवालमा वर्षैपिच्छे योजनाहरु तर्जुमा गरी कार्यान्वयन गरिने।
- दिर्घकालिन रुपमा प्रकोप नियन्त्रण गर्न गुरुयोजना तर्जुमा गरी क्रमिक रुपमा कार्यन्वयन गर्दै लैजाने ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा जलवायु परिवर्तन सम्बन्धिवषयले स्थान पाइरहेकोले जलवायु परिवर्तनको कारण हुने जोखिम न्यूनीकरण कार्यक्रमका लागि वजेट तथा कार्यक्रम गर्ने

### ४.९.४ रणनीतिहरु

- उपयुक्त प्रविधिको अन्वेषण, विकास र विस्तार तथा जनचेतना अभिवृद्धि गर्न विभिन्न कार्यक्रम सञ्चालन गर्ने ।
- प्रकोप नियन्त्रणसँग संम्वन्धित अन्य निकायसँग समन्वय र सहयोगको  निरन्तरता दिईने ।
- अल्पकालीन, मध्यकालीन तथा दिर्घकालीन कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्नु ।
- आपतकालीन प्रकोप रोकथामका लागि आवश्यक सामाग्रीहरुको व्यवस्थापन गरिने।
- जनसहभागिता जुटाउने ।

### ४.९.५ उद्देश्य, नतिजा, लक्ष्य तालिका

| सूचकहरु | ईकाइ | वर्तमान अवस्था | लक्ष्य (वर्षमा) | | | | पुस्ट्याइँका आधारहरु |
|---|---|---|---|---|---|---|---|
| | | | २०७५ | २०७६ | २०७७ | २०७८ | |
| नगरपालिका स्तरमा जलवायु परिवर्तन तथा जोखिम न्यूनीकरण सम्बन्धी रणनीतिक योजना निर्माण भएको | संख्या | ० | | | १ | | प्रतिवेदन |
| नगरस्तर तथा नगरपालिका स्तरमा जलवायु परिवर्तन तथा जोखिम न्यूनीकरण सम्बन्धी रणनीतिक योजनाको कार्यान्वयन | संख्या | ० | | | | | प्रतिवेदन |
| नगर स्तरमा जपजोन्यु कोष स्थापना र परिचालन | संख्या | ० | | | | | प्रतिवेदन |
| नगर स्तरमा जपजोन्यू क्षेत्रमा सक्रिय निकाय | संख्या | १ | | | | | प्रतिवेदन |
| जलबायु परिवर्तनका असर तथा जोखिम न्यूनीकरण योजनामा समावेस गरी निर्माण तथा मर्मत गरिएको आयोजना | संख्या | ० | | | | | प्रतिवेदन |
| पानीको मुहान संरक्षण गरिएको आयोजना | संख्या | १ | | | | | प्रतिवेदन |
| पानी रिचार्ज पोखरी निर्माण (डयाम्प) | संख्या | २ | | | | | प्रतिवेदन |
| नगरपालिका स्तरमा DRR पूर्वतयारी योजना निर्माण तथा कार्यान्वयन | संख्या | १ | | | | | प्रतिवेदन |
| आपतकालिन खानेपानी र सरसफाइ सम्बन्धी कोष स्थापना भएका स्थानीय निकाय | संख्या | ० | | | ९ | | प्रतिवेदन |

### ४.९.६ कार्ययोजना

| क्र.सं. | कृयाकलाप | प्रमुख जिम्मेवारी | सहजीकरण सहयोग |
|---|---|---|---|
| १ | नगरमा जलवायु परिवर्तन र विपद् न्यूनीकरण सम्बन्धी अभिमुखीकरण तालीम सञ्चालन | सम्बन्धीत वाससिसि, स्थानीय निकाय | विकास साझेदार |
| २ | नगरमा जलवायु परिवर्तन र विपद न्यूनीकरण सम्बन्धी तालीम प्राप्त मानव संसाधनको रोष्टर तयार गर्ने | डिवाससिसि, सचिवालय | विकास साझेदार |
| ३ | जलवायु अनुकूलन योजना तयारी तथा कार्यान्वयन (नपा र वडा तहमा) | सम्बन्धीत वाससिसि, स्थानीय निकाय, | विकास साझेदार |
| ४ | विपद् न्यूनीकरण तथा व्यवस्थापन योजना तयारी तथा कार्यान्वयन (नपा र वडा तहमा) | सम्बन्धीतवाससिसि, स्थानीय निकाय तथा आम जनसमुदाय | विकास साझेदार |
| ५ | जलवायु परिवर्तनका असर तथा जोखिम न्यूनीकरण गरी निर्माण तथा मर्मत सुधार गरी खानेपानी आयोजना सञ्चालन | सम्बन्धीत वाससिसि, स्थानीय निकाय तथा आम जनसमुदाय | विकास साझेदार |
| ६ | जलवायु परिवर्तनका असर तथा जोखिम न्यूनीकरण गरी बाटोघाटो लगायतका संरचना निर्माण गर्ने | सम्बन्धीत वाससिसि, स्थानीय निकाय तथा आम जनसमुदाय | विकास साझेदार |
| ७ | घर भित्रको धुवाँ रहित वडा र नपा घोषणा गर्ने | सम्बन्धीत वाससिसि, स्थानीय निकाय, आम जनसमुदाय | विकास साझेदार |
| ८ | जलवायु परिवर्तनको जोखिम न्यूनीकरण सम्बन्धी कार्य गर्ने निकायहरु बीचमा सञ्जाल, नियमित बैठक र समिक्षा | सम्बन्धीत वाससिसि, स्थानीय निकाय, | विकास साझेदार |
| ९ | विपत तथा प्रकोपको सम्बोधनको लागि क्लोरिन झोल, सरसफाइ सामग्रीको भण्डारण गर्ने | सम्बन्धीत वाससिसि, स्थानीय निकाय, | विकास साझेदार |
| १० | आपतकालीन खानेपानी र सरसफाइ सम्बन्धी कोष स्थापना गर्ने | सम्बन्धीत वाससिसि, स्थानीय निकाय, | विकास साझेदार |
| ११ | खानेपानी तथा सरसफाइ आयोजनाको स्रोत संरक्षणको लागि वृक्षारोपण गर्ने | सम्बन्धीत वाससिसि, स्थानीय निकाय, आम जनसमुदाय | विकास साझेदार |
| १२ | भूसंरक्षण, तठबन्धन, नदीखोला छेउमा वृक्षारोपण | सम्बन्धीत वाससिसि, स्थानीय निकाय, आम जनसमुदाय | विकास साझेदार |

## ४.१० लैङ्गिक तथा सामाजिक समावेशीकरण र व्यवहार परिवर्तन

### ४.१०.१ वर्तमान अवस्था

- पूर्ण सरसफाईमा हालको अवस्थामा पुरुष र महिला सँगसँगै संलग्न पाईन्छ
- चर्पी प्रयोग गरी सकेपछि, जनवारको मल, विषादी  छोएपछि हात धुने बानीमा क्रमिक रुपमा परिवर्तन भएको छ ।
- लैङ्गिक समानताका हिसाबले नगरपालिका, वडा, विद्यालय सेवा क्षेत्र स्तरका संरचनाहरुमा महिला तथा बालिकाहरुको सहभागितामा वृद्धि भएको छ ।
- यस नगर स्थित विद्यालयहरुमा गठन/पुनरगठन गरिएको बालक्लबमा छात्र भन्दा छात्राको सहभागिता बढी रहेको छ ।

### ४.१०.२ समस्या तथा चुनौतीहरु

- विद्यालयहरुमा शौचालयअपुग तथा सरसफाइमा कमी देखिनुका साथै चर्पी निमार्ण भएता पनि पर्याप्त पानीको अभाव र छात्राको लागिमहिनावारी हुने समयमा सेनीटरी प्याड डिस्पोजल गर्ने स्थान व्यवस्था नभएको ।
- लैंङ्गिक सहभागिता वृद्धि भएता पनि सक्रिय सहभागिता नहुनु ।
- नेतृत्व तहमा लैंङ्गिक समानता र सामाजिक समावेशीकरण न्यून हुनु ।
- निर्णय प्रक्रियामा महिलाको अर्थपूर्ण सहभागीता नहुनु ।
- आनीबानी परिवर्तन गराउने खालका सरसफाइका सुविधा तथा भौतिक संरचनाहरु र सूचना सामग्रीको कमी  हुनु
- नगरमा अपांङ्गतामैत्री र वालमैत्री शौचालयर खानेपानीको धाराहरु निर्माण नभएको ।

### ४.१०.३ सम्भावना तथा अवसर

- वचेको समयमा पुरुष महिलाहरुले समान रुपमा जिम्मेवारी वहन गरी कार्यमा समावेश भएको हुनाले आर्थिक रुपमा केही राहत महसुस हुने ।
- विभिन्न स्थानीय आधारित समूह, आमा समूह, वालक्लव समुह, सामाजिक परिचालक, महिला स्वास्थ्य स्वयम् सेविका, विद्यार्थीहरु, महिला समूह तथा सहकारी आदि परिचालन गरी आनीबानी परिवर्तन गर्न सकिने छ ।
- लैंङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीतिगत व्यवस्थाको कार्यान्वयन गर्न सकिने

### ४.१०.४ रणनीतिहरु

- स्थानीय स्रोत साधनको अधिकतम प्रयोग गरी कार्यान्वयनमा लाने
- विभिन्न सूचना स्रम्प्रेषन गर्न अनुरोधका साथ कार्यान्वयनमा लाने
- पछि पारिएका वर्गको क्षमता विकासमा प्राथमिकता दिने
- सूचना शिक्षा सञ्चार एवं बानी प्रवर्द्धन गराउने खालका सामग्रीहरुको प्रयोग गरी बानीको विकास गर्ने

### ४.१०.५ उद्देश्य, नतिजा, लक्ष्य तालिका

| सूचकहरु | ईकाइ | वर्तमान अवस्था | लक्ष्य (वर्षमा) | | | | पुस्ट्याइँका आधारहरु |
|---|---|---|---|---|---|---|---|
| | | | २०७५ | २०७६ | २०७७ | २०७८ | |
| सरसफाइ तथा स्वच्छता सम्बन्धी व्यवहार परिवर्तन सम्बन्धी रणनीतिक अभियान सञ्चालन गर्ने वडाहरु | संख्या | ७ | २ | | | | प्रतिवेदन |
| राष्ट्रिय नीति अनुरुप सामाजिक तथा लैगिंक समावेशी भएका समन्वय समितिहरु | संख्या | ७ | २ | | | | प्रतिवेदन |
| नगर स्तरमा सञ्चार सम्बन्धी रणनीतिक योजना निर्माण | अवस्था | छैन | | | | | रणनीतिक योजना, प्रतिवेदन |
| नगर स्तरमा सञ्चार रणनीतिक योजना कार्यान्वयन | अवस्था | छैन | | | | | प्रतिवेदन |
| नगर आनीबानी तथा व्यवहार परिवर्तन मूलक सामाग्रीहरुको तर्जुमा, निर्माण | अवस्था | छैन | | | | | प्रतिवेदन, अभिलेख |
| नियमित रुपमा व्यवहार परिवर्तनमूलक सामाग्रीहरु प्रसारण गर्ने संचार माध्यमहरु | संख्या | ५ | | | | | प्रतिवेदन |
| नियमित रुपमा व्यवहार परिवर्तन मूलक खोजमूलक सामाग्रीहरु प्रकाशन गर्ने संचार माध्यमहरु (नगर भित्र तथा बाहिर) | संख्या | ५ | | | | | प्रतिवेदन, अभिलेख |
| पूर्ण सरसफाइ प्रवर्द्धनका लागि नगर क्षेत्र भित्र राखिएका होर्डिङ्ग बोर्ड संख्या | संख्या | २० | | | | १००० | सम्बन्धीत निकायको प्रतिवेदन |
| व्यवहार परिवर्तनका अभियान सञ्चालन गर्ने निकाय (नगर तह तथा वाह्य, सरकारी तथा गैसस निकाय) | संख्या | ४ | १ | १ | १ | | प्रतिवेदन |
| खानेपानी तथा सरसफाइ उपभोक्ता समितिमा ३३ प्रतिशत र मुख्य पदमा कम्तीमा १ महिलाको प्रतिनिधित्व भएका समिति | संख्या | ९८ | | | | | सम्बन्धीत निकायको प्रतिवेदन |
| एमवासससिसिमा महिलाको प्रतिनिधित्व | प्रतिशत | २२% | | ३३ % | | | प्रतिवेदन, माइन्युट |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| वडा वाससिसीमा कम्तिमा ३३ प्रतिशत महिला प्रतिनिधित्व भएका वडा | संख्या | ७ | २ | | | | प्रतिवेदन, माइन्युट |
| जातियताका हिसाबले समानुपातिक प्रतिनिधित्व भएका खानेपानी तथा सरसफाइ उपभोक्ता समिति | संख्या | | | | | | प्रतिवेदन, माइन्युट |
| महिला तथा पछाडि पारिएका वर्गहरुको निर्णय प्रकृयामा अर्थपूर्ण सहभागिता हुने गरेका खानेपानी तथा सरसफाइ उपभोक्ता समिति | संख्या | | | | | | प्रतिवेदन, माइन्युट |

### ४.१०.६ कार्य योजना

| क्र.सं. | कृयाकलाप | प्रमुख जिम्मेवारी | सहजीकरण सहयोग |
|---|---|---|---|
| १ | नगरमा  पूर्ण सरसफाइ बुझ्र लगायतका सूचना, शिक्षा तथा सञ्चारमुलक सामग्रीहरु तयार पार्ने (पोष्टर, गीत, अडियो, भिडियो आदि) | सम्बन्धीत वाससिसि, स्थानीय निकाय, | विकास साझेदार |
| २ | ठाउँ ठाउँमा  पूर्ण सरसफाइ सम्बन्धी होर्डिङ्ग बोर्डहरु राख्ने, घर तथा कार्यालयमा आनीबानी परि वर्तन सम्बन्धी फ्लेक्स पोष्टर राख्ने | सम्बन्धीत वाससिसि, स्थानीय निकाय, | विकास साझेदार |
| ३ | ऋयकगलष्अबतष्यल क्तचबतभनथ उबिल तयार पारी संलग्न निकायहरुबीचमा समन्वय र सहकार्य गरी एकै किसिमका  व्यवहार परिवर्तन सम्बन्धी सामग्री (फ्लेक्स, पोष्टर आदि) प्रयोग गर्ने | सम्बन्धीत वाससिसि, स्थानीय निकाय, | विकास साझेदार |
| ४ | नगर तथा वडा स्तरीय समन्वय समितिहरु, तालिम गोष्ठीहरुमा पछाडि पारिएका वर्गहरुको सहभागिता वृद्धि गर्न अन्तरक्रिया तथा अभिमुखीकरण गर्ने | सम्बन्धीत वाससिसि, स्थानीय निकाय, | विकास साझेदार |
| ५ | पछाडि पारिएका वर्गहरुलाई लक्षित गरी आनीबानी परिवर्तन र सहभागिता वृद्धि सम्बन्धमा अभिमुखीकरण गर्ने | सम्बन्धीत वाससिसि, स्थानीय निकाय, | विकास साझेदार |
| ६ | खानेपानी तथा सरसफाइ उपभोक्ता समितिमा ३३ प्रतिशत र मुख्य पदमा कम्तीमा १ महिलाको प्रतिनिधित्वका लागि उपभोक्ता समितिहरुलाई उत्प्रेरणा जगाउने | सम्बन्धीतवाससिसि, स्थानीय निकाय, खासउस | विकास साझेदार |
| ७ | खानेपानी,सरसफाइ तथा स्वच्छता समन्वय समितिहरुमा महिला प्रतिनिधित्व वृद्धि गराउने (वडा वाससिसीमा ३३ प्रतिशत, अन्यमा सकेसम्म) | सम्बन्धीतवाससिसि, स्थानीय निकाय, खासउस | विकास साझेदार |

| | | | |
|---|---|---|---|
| ८ | नपा तथा वडा तहमा सञ्चालन गरिनेजुनसुकै तालिम,गोष्ठीमा आनीबानी परिवर्तन, सामाजिक समावेशीकरणलाई समावेश गर्ने | सम्बन्धीतवाससिसि, स्थानीय निकाय, | विकास साझेदार |
| ९ | सचेतनामूलक खोजमूलक कार्यक्रम प्रसारण तथा प्रकाशन | सम्बन्धीतवाससिसि, स्थानीय निकाय, | विकास साझेदार |
| १० | खानेपानी उपभोक्ता समितिमा महिला तथा पछि पारिएका वर्गको समानुपातिक र अर्थपूर्ण प्रतिनिधित्व गराउने | सम्बन्धीतवाससिसि, स्थानीय निकाय, खासउस | विकास साझेदार |

## ४.११ ठोस तथा तरल फोहोर मैलाको समुचित व्यवस्थापन

### ४.११.१ वर्तमान अवस्था

☞ नगर क्षेत्र भित्रका ठोस फोहोर मैला व्यवस्थापनका लागि ल्याण्डफिल्ड साइटको पहिचान हालसम्म नगरिएको ।

☞ ठोस फोहोर मैला व्यवस्थापनको लागि निजी फोहर मैला व्यवस्थापन व्यवसायी सँग सम्झौता गरी नगर क्षेत्र भित्रको फोहोर मैला संकलनको जिम्मेवारी दिईएको ।

☞ फोहोर मैला संकलन नगर क्षेत्रको केही वडामा मात्र सीमित रहेको ।

☞ नगर क्षेत्र भित्रका केही समुदायमा फोहोर मैलाको वर्गीकरण गरी जैविक मल बनाउने कार्यका साथै जैबिक खेती गरी आय आर्जन गरीरहेको ।

☞ नगर क्षेत्र भित्रका केही समुदायमा घरबाट निस्कने फोहोर पानीको व्यवस्थापन करेसा बारीमा भई रहेको ।

### ४.११.२ समस्या तथा चुनौतीहरु

☞ नगर क्षेत्रमा फोहोर व्यवस्थापन, ढल निकासको अवस्था कमजोर रहेको

☞ नगर क्षेत्रका अधिकाश समुदायका किसानले जैबिक भन्दा रासायनिक मल तथा बिषादीको प्रयोग बढी गरी रहेको ।

☞ नगर क्षेत्र भित्र पुन प्रयोग गर्न नमिल्ने अथवा पुन चक्रण अयोग्य फोहोर मैलाको व्यवस्थापनमा समस्या ।

☞ नगर क्षेत्र भित्र आफ्नै व्यवस्थित ल्याण्ड फिल्ड साइट नभएको ।

☞ नगर क्षेत्र भित्र फोहोर पानीको प्रशोधन केन्द्र स्थापना नभएको ।

### ४.११.३ सम्भावना तथा अवसरहरु

☞ ग्लोबल स्यानिटेसन फण्ड/यू एन ह्याविट्याट, एन्फो, फण्ड बोर्ड लगायतको आर्थिक तथा प्राविधिक सहयोग प्राप्त हुनु

☞ नगर स्तरीयखानेपानी,सरसफाइ तथा स्वच्छता समन्वय समिति क्रियाशील रहेको र नपा र वडा तहका संरचनाहरु सहजै क्रियाशील भई फोहोर मैला व्यवस्थापनमा सहजता हुने ।

☞ तालिम प्राप्त दक्ष मानव संसाधनबाटघरायसी तहमा फोहोर मैलाको व्यवस्थापन बारे ज्ञान

हाँसिल हुने ।

- ☞ नगर क्षेत्र भित्र फोहोरबाट ग्याँस उत्पादन हुने प्रबिधिको बिकास गर्न सकिनेछ ।
- ☞ नगर क्षेत्र भित्र बायो ग्यासलाई प्रवर्द्धन गर्न सकिने ।
- ☞ फोहोर तथा प्लास्टिकजन्य बस्तुको प्रयोग गरी बनाईने सामग्रीको तालिम लिइ प्रयोगमा ल्याउन सकिने ।
- ☞ घरायसी तहमा निस्कने फोहोर पानीलाई प्रशोधन गरी अन्य प्रयोजनमा प्रयोग गर्न सकिने ।
- ☞ नगर क्षेत्र भित्र फोहोर मैला संकलन गर्ने निजीसङ्घसंस्थाहरुको समन्वयमा फोहोर मैला व्यवस्थापनको लागि साझेदारी अभियानमूलक कार्यक्रम सञ्चालनगर्न सकिने ।

### ४.११.४ रणनीतिहरु

- ☞ नगर देखि समुदाय स्तरसम्म फोहोर मैला व्यवस्थापन सम्बन्धी सचेतनामूलक कृयाकलापहरु सञ्चालन गर्ने ।
- ☞ फोहोर मैला व्यवस्थापन सम्बन्धी नगर स्तरीयरणनीतिक योजना तयार गरी कार्यान्वयन गर्ने ।
- ☞ नगरले तय गरेको निति, नियम अवलम्वन गरी स्थानीय स्तर सम्म कार्यान्वयन गर्ने,
- ☞ फोहोर मैला व्यवस्थापन सम्बन्धी नगरपालिका स्तरीयआचारसंहिता लागू गर्ने
- ☞ फोहोर मैला व्यवस्थापन सम्बन्धी सन्देशमूलक सामग्री/स्टिकर/परिचय पत्र प्रयोग गर्ने
- ☞ नगर क्षेत्र भित्र प्लाष्टिक मुक्त समुदाय निर्माण गर्ने ।

### ४.११.५ क्षेत्र विकासको उद्देश्य, नतिजा र लक्ष्य तालिका

| सूचकहरु | ईकाइ | वर्तमान अवस्था | लक्ष्य (वर्षमा) | | | | पुस्ट्याइँका आधारहरु |
|---|---|---|---|---|---|---|---|
| | | | २०७५ | २०७६ | २०७७ | २०७८ | |
| चर्पी जडित वाँयो ग्याँस प्रयोग गर्ने घरधुरी | प्रतिशत | १ % | | २५% | | | नगरपालिका प्रतिवेदन |
| घरबाट निस्कने ठोस फोहोरको उचित व्यवस्थापन गर्ने घरधुरी | प्रतिशत | २२% | | १००% | | | नगरपालिका प्रतिवेदन |
| घरवाट निस्कने तरल फोहोरको उचित व्यवस्थापन गर्ने घरधुरी | प्रतिशत | ४०% | | १००% | | | नगरपालिका प्रतिवेदन |
| कुहिने फोहोरबाट कम्पोष्टिङ्ग गरी जैविक मलको रुपमा प्रयोग गर्ने घरधुरी | प्रतिशत | ४५% | | १००% | | | नगरपालिका प्रतिवेदन |
| फोहोर मैला संङ्कलन गर्ने सङ्घ संस्थालाई फोहोर पठाउने घरधुरी | संख्या | १७३४ | ३५०० | ५००० | ७००० | १०००० | नगरपालिका प्रतिवेदन |

### ४.११.६ कार्य योजना

| क्र.सं. | कृयाकलापहरु | प्रमुख जिम्मेवारी | सहजीकरण सहयोग |
|---|---|---|---|
| १ | फोहोर मैला व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि गर्ने र घरायसी तहमा फोहोरलाई स्रोतमै वर्गीकरण गर्ने (नपा, वडा, बिद्यालय तह) | सम्बन्धीत समन्वय समिति | नगरपालिका/सहयोगी निकाय |
| २ | फोहोर मैला व्यवस्थापन रणनीतिक योजना तथा कार्य योजना तयार पार्ने वडा | सम्बन्धीत समन्वय समिति | नगरपालिका/सहयोगी निकाय |
| ३ | फोहोर मैला व्यवस्थापन सम्बन्धी नगर स्तरीय आचारसंहिता निर्माण तथा कार्यान्वयन गराउने | सम्बन्धीत समन्वय | नगरपालिका/सहयोगी निकाय |
| ४ | ठोस तथा तरल फोहोर व्यवस्थापन र साप्ताहिक रुपमा सार्वजनिक स्थलको सरसफाइ गर्ने परि पाटीको विकास गर्ने | नपा, बजार व्यवस्थापन समिति, टोल सुधार समिति | सहजीकरण गर्ने निकाय |
| ५ | फुलबारी निर्माण, करेसाबारी निर्माण, कौसी खेती सम्बन्धी अभियान चलाउने | नपा/वडा समन्वय समिति | कृषि कार्यालय/सहयोगी निकाय |
| ६ | होर्डिङ्ग बोर्ड, भित्ते लेखन सूचना, शिक्षा तथा सञ्चार सम्बन्धी सामग्रीहरु वितरण | सम्बन्धित समन्वय समिति | सहयोगी निकाय/ सहजीकरण गर्ने निकाय |

### ४.१२ मानवीय स्रोत साधन परिचालनको अवस्था

- ☞ नगर स्तरीयखानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति
- ☞ राजनैतिक दलहरु,
- ☞ विषयगत कार्यालयहरु,
- ☞ नगर स्तरीय सञ्जालहरु,
- ☞ खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरु
- ☞ काठमाण्डौं उपत्यका खानेपानी लिमिटेड
- ☞ सुरक्षा निकायहरु
- ☞ दातृ निकाय र त्यससँग आबद्ध ब्यक्ति तथा सस्थाहरु
- ☞ नेपाल रेडक्रस सोसाइटी, शिक्षक शिक्षिका, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ तथा बाल क्लव र जुनियर रेडक्रस सर्कल
- ☞ गैर सरकारी सस्थाहरु
- ☞ सरसफाइ सम्बन्धी सहजकर्ता तथा उत्प्रेरकहरु
- ☞ महिला स्वास्थ्य स्वयम्सेविका एवं सामाजिक परिचालकहरु
- ☞ आम संचार माध्यम तथा पत्रकारहरु
- ☞ सहकारी सस्थाहरु
- ☞ धार्मिक तथा साँस्कृतिक समूह तथा ती समूहका प्रमुख तथा प्रतिनिधिहरु
- ☞ स्थानीय स्तरमा गठित समूहमा आवद्ध व्यक्ति तथा समूह (आमा समूह, महिला समूह, युवा क्लब, बालक्लव, आदि)

- ☞ स्थानीय तहका दक्ष मानवीय स्रोतहरु जस्तैः सिकर्मी, डकर्मीहरु,
- ☞ सरसफाइ तथा स्वच्छता सम्वन्धी स्रोत व्यक्तिहरु
- ☞ स्थानीय व्यावसायी, व्यापारीहरु तथा निर्माण व्यवसायी
- ☞ नागरीक समाज
- ☞ योग समितिहरु
- ☞ सार्वजनिक यातायात व्यावसायी, कर्मचारी तथा चालकहरु

**४.१३ आर्थिक स्रोत परिचालन**

सरसफाइ कार्यक्रमका लागि तपसिलमा उल्लेखित स्रोत साधन व्यवस्थापन/परिचालन गरिनेछ ।

- ☞ खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय र केयुकेएल को पूर्ण सरसफाइ कार्यक्रम अन्तर्गत प्राप्त हुने बजेट ।
- ☞ खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयको खानेपानी आयोजना अन्तर्गतको बजेटको कम्तिमा २०% रकम ।
- ☞ नगरपालिकाको खानेपानी क्षेत्रको बजेटको कम्तिमा २०% रकम ।
- ☞ नगरपालिका र वडाको सरकारी पुंजीगत अनुदान रकमको कम्तिमा २०% रकम र स्थानीय निकायबाट उपलब्ध हुने अन्य रकम ।
- ☞ सांसद विकास बजेट कोषबाट प्राप्त हुने रकम ।
- ☞ विद्यालयमा सरसफाइ प्रवर्द्धनका लागि शिक्षा विभाग /नगरपालिकाबाट विद्यालय सुधार कार्यक्रमका लागि प्राप्त हुने रकम ।
- ☞ स्वास्थ्य सेवा विभाग र मातहतका निकायबाट स्वच्छता तथा सरसफाइ प्रवर्द्धनका लागि विनियोजित रकम
- ☞ महिला तथा बाल बालिका विभाग तथा मातहतका कार्यालयबाट महिला र बालबालिका सरसफाइ र स्वच्छता सम्बन्धी संस्थागत विकास र सामुदायिक परिचालनमा विनियोजित रकम ।
- ☞ जिल्ला स्थित अन्य सरकारी कार्यालयहरुसँग हुन सक्ने सम्बद्ध शीर्षकको रकम ।
- ☞ दातृ निकाय र अन्तर्राष्ट्रिय/राष्ट्रिय गैर सरकारी संघसंस्थाहरु मार्फत प्राप्त हुने रकम ,
- ☞ अन्य विकास निर्माण जस्तै पुर्वाधार निर्माण, गरीबी निवारण, पोषण, वातावरण, शिक्षा, स्वास्थ्य आदि क्षेत्रमा काम गर्ने सङ्घसंस्थाहरुले स्थानीय तहमा परिचालन गर्ने उपलब्ध हुने रकम ।
- ☞ केन्द्र तथा प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान ।
- ☞ सम्भावित सहयोगी संघ-संस्थाहरु र व्यक्तिगत रुपमा दान गर्ने व्यक्तिहरुबाट प्रदान गरिनेदान दातव्यको रकम ।
- ☞ नागरीक समाज तथा स्थानीय समूह/संस्थाले साँस्कृतिक अवसर र पर्वहरुमा विभिन्न क्रियालापहरुका माध्यमबाट सरसफाइका लागि संकलन गर्ने रकम ।
- ☞ वन उपभोक्ता समितिबाट प्राप्त सहयोग ।
- ☞ बायोग्याँस कम्पनीहरुबाट सरसफाइमा परिचालित हुने रकम ।
- ☞ आमा समूह, लघु वित्त /सहकारी संस्थाबाट परिचालन हुने ऋण/सहयोग आदि ।
- ☞ ईटा भट्टा, बालुवा गिट्टी र रिंङ्ग उत्पादक आदिले घरधूरीलाई प्रदान गर्ने सहुलियत र सहयोग ।

☞ निजी क्षेत्र मार्फत उपलब्ध हुनसक्ने स्रोत साधन ।

☞ घरधुरीले लगानी गर्ने रकम ।

☞ अन्य स्रोत साधनहरु ।

त्यसअनुसार, पूर्ण सरसफाइ रणनीतिक योजनाले निर्धारण गरेको लक्ष्य तथा उद्देश्य हासिल गर्नको लागि योजनाको अवधिमा देहाय बमोजिमको आर्थिक स्रोतको प्रक्षेपण गरिएको छ ।

| क्र.सं. | निकायहरुको नाम | जम्मा रकम |
|---|---|---|
| १ | नगरपालिका सहयोग प्रति वडा रु. ७ लाख (शौचालय स्तर उन्नती र निर्माण,खाने पानी तथा सरसफाइ कार्यक्रम सञ्चालन) | ६३,००,०००।०० |
| २ | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय (खानेपानी तथा सरसफाइ कार्यक्रम) | ५,००,०००।०० |
| ३ | जिल्ला शिक्षा विकास तथा समन्वय ईकाइ (विद्यालयमा शौचालयनिर्माण तथा स्तरोन्नति, हात धुने स्थान, सचेतना) | |
| ४ | जिल्ला जन स्वास्थ्य कार्यालय (स्वास्थ्य संस्थामा शौचालयको स्तरोन्नति, इन्सिरेटर, सचेतना) | |
| ५ | उद्योग तथा वाणिज्य महासङ्घ (तरल तथा ठोस फोहोर व्यवस्थापन....) | |
| ६ | नेपाल रेडक्रस सोसाइटी | |
| ७ | युवा क्रियाकलाप समाज | १०,००,०००।०० |
| ८ | खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ | |
| ९ | ग्लोबल स्यानिटेसन फण्ड /यु.एन.हेभिटेट | ४०,००,०००।०० |
| १० | युनिसेफ | |
| ११ | ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति | |
| १२ | एफ एस सि एन | |
| १३ | वित्तिय निकायबाट | |
| १४ | नेपाल स्वच्छ वातावरण सृजना केन्द्र | |
| १५ | नेप्से म्याक सेवा प्रा.लि. | |
| १६ | अन्यबाट | |

### ४.१४ समन्वय तथा सहकार्य

| क्र.सं. | सरोकारवालाहरु | कार्य क्षेत्र |
|---|---|---|
| १ | नगरपालिका | रणनीतिक योजना तथा कार्ययोजना तर्जुमा गर्न सहयोग र कार्यान्वयन गर्ने<br>बजेट तथा मानव संसाधन व्यवस्थापन गर्न सहयोग पुऱ्याउने<br>नेतृत्व, समन्वय र सूचना तथा अभिलेख व्यवस्थापन गर्ने<br>अनुगमन, नियमन र सुपरिवेक्षण गर्ने |

| | | |
|---|---|---|
| २ | सरकारी कार्यालयहरु मन्त्रालय, विभाग, क्षेत्रीय तथा जिल्ला तहका कार्यालयहरु | नीति र रणनीति र योजना तर्जुमा र कार्यान्वयन गर्ने<br>बजेट तथा मानव संसाधन व्यवस्थापन गर्ने<br>समन्वय र सूचना तथा अभिलेख व्यवस्थापन गर्ने<br>अनुगमन, नियमन र सुपरिवेक्षण गर्ने |
| ३ | निर्देशन तथा समन्वय समिति | प्रदेशगत समन्वय तथा स्रोत साधन पहिचान गर्ने<br>सरसफाइका मुद्दाहरुलाई स्थानीय, राष्ट्रिय र अन्तराष्ट्रिय तहमा पैरवी गर्ने<br>सभा सम्मेलन, गोष्ठी आदि सञ्चालन गर्ने<br>रणनीतिक योजना तथा कार्ययोजना तर्जुमा गर्न सहयोग र कार्यान्वयन गर्ने<br>नेतृत्व, समन्वय र सूचना तथा अभिलेख व्यवस्थापन गर्ने<br>अनुसन्धान र विकासका क्रियाकलापमा सहयोगपुर्‍याउने<br>अनुगमन, नियमन र सुपरिवेक्षण गर्ने |
| ४ | विकास साझेदार संस्था | क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनमा सरकार र समन्वय समितिलाई प्राविधिक तथा आर्थिक सहयोग गर्ने<br>अनुसन्धान र विकासका कार्यहरु सञ्चालन गर्ने |
| ५ | राजनीतिक दल र दलका भातृ सँगठनहरु | सरसफाइलाई राष्ट्रिय विकासको महत्वपूर्ण मूलधारका रुपमा स्थापित गर्ने<br>सरसफाइका लागि प्रयाप्त बजेट व्यवस्थापन गर्ने<br>जनशक्ति परिचालन गर्ने |

### ४.१५ अनुगमन तथा मुल्याङ्कन, प्रमाणीकरण र घोषणा

पूर्ण सरसफाइ उन्मुख अवस्थाको सुनिश्चितता गर्नको लागि सरसफाइ गुरुयोजनाले निर्दिष्ट गरेका सूचकहरु साथै यस रणनीतिक योजनाका विभिन्न विषय क्षेत्रमा निर्धारित सूचकहरु समेतलाई समेटेर एक एकीकृत चेकलिष्ट तयार गरी सो को आधारमा सहभागितात्मक अनुगमन पद्धति अगाडि बढाइनेछ । समग्रमा देहाय बमोजिमको अनुगमन सन्यंत्र तथा पद्धतिको आधारमा अनुगमनको कार्य अगाडि बढाइनेछ ।

### ४.१५.१ वडा तथा बस्ती तहमा अनुगमन

नपा तथा वडा स्तरीय पूर्ण सरसफाइ रणनीतिक योजना तयार भई कार्यान्वयनको प्रक्रिया अगाडि बढेर निर्धारित सूचकहरु हासिल भएको अवस्थामा देहाय बमोजिमले अनुगमन प्रक्रिया अगाडि बढाइनेछ ।

- ☞ वडाले सामुहिक निर्णय गरी पूर्ण सरसफाइउन्मुखअवस्थाको अनुगमनको लागि नगर स्तरीय समन्वय समितिमा अनुरोध गरी पठाउने,
- ☞ प्राप्त निवेदनको आधारमा समन्वय समितिले सरकारी तथा गैसस निकाय, राजनैतिक दलहरु, पत्रकार, नागरीक समाज लगायतका वर्गको सहभागिता हुने गरी एक अनुगमन कार्य दल बनाई अनुगमनमा पठाउने,
- ☞ अनुगमन कार्य दलले वडास्तरमा सहभागितात्मक रुपमा अनुगमनको कार्य गरी अनुगमन चेक लिष्टमा स्कोरिंग गरिनेछसाथै सुधार गर्नु पर्ने पक्षको लागि वडास्तरका सहभागी तथा सरोकारवालाहरुलाई सुझाव दिइनेछ,

☞ अनुगमनबाट वडाको अवस्था राम्रो पाइएमा पूर्ण सरसफाइ उन्मुख वडा/वस्तीको घोषणाको लागि अनुमति दिइनेछ र वडा/वस्तीले उपयुक्त समयमा कम खर्चमा सम्पन्न गर्ने गरी घोषणाको प्रक्रिया अगाडि बढाउनेछन्,

### ४.१५.२ वडा तथा नगरपालिका तहमा

☞ वडाले निर्णय गरी पूर्ण सरसफाइ उन्मुख अबस्थाको अनुगमनको लागि नगरपालिका स्तरीय समन्वय समितिमा अनुरोध गरी पठाउने,नगरपालिकाको हकमा भने नगर स्तरीय समितिले जिल्ला स्तरीय समन्वय समितिलाई अनुगमनका लागि अनुरोध गर्ने,

☞ प्राप्त निवेदनको आधारमा नगर स्तरीय समन्वय समितिले सरकारी तथा गैसस निकाय, राजनैतिक दलहरु, पत्रकार, नागरीक समाज लगायतका वर्गको सहभागिता हुने गरी एक अनुगमन कार्य दल बनाई अनुगमनमा पठाउने,

☞ जिल्ला स्तरबाट गएको अनुगमन कार्य दलले वडा तथा बस्तीस्तरमा सहभागितात्मक रुपमा अनुगमनको कार्य गरी अनुगमन चेक लिष्टमा स्कोरिंग गरिनेछ साथै सुधार गर्नु पर्ने पक्षको लागि वडा तथा बस्ती स्तरका सहभागी तथा सरोकारवालाहरुलाई सुझाव दिइनेछ, यसरी अनुगमन गर्दा घर, विद्यालय, स्वास्थ्य संस्था, कार्यालय, बजार, लगायतको सरसफाइको अवस्था बारेमा अनुगमन गरीनेछ,

☞ अनुगमनबाट वडा तथा नगरपालिका क्षेत्रको अवस्था राम्रो पाइएमा पूर्ण सरसफाइ उन्मुख समुदाय, वडा तथा नगरपालिकाको घोषणाको लागि अनुमति दिइनेछ र वडा तथा नगरपालिकाले उपयुक्त समयमा घोषणाको प्रक्रिया अगाडि बढाउनेछ,

☞ वडा तथा नगरपालिका घोषणा क्रमानुसार गर्ने परिपाटी अवलम्बन गरिनेछभने घोषणामा धेरै खर्च गर्ने पद्धतिलाई निरुत्साहित गरिनेछ।

### ४.१५.३ विद्यालय, स्वास्थ्य संस्था, कार्यालय तहमा

पूर्ण सरसफाइ उन्मुखविद्यालय, कार्यालय, स्वास्थ्यसंस्थाका सूचकहरु हाशिल भए नभएको अनुगमन गर्न वडा रनगरपालिका स्तरमा अनुगमन समिति गठन गरी संयुक्त अनुगमन गर्ने र सूचक हाशिल भएको पाइएमा औपचारिकरुपमा पूर्ण सरसफाइ अबस्था हासिल गरेको जनाउदै हरियो स्टिकर प्रदान गर्न सकिनेछ।

### ४.१५.४ पूर्ण सरसफाइ प्रमाणीकरण एवं घोषणा

तपसिलमा उल्लेखित कार्यविधि र प्रमाणीकरण प्रकृया अपनाइ पूर्ण सरसफाइ क्षेत्र घोषणा गरिनेछ। सो अवस्था प्राप्ती पूर्व तोकिएका सूचकहरुलाई आधार मानी सफा र स्वच्छ घर तथा विद्यालय,अन्य कार्यालय, संस्थागत निकाय) टोल, छिमेक, सार्वजनिक क्षेत्रको प्रवर्द्धन गरी सफा र स्वच्छ समुदाय, तथा नगरको घोषणा गर्न पनि सकिने छ। सफा र स्वच्छ समुदाय तथा नगरको अवस्थालाई कायम गर्दै कुनै पनि वडा, नगरपालिका क्षेत्रमा पूर्ण सरसफाइका सूचकहरु पूरा भएको अवस्थामा उक्त क्षेत्रलाई पूर्ण सरसफाइ उन्मुख क्षेत्र घोषणा गर्न सकिनेछ। यसरी कुनै पनि क्षेत्रलाई पूर्ण सरसफाइ उन्मुख क्षेत्र घोषणा गर्न निम्न प्रकृया अवलम्बन गर्नु पर्ने छ।

☞ सम्बन्धीत समन्वय समितिद्वारा आफ्नो क्षेत्र भित्रका सबै घरपरिवार र संस्थाहरुले उल्लेखित सूचकहरु अनुरुप उपलब्धि हासिल भएको सुनिश्चित भए पछि उक्त क्षेत्रको सरसफाइको अवस्थाको विस्तृत

विवरण सहित माथिल्लो तहको समन्वय समितिलाई अनुगमनका साथै अनुमोदनको लागि औपचारिक अनुरोध गर्ने,

- ☞ औपचारिक अनुरोध प्राप्त भए पछि सम्बन्धीतसमन्वय समितिले कार्यदल/अनुगमन टोलीलाई सम्बन्धित क्षेत्रमा खटाउने,
- ☞ उक्त टोलीले तोकिए बमोजिमको सूचना संकलन फाराम तथा कार्यविधि अनुसार अवलोकन र छलफल गरी आवश्यक सूचना संकलन गर्ने र प्राप्त भएका सूचनाका आधारमा वडा/नगरपालिकाको हकमा बढिमा ७ दिन भित्र पूर्ण सरसफाइउन्मुख घोषणा गर्न उपयुक्त छ/छैन ठोस राय सहितको प्रतिवेदन सम्बन्धीतसमन्वय समितिमा पेश गर्ने,
- ☞ प्रतिवेदन पेश गरेको मितिले वडा/नगरपालिकाको हकमा बढिमा १५ दिन भित्र जिल्ला समन्वय समितिले बैठक बसी प्रमाणीकरणको निर्णय गरी सम्बन्धीतसमन्वय समितिलाई जानकारी गराइने,
- ☞ सम्बन्धीत समन्वय समितिद्वारा आफ्नो क्षेत्रलाई पूर्ण सरसफाइ उन्मुख घोषणा गर्ने सुनिश्चित भए पछि आम जनसमुदाय, सरोकारवालाहरु, सरकारी निकाय, सहयोगी संस्था र स्थानीय समाजसेवी, नागरीक समाजको उपस्थिति र उल्लासमय वातावरणमा सार्वजनिक रुपमा औपचारिक सभा समारोह आयोजना गरी सम्बन्धीत समन्वय समितिद्वारा हरेक घरधुरी, विद्यालय र सङ्घ संस्थाका भवनमा हरियो स्टिकर टाँस गरी वा प्रमाण पत्र प्रदान गरी पूर्ण सरसफाइ उन्मुख क्षेत्र घोषणा गर्ने,
- ☞ घोषणा पश्चात् औपचारिक रुपमा तुरुन्त सो घोषणा कार्यक्रमको जानकारी एक तह माथिका समन्वय समितिका सचिवालयहरुमा उपलब्ध गराउने,

### ४.१५.५ घोषणा प्रक्रिया

उपल्लो निकायबाट अनुगमन गरी प्रमाणीकरण प्रक्रिया पुरा भएपछि मात्र कुनै टोल, विद्यालय सेवा क्षेत्र, वडा, नगरपालिकालाई पूर्ण सरसफाइ उन्मुख घोषणाका लागि स्वीकृति प्रदान गरिनेप्रावधान रहेको छ ।

४.१६ अनुसुचीहरू :

## अनुसूची १ : सरोकारवालाहरुको भूमिका र जिम्मेवारी

| क्र.सं. | सरोकारवालाहरु | कार्य क्षेत्र |
|---|---|---|
| १ | व्यक्ति | ➢ चर्पीको समुचित प्रयोग, सरसफाइ, मर्मत सम्भार, व्यक्तिगत सरसफाइ गर्ने<br>➢ स्वस्थकर बानी व्यवहार अवलम्बन गर्ने<br>➢ घर आँगनको सरसफाइ गर्ने<br>➢ सरसफाइ प्रति सचेत नागरीकको रुपमा सार्वजनिक दायित्व निर्वाह गर्ने |
| २ | घर परिवार | ➢ चर्पीको निर्माण, समुचित प्रयोग, सरसफाइ र मर्मत सम्भार गर्ने<br>➢ सरसफाइ सम्बन्धी सामाजिकीकरण गर्ने<br>➢ पानी र खानाको स्वच्छता कायम राख्ने<br>➢ घर आँगन र वरिपरिको सरसफाइ र बगैंचा व्यवस्थापन गर्ने<br>➢ स्वच्छकर बानी व्यवहार विकासका लागि परिवारका सदस्य र छिमेकीलाई अभिप्रेरणा गर्ने<br>➢ घरधुरीबाट निस्किने फोहोरमैलाको वर्गीकरण र समुचित व्यवस्थापन गर्ने<br>➢ सफा र स्वच्छ घर प्रवर्द्धन गरी नमुनाको रुपमा प्रस्तुत हुने |
| ३ | विद्यालय,<br>विश्व विद्यालय,<br>महाविद्यालय तथा<br>अनुसन्धान संस्थाहरु | ➢ सरसफाइका विषयवस्तुलाई पाठ्यपुस्तकमा समावेश गर्ने<br>➢ पूर्ण सरसफाइ सम्बन्धी कार्ययोजना तर्जुमा तथा कार्यान्यवन गर्ने<br>➢ विद्यार्थी बाल क्लव गठन तथा सक्रियता गराउने ‍ बाल-मैत्री, लैगिक-मैत्री चर्पी यूरिनल तथा खानेपानी सुविधा निर्माण, प्रयोग, सरसफाइ तथा मर्मत सम्भार गर्ने<br>➢ पानीको स्वच्छता कायम राख्ने<br>➢ वरिपरिको सरसफाइ कायम राख्ने<br>➢ स्वच्छकर बानी व्यवहार विकासका लागि विद्यार्थी र समुदायलाई अभिप्रेरणा गर्ने<br>➢ फोहोरमैलाको वर्गीकरण र समुचित व्यवस्थापन गर्ने<br>➢ विपद्को समयमा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सचेतना र सामग्री वितरणमा सहयोग गर्ने<br>➢ समुदाय तथा अध्ययनकर्ताहरुका लागि सरसफाइ सिकाइ केन्द्रका रुपमा विकास हुने<br>➢ अनुसन्धान र विकासका क्रियाकलापहरु सञ्चालन गर्ने<br>➢ सफा र स्वच्छ विद्यालय तथा कलेज प्रवर्द्धन गरी नमुनाको रुपमा प्रस्तुत हुने |

| | | |
|---|---|---|
| ४ | गाउँ टोल | ➢ पूर्ण सरसफाइ सम्बन्धी कार्ययोजना तर्जमा तथा कार्यान्यवन गर्ने<br>➢ गाउँ टोल समूहको गठन तथा सक्रियता गराउने<br>➢ प्रयोगकर्ता-मैत्री सरसफाइ सुविधाको स्तरोन्नतिर मर्मत सम्भार गर्ने<br>➢ खानेपानीको मुहान संरक्षण, पानीको शुद्धीकरण र स्वच्छता कायम राख्ने<br>➢ गाँउ टोल र वरिपरिको सरसफाइ कायम राख्ने<br>➢ सार्वजनिक शौचालयको निर्माण, व्यवस्थापन, सरसफाइ र मर्मत सम्भार गर्ने<br>➢ स्वच्छ बानी व्यवहार विकासका लागि  घरधुरी र नागरीक समुदायलाई अभिप्रेरणा गर्ने<br>➢ फोहोरमैलाको वर्गीकरण र समुचित व्यवस्थापन गर्ने<br>➢ वृक्षारोपण, हरियाली पार्क, बगैचा, चौताराको निर्माण र संरक्षण गर्ने<br>➢ सफा र स्वच्छ गाँउ टोल विकास गरी नमुनाको रुपमा प्रस्तुत हुने |
| ५ | उपभोक्ता समिति (खानेपानी तथा सरसफाइ बजार व्यवस्थापन समिति सामुदायिक वन उपभोक्ता समिति) | ➢ लक्षित समूह, सँगठन समुदायलाई सगठित, सुसुचित र सक्रिय बनाउने<br>➢ नीति नियम, आचार संहिता तर्जुमा गर्ने र गराउने<br>➢ स्थानीय स्रोत साधन परिचालन गर्ने<br>➢अवस्था विश्लेषण, तथ्याङ्क  संङ्कलन गर्न सहयोग पुऱ्याउने<br>➢विपद्को समयमा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सचेतना र सामग्री वितरणमा सहयोग पुऱ्याउने<br>➢अनुगमन र सहजीकरण गर्न सहयोग पुऱ्याउने<br>➢सरोकारवालाहरु तथा समन्वय समितिसँग समन्वय गर्ने<br>➢सुविधाहरुको मर्मत, सरसफाइ र व्यवस्थापनमा सहयोग पुऱ्याउने |
| ६ | पशुवधशाला संचालक | ➢ उचित स्थानमा वधशाला निर्माण गर्ने<br>➢ वधशालाको सरसफाइ र त्यहाँबाट निस्केको फोहोर व्यवस्थापन गर्ने<br>➢ मासुको स्वच्छता कायम राख्ने |
| ७ | सरकारी, गै.स.स. र नीजि कार्यालय लगायत सबैं | ➢ प्रयोगकर्ता-मैत्री चर्पी, यूरिनल तथा खानेपानी सुविधा निर्माण, प्रयोग तथा मर्मत सम्भार गर्ने<br>➢ पानीको स्वच्छता कायम राख्ने<br>➢ वरिपरिको सरसफाइ कायम राख्ने<br>➢ स्वच्छ बानी व्यवहार विकासका लागि  कर्मचारी र सेवाग्राहीलाई अभिप्रेरणा गर्ने<br>➢ फोहोरमैलाको वर्गीकरण र समुचित व्यवस्थापन गर्ने<br>➢ विपद्को समयमा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सचेतना र सामग्री वितरणमा सहयोग पुऱ्याउने<br>➢ सफा र स्वच्छ कार्यालय प्रवर्द्धन गरी नमुनाको रुपमा प्रस्तुत हुने |

| | | |
|---|---|---|
| ८ | महिला स्वास्थ्य स्वयंसेविका र स्वास्थ्य कार्यकर्ता | ➢प्राविधिक ज्ञान, सीप र सचेतना विस्तार गर्ने<br>➢सामुदायिक सशक्तिकरण र सक्रियतामा वृद्धि गर्ने<br>➢अभिमुखीकरण र ट्रिगरीङ्ग गर्ने<br>➢अवस्था विश्लेषण, तथ्याङ्क  संकलन गर्न सहयोग पुऱ्याउर्ने<br>➢सचेतनामूलक कायक्रम संचालनमा सहजीकरण<br>➢विपद्को समयमा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सचेतना र सामग्री वितरणमा सहयोग गर्ने<br>➢सफा र स्वच्छ आनीबानी प्रदर्शन गरी नमुनाका रुपमा प्रस्तुत हुनुपर्ने<br>➢अनुगमन र सहजीकरण गर्न सहयोग पुऱ्याउने |
| ९ | शिक्षक, विद्यालय व्यवस्थापन समिति र अभिभावक शिक्षक सङ्घ | ➢ जीवन उपयोगी ज्ञान, सीप, अभ्यास र सचेतना विस्तार गर्ने<br>➢ विद्यार्थी, विद्यालय परिवार र समुदायको सशक्तिकरण र सक्रियता वृद्धि गर्ने<br>➢ अभिमुखीकरण र तालिम सञ्चालन गर्ने<br>➢ अवस्था विश्लेषण, सचेतनामूलक कार्यक्रम सञ्चालनमा सहजीकरण गर्ने<br>➢ विपद्को समयमा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सचेतना र सामग्री वितरणमा सहयोग पुऱ्याउने<br>➢ अनुगमन र सहजीकरण गर्न सहयोग पुऱ्याउने<br>➢ सफा र स्वच्छ विद्यालय प्रवर्द्धन गरी नमुनाको रुपमा प्रस्तुत हुने |
| १० | विद्यार्थी, बाल क्लब | ➢ विद्यालय सेवा क्षेत्रभित्र  सरसफाइ क्यालेन्डर बनाइ कार्यक्रम सञ्चालन गर्ने<br>➢ सरसफाइका सुविधाहरु एवं कक्षा कोठा र वरिपरिको वातावरणीय सरसफाइ गर्ने<br>➢ तथ्याक संङ्कलन, सचेतनामूलक कार्यक्रम सञ्चालनमा सहभागी हुने<br>➢अविभावकहरुलाई सरसफाइ प्रवर्द्धन गर्न अभिप्रेरित गर्ने<br>➢अनुगमन र सहजीकरण गर्न सहयोग पुऱ्याउने<br>➢सफा र स्वच्छ विद्यालय प्रवर्द्धन गरी नमुनाको रुपमा प्रस्तुत हुने |
| ११ | स्थानीय क्लब र समूह | ➢ प्राविधिक ज्ञान, सीप र सचेतना विस्तार गर्ने<br>➢ सामुदायिक सशक्तिकरण र सक्रियता वृद्धि गर्न सहयोग पुऱ्याउने<br>➢ अभिमुखीकरण र ट्रिगरीङ्ग गर्न सहयोग पुऱ्याउने<br>➢अवस्था विश्लेषण, तथ्याङ्क सङ्कलन गर्न सहयोग पुऱ्याउने<br>➢ सचेतनामूलक कायक्रम सञ्चालनमा सहजीकरण गर्न सहयोग पुऱ्याउने<br>➢विपद्को समयमा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सचेतना र सामग्री वितरणमा सहयोग पुऱ्याउने<br>➢अनुगमन र सहजीकरण गर्न सहयोग पुऱ्याउने |
| १२ | वित्तीय संस्था तथा सहकारी | ➢ सरसफाइ सामग्री उत्पादन तथा बजारीकरणमा सहयोग र लगानी गर्ने<br>➢ सहुलियत ब्याज दरमा ऋण प्रदान गर्ने<br>➢सामग्रीहरुको बजारीकरण र वितरण गर्ने |

| | | |
|---|---|---|
| १३ | संचारकर्मी तथा नागरिक समाज | ➢सन्देशमूलक सामग्रीहरुको प्रचारप्रसार गर्ने<br>➢अध्ययन, अवलोकन र सफल कथाहरुको प्रचारप्रसार गर्ने<br>➢अनुगमन र पैरवी गर्ने |
| १४ | निजी क्षेत्रका व्यवसायी र मठ मन्दिर संचालक आदि | ➢सरसफाइ सामग्री उत्पादन तथा बजारीकरणमा सहयोग र लगानी गर्ने<br>➢फोहोरमैलाको वर्गीकरण र व्यवस्थापन गर्ने<br>➢कार्यस्थल र सेवाको सरसफाइ र स्वच्छता कायम गर्ने<br>➢सरसफाइ तथा स्वच्छता अभियानमा कर्मचारी, सँगठन र निकायहरुलाई परिचालन गर्ने |

**अनुसूची २ : अन्तर्सम्बन्धीत बिषयहरु**

| क्र.सं. | अन्तर्सम्बन्धीतविषयहरु | सम्बोधन गर्ने उपायहरु |
|---|---|---|
| १ | सामाजिक समावेशीकरण | ➢हरेक तहका समन्वय समिति तथा कार्यदलहरुमा समुदायका सबै वर्ग र समूहको प्रतिनिधित्व सहितकम्तिमा पनि ३३% महिलाको सहभागिता सुनिश्चित गर्ने ।<br>➢ लैंगिक तथा सामाजिक वर्ग, समूहका संवेदनशील तथ्याङ्क तैयारी गर्ने ।<br>➢ क्षमता अभिवृद्धिका क्रियाकलाप सञ्चालन गर्दा अनिवार्यतः लैंगिक सन्तुलन कायम गरी सहभागीहरुको चयन गर्ने ।<br>➢पूर्ण सरसफाइ जनचेतनामूलक सामग्री विकास गर्दा लैंगिक पक्ष र समावेशितामा ध्यान दिने ।<br>➢ लैगिक, अपांग, बाल, वृद्ध सम्वेदनशील सुविधाहरु प्रवर्द्धन गर्ने ।<br>➢ आयआर्जन र जीविकोपार्जनमुखी सरसफाइका क्रियाकलापहरु प्रवर्द्धन गर्ने |
| २ | पोषण (जन-स्वास्थ्यको कार्यक्रमहरुसँग बढी सम्बन्धित) | ➢ सरसफाइ र पोषणको अन्तरसम्बन्ध झल्किने गरी शैक्षिक एवं जनचेतनामूलक सामग्री विकास तथा प्रचार प्रसार गर्ने ।<br>➢ गरीबी निवारण र पोषणसँग सम्बन्धीतकार्यक्रम सञ्चालन गर्दा चर्पी निर्माण र प्रयोग एवं साबुन पानीले हात धुने क्रियाकलापको सुनिश्चितता गर्ने ।<br>➢ सुरक्षित मातृत्व र स्तनपान सम्बन्धी जनचेतनामूलक क्रियाकलापहरु सञ्चालन गर्दा चर्पी प्रयोग र साबुन पानीले हात धुने क्रियाकलापहरुलाई प्राथमिकता दिने ।<br>➢ स्वास्थ्य मन्त्रालयद्वारा सञ्चालित एकीकृत पोषण व्यवस्थापन कार्यक्रमसँग खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धिक्रयाकलाप तथा सुविधाहरु प्रवर्द्धन गर्ने । |
| ३ | मासिक धर्म स्वच्छता (महिनावारी स्वच्छता, जनस्वास्थ्य र शिक्षासँग प्रत्यक्ष सम्बन्धित) | ➢ विद्यालय, सार्वजनिक भवन र सरकारी तथा गै.स.स. कार्यालयहरुमा अनिवार्यतः चर्पीको साथमा महिनावारीसँग सम्बन्धीत पक्षहरु (जस्तै स्यानीटरी प्याड लगायत सफाइ सम्बन्धी अन्य सामग्रीहरु सफा गर्ने, फेर्ने, फाल्न र जलाउन मिल्ने सुविधाहरु) समेतको व्यवस्था गर्ने । |

| | | |
|---|---|---|
| | | ➢ सरसफाइ सम्बन्धिवद्यालय र समुदाय स्तरीय क्रियाकलापहरु सञ्चालन गर्दा महिनावारी स्वच्छताका विषयहरु समावेश गर्ने ।<br>➢ महिनावारी स्वच्छता व्यवस्थापनका लागि जनचेतनामूलक सामग्री, स्यानीटरी प्याडको निर्माण, विकास तथा प्रचारप्रसार गर्ने । |
| ४ | जलवायु परिवर्तन (वातावरण, विज्ञान र प्रविधि, अनुसन्धान, जलश्रोत, जनस्वास्थ्य आदिसँग बढी सम्बन्धित) | ➢ जलवायु परिवर्तन सम्बन्धी क्षेत्रगत कार्य समूह स्थापना गर्ने ।<br>➢ जलवायु परिवर्तनले खानेपानी तथा सरसफाइ क्षेत्रमा परेको असरहरुको वैज्ञानिक तथ्यहरु व्यवस्थित गर्न त्यसका आधारमा सुधारका योजनाहरु तर्जुमा गर्ने ।<br>➢ विद्यालय तथा विश्व विद्यालय तहका पाठ्यपुस्तकहरुमा जलवायु परिवर्तन सम्बन्धि विषयहरु समावेश गर्ने ।<br>➢ वर्षात्को पानी सङ्कलन तथा स्थानीय स्तरमा उपयुक्त हुने अन्य प्रविधिको विस्तार गरी जलवायु परिवर्तनको जोखिम न्यूनीकरण गर्ने ।<br>➢ जलवायु परिवर्तनका कारक तत्व मानिएका घरायसी र सामुदायिक तहमा प्रयोग भइ रहेका सामग्रीहरुको न्यून रुपमा प्रयोग गर्न जनचेतनामूलक क्रियाकलाप सञ्चालन गर्ने ।<br>➢ जलवायु परिवर्तनको सवाललाई खानेपानी संस्थाको क्षेत्रको नीतिभित्र समावेश गर्न दीर्घकालीन र दिगो व्यवस्थापनको कार्यक्रम सञ्चालन गर्ने ।<br>➢ अनुगमनका क्षेत्रगत सूचकहरु तयार गर्दा जलवायु परिवर्तनका सवाल/मुद्दाहरु समावेश गर्ने ।<br>➢ जलवायु परिवर्तनको असर न्यूनीकरणसँग सान्दर्भिक पद्धति, प्रविधि, मौलिक ज्ञान तथा सीप, क्षमता अभिवृद्धि, सूचना प्रणाली, वैकल्पिक उपायहरु आदि सम्बन्धिवषयहरुमा अनुसन्धान र विकास गर्ने । |
| ५ | आपत्कालिन पूर्व तैयारी (गृह मन्त्रालय, सहरी विकास मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, खानेपानी तथा सरसफाइ मन्त्रालय आवाससँग सम्बन्धित) | ➢ आपत्कालीन अवस्थामा जोखिम आँकलन र खानेपानी, सरसफाइ, तथा स्वच्छता क्षेत्रले विपद् व्यवस्थापनमा वहन गर्नुपर्ने जिम्मेवारी निर्वाह गर्ने विभिन्न तहका समन्वय समितिहरुको क्षमता र सीप अभिवृद्धि गर्ने<br>➢ विभिन्न क्लस्टरहरुसँग वास क्लस्टरको समन्वय गर्ने ।<br>➢ विपद् सम्बन्धी योजना सहित सेवा सुविधाको मानक तथा नर्म्स र सहयोगका प्याकेज समेटी रणनीतिक कार्य योजना तयार गर्ने<br>➢ जोखिमको नक्साङ्कन गर्ने<br>➢ आपत्कालिन सरसफाइ कोष स्थापना गर्ने ।<br>➢ क्लोरिन र औषधिको भण्डारण मजबुत राख्ने ।<br>➢ चर्पी निर्माण गर्ने सामग्रीको यथेष्ठ भण्डारण गर्ने ।<br>➢ पानीको गुणस्तर जाँच्ने विधि-औजार/उपकरणको व्यवस्था गर्ने ।<br>➢ विपद्को अवस्थामा खानेपानी सरसफाइ तथा स्वच्छताका निमित्त तालिम प्राप्त सहजकर्ता/स्वयंसेवकहरु परिचालन गर्ने । |

| | | |
|---|---|---|
| | | ➢ मानवीय सहयोगको लागि क्षमता अभिवृद्धि गर्ने र भविष्यमा हुन सक्ने विपद्को लागि तालिम प्राप्त मानव संसाधन तैयारी अवस्थामामा राख्ने ।<br>➢ आपत्कालिन अवस्थाको लागि शीघ्र रेस्पोन्स पद्धतिको विकास र अवलम्बन गर्ने ।<br>➢ हरेक जिल्लामा जगेडा कोष व्यवस्थापन गर्ने ।<br>➢ स्वयंसेवकको व्यापक परिचालन गर्ने ।<br>➢ सूचना व्यवस्थापन सुदृढ गर्ने ।<br>➢ विपद्को बेला साबुन पानीले हात धुने, सफा पानी, सुविधाको उचित मर्मत सम्भार र ठोस र तरल फोहोरमैला व्यवस्थापनमा ध्यान दिने ।<br>➢ हरेक तहका समन्वय समितिहरुलाई बजेट व्यवस्थापन, समन्वय, मानव संसाधन परिचालन, कोष व्यवस्थापन, सूचना व्यवस्थापन र अनुगमनका कार्यमा जिम्मेवार बनाउने । |

**अनुसूची ३ : संस्थागत संरचना**

जिल्लामा सञ्चालन गरिने पूर्ण सरसफाइ अभियानलाई व्यवस्थित गर्नका लागि नेपालको सरसफाई गुरु योजना २०६८ ले व्यवस्था गरे बमोजिम यस प्रकारको संगठनात्मक व्यवस्था गरिएको छ ।



## अनुसूची ४ : नगरपालिका स्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समितिको कार्यहरु

- नगरपालिकाको खानेपानी तथा सरसफाइ सम्बन्धि विवरण तयार पार्ने र अद्यावधिक गर्ने ।
- विद्यमान व्यवधानहरुलाई न्यूनीकरण गर्न सरसफाइ सम्बन्धी चुनौतीहरु र सो सम्बन्धी अपनाइएका रणनीतिहरुको विश्लेषण गर्ने ।
- सरसफाइ प्रवर्धन सम्बन्धी क्रियाकलापहरु तथा सो को लागि आवश्यक बजेट सहितको अल्पकालिन र दीर्घकालिन योजना बनाइ नगरपालिका स्तरीय संयुक्त कार्ययोजना तयार पार्ने र कार्यान्वयन गर्ने ।
- नियमित अनुगमन गर्न अनुगमन टोली गठन गर्ने र समुदाय तथा विद्यालयहरुलाई प्राविधिक सरसल्लाह तथा सहयोग उपलब्ध गराउने ।
- निर्वाधरुपमा कार्यक्रमहरुको सरल कार्यान्वयनको निमित्त समीक्षा बैठक लगायत अनुगमन क्रियाकलापहरु संचालन र आयोजना गर्ने ।
- पूर्ण सरसफाइ सम्बन्धी रणनीतिक योजना/कार्ययोजना तथा बजेटलाई नगर परिषद्बाट पारित गर्ने ।
- आवश्यक सूचना र निर्णयको परस्पर आदान प्रदानको लागि जिल्ला खानेपानी तथा सरसफाइ समन्वय समितिसँग समन्वय गर्ने ।
- कार्यक्रमको प्रभावकारीताको लागि स्रोत सर्भेक्षण तथा सरोकारवालाहरुको विश्लेषण गर्ने ।
- क्षेत्रगत क्रियाकलापहरुको योजना, कार्यक्रम र कार्यसम्पादनको मूल्याङ्कन गर्नका लागि हरेक तीन महिनामा बैठक आयोजना गर्ने ।
- उपयुक्तता तथा आवश्यकता अनुसार नौला एवं सिर्जनशील क्रियाकलापहरु सञ्चालन गर्ने ।

## अनुसूची ५ : अनुगमनका सूचकहरु र प्रमाणीकरण गर्ने आधारहरु

| सूचकहरु | प्रमाणीकरणका आधार तथा औजार |
|---|---|
| **सफा र स्वच्छ क्षेत्र** | |
| **योजना तर्जुमा र व्यवस्थापन** | |
| ➢ समन्वय समिति सक्रिय रहेको,<br>➢ WASH Plan तर्जुमा भएको,<br>➢ क्षमता विकासको लागि तालिमहरु सञ्चालन गरिएको, | ➢ समन्वय समितिको बैठक नियमित बस्छ/बस्दैन सोध्ने<br>➢ बैठकको माइन्यूट अध्ययन गर्ने<br>➢ WASHPlan तर्जुमा भए नभएको सोध्ने र एकिन गरी अवलोकन गर्ने<br>➢ तलिमहरु सञ्चालन भए नभएको सोध्ने र तालिम प्रतिवेदन हेर्ने |
| **समुचित तरिकाले चर्पीको प्रयोग** | |
| ➢ प्रत्येक घरधुरी, संघसंस्था र आवश्यकता अनुसार सार्वजनिक स्थानहरुमा चर्पी निर्माण भइ प्रयोग भएको, | ➢ घर, संघसंस्था निकाय र आवश्यकता अनुसार सार्वजनिक शौचालयबने नबनेको स्याम्पलिङ्गका आधारमा अवलोकन तथा सोधपुछ गर्ने |

| | |
|---|---|
| ➢ साबुन पानी सहितको सुरक्षित, सफा चर्पी भएको,<br>➢ खुला ठाँउमा दिसा नभेटिएको,<br>➢ संघसंस्थाका र सार्वजनिक शौचालय प्रयोगकर्ता मैत्री भएको, | ➢ चर्पी सावुन पानी सहित सफा छ/छैन अवलोकन गर्ने<br>➢ सङ्घसस्था एवं सार्वजनिक शौचालय प्रयोगकर्ता मैत्री छन्/छैनन् अवलोकन गर्ने |
| **व्यक्तिगत सरसफाइ** | |
| ➢ प्रत्येक घरले उपयुक्त स्थानमा साबुन पानीसहितको हात धुने स्थान बनाएको,<br>➢ घर, विद्यालय संघसस्था र सार्वजनिक शौचालयहरुमा साबुन पानीले हात धुने सुविधा (स्थान र सावुन पानी) भएका,<br>➢ घर, विद्यालय, स्वास्थ्य सस्था, कार्यालयहरुमासावुन पानीले हात धुने, महिलाको मासिक धर्म व्यवस्थापन लगायतका व्यक्तिगत सरसफाइ सम्बन्धी ज्ञान र अभ्यास भएको,<br>➢ व्यक्तिगत सरसफाइमा ध्यान पुराएको (समुदायका सदस्य, विद्यालयका विद्यार्थी/शिक्षक/कर्मचारी, होटेल र रेष्टुराका कर्मचारी/व्यवस्थापक समेत) | ➢ घर, व्यक्ति, संघसंस्थाका व्यक्तिहरुको स्वच्छता अवलोकन गर्ने तथा ज्ञान सम्बन्धी सोधपुछ गर्ने<br>➢ साबुन पानीसहितको हातधुने स्थान छ/छैन अवलोकन गर्ने |
| **सुरक्षित पानीमा पहुँच तथा प्रयोग** | |
| ➢ आधारभूत स्तरको खानेपानीमा सबैको पहुँच भएको,<br>➢ खानेपानी प्रणालीबाट सुरक्षित खानेपानी उपलब्ध नभएको अवस्थामा घर, विद्यालय, संघ-संस्थामा पानी शुद्धीकरणका कुनै एक विधिको प्रयोग गरेर मात्र पानी पिउने गरेको,<br>➢ घरायसी पानी शुद्धीकरणका आवश्यक सामग्रीहरु स्थानीय बजारमा उपलब्ध भएको, | ➢ खानेपानीको पहुँच पुगेको छ/छैन सोधपुछ गर्ने तथा अवलोकन गर्ने<br>➢ घर, संघसंस्था, विद्यालयमा घरायसी खानेपानी शुद्धीकरणका विधिहरु : उमालेर, क्लोरिन राखेर, फिल्टर गरेर, तथा सोडिस विधिहरु मध्ये कुनै एक विधि अवलम्बन गरी खानेपानीको प्रयोग गरिएको छ, छैन, अवलोकन गर्ने, अभ्यासका सम्बन्धमा सोधपुछ गर्ने,<br>➢ खानेपानी राख्ने, भाँडा सफा छ/छैन, पानी छोपेर राखेको छ छैन अवलोकन गर्ने |
| **खाना प्रयोग सम्बन्धी व्यवहार** | |
| ➢ घरको भान्सा, होटेल, क्यान्टिन तथा रेस्टुरा सफा रहेको र बासी तथा सडेगलेको खाना नखाने/नबेच्ने गरेको | ➢ खाना पकाउने, खाने भाँडा सफा छ/छैन अवलोकन गर्ने, सोध्ने |

| | |
|---|---|
| ➢ खाना पकाउने र खाने भाँडा सफा हुनुका साथै खानेकुरा र पिउने पानी छोपेर राखेको,<br>➢ फलफूल तथा खानेकुराहरु राम्रोसँग सफा गरेर एवं पकाएर, तताएर खाने, खुवाउने गरेको,<br>➢ सुरक्षित खानाको अनुगमनका लागि कार्यदल गठन गरी कम्तिमा चौमासिक रुपमा अनुगमन हुने गरेको, | ➢ खाना सफा छ/छैन क्यान्टिन, होस्टेलका विद्यार्थी र होटल र रेस्टुराका ग्राहकलाई एवं परिवारका सदस्यलाई सोध्ने<br>➢ होटेल, क्यान्टिन, रेस्टुरा लगायतको खानाको शुद्धता अवलोकन गर्ने टिम सक्रिय छ/छैन सोध्ने, अनुगमन प्रतिवेदन अवलोकन गर्ने |
| **घर, विद्यालय संघसस्था, सरसफाइ** | |
| ➢ घर, विद्यालय, संघसंस्था भित्र तथा बाहिर सफा रहेको,<br>➢ विद्यालय, संघसस्था र सार्वजनिक शौचालयहरुमा महिनावारीमा प्रयोग गरिएको स्यानिटरी प्याड वा अन्य साधनहरुको  सफाइ एवं विसर्जन गर्ने वैज्ञानिक व्यवस्था भएको,<br>➢ घर आँगन एवं विद्यालय, संघ-संस्थाबाट निस्कने फोहोरलाई वर्गीकरण गरी कुहिने र नकुहिने फोहोरको समुचित व्यवस्थापन गरेको । घर एवं विद्यालय, संघसंस्थाबाट निस्कने फोहोरपानीको सुरक्षित निष्कासन भएको,<br>➢ अस्पताल, उद्योग, कलकारखानाबाट निस्केको फोहोरको सुरक्षित संकलन, निष्कासन तथा विसर्जन सोही संस्थाले गर्ने गरेको,<br>➢ उपयुक्त तरिकाले पशुपंक्षीको गोठ तथा खोर र मलमूत्र व्यवस्थापन गर्ने गरेको,<br>➢ भान्सा कोठामा हावा ओहोरदोहोर हुने उचित व्यवस्था तथाधुँवा रहित चुल्होको प्रयोग भएको, | ➢ घर, विद्यालय एवं संघसस्थाको भित्र बाहिर सरसफाइ अवलोकन गर्ने<br>➢ फोहोरको वर्गीकरण एवं पुन प्रयोग गरेको छ/छैन अवलोकन गर्ने<br>➢ घरायसी तहमा भाडा माझ्ने जुठ्यान, भाँडा सुकाउने चाङ्ग, कपडा सुकाउने डोरी छ/छैन अवलोकन गर्ने ।<br>➢ घर एवं विद्यालय, संघसंस्थाबाट निस्कने फोहोरपानीको निष्कासन स्थल अवलोकन गर्ने<br>➢ अस्पताल, उद्योग, कलकारखानाको अवलोकन गर्ने<br>➢ भान्सा कोठा सफा छ/छैन, धुँवा रहित चुल्हो प्रयोगमा छ/छैन सोध्ने  र अवलोकन गर्ने<br>➢ गाई वस्तुको गोठ, खोर, व्यवस्थान अवलोकन गर्ने |

| वातावरणीय सरसफाइ | |
|---|---|
| ➢ गाउँ, टोल, नगर एवं सडक, चौतारा आदि सार्वजनिक स्थानहरुमा सफाइको लागि सरसफाइ समिति गठन भएको,<br>➢ घरायसी एवं संस्थागत तहमा ठोस तथा तरल फोहोर मानव मलमूत्रको व्यवस्थापनको हकमा व्यवस्थित सेप्टिक ट्याङ्कीमा जोडिएको पक्की वाटरसील चर्पी लगायत अन्य उपयुक्त प्रविधिको प्रयोग भएको<br>➢ नगर र नगरोन्मुख क्षेत्रमा ठोस फाहोर मैलाको व्यवस्थानको लागि स्यानिटरी ल्याण्डफिल्ड साइटको पहिचान गरी निर्माणको योजना तर्जुमा भएको,<br>➢ व्यवस्थित ढल प्रणालीको योजना तर्जुमा भएको,<br>➢ नगर र नगरोन्मुख क्षेत्रमा वधशालाहरुको निर्माण, वधशालाको सरसफाइ र त्यसबाट निस्कने फोहोरको व्यवस्थापनमा जोड | ➢ ठोस तथा तरल फोहोर व्यवस्थापनको आवश्यकता अनुसार स्थानीय प्रविधि संचालनमा छ छैन अवलोकन गर्ने<br>➢ नगर र नगरोन्मुख क्षेत्रमा ठोस फाहोरमैलाको व्यवस्थानको लागि योजना तर्जुमा भएको छ छैन सोध्ने र अवलोकन गर्ने ।<br>➢ ढल प्रणालीको योजना अवलोकन गर्ने<br>➢ वधशाला सफा र स्वच्छ रहेको ।<br>➢ खानेपानी,सरसफाइ र स्वच्छताका सुविधाहरुमा सवैको पहुँच पुगेको छ छैन राम्ररी सञ्चालनमा रहेका छन्/छैन् अवलोकन गर्ने, सोध्ने<br>➢ प्रशोधन सहितको व्यवस्थित ढल निर्माण भएको छ/छैन, सञ्चालनमा छ/छैन अवलोकन गर्ने<br>➢ स्यानिटरी ल्याण्ड फिल्ड साइटको व्यवस्थित सञ्चालनमा भएको छ/छैन अवलोकन गर्ने<br>➢ नदीनाला, पोखरी, ताल तलैयाको पानीको प्राकृतिक गुणस्तर कायम रहेको छ/छैन अवलोकन तथा परीक्षण गर्ने<br>➢ बस्ती, टोल वरपर यथोचित हरियाली र पार्क निर्माण भएको छ/छैन अवलोकन गर्ने ।<br>➢ ठोस तथा तरल फोहोरको प्रशोधन पश्चात पुनः प्रयोग भएको छ/छैन सोध्ने र सोको प्रयोगको अवलोकन गर्ने |
| **पूर्ण सरसफाइ उन्मुख क्षेत्र** | |
| **सूचकहरु** | **प्रमाणीकरणका आधार तथा औजार** |
| ➢ प्रयोगकर्ता-मैत्री गुणस्तरीय चर्पी निर्माण भएको,<br>➢ नेपाल गुणस्तर मापदण्ड अनुसारको पिउने पानीमा सबैको पहुँच भएको,<br>➢ ग्रामीण तथा छरिएका बस्तीमा मानव मलमूत्रको व्यवस्थापनको हकमा व्यवस्थित सेप्टिक ट्यांकीमा जोडिएको पक्की वाटरसील चर्पी लगायत अन्य उपयुक्त प्रविधिको प्रयोग भएको | ➢ खानेपानी,सरसफाइ र स्वच्छताका सुविधाहरुमा सवैको पहुँच पुगेको छ/छैनराम्ररी सञ्चालनमा रहेका छन्/छैन् अवलोकन गर्ने, सोध्ने<br>➢ प्रशोधन सहितको व्यवस्थित ढल निर्माण भएको छ/छैन, सञ्चालनमा छ/छैन अवलोकन गर्ने<br>➢ स्यानिटरी ल्याण्डफिल्ड साइटको व्यवस्थित सञ्चालनमा भएको छ/छैन अवलोकन गर्ने |

| | |
|---|---|
